# प्रथम परिच्छेद
## शोधपत्रको परिचय

### १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक **साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तावित शोधप्रस्ताव त्रिभुवन विश्व विद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभागको स्नातकोत्तर तहको दोश्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपालको मेची अञ्चल पाँचथर जिल्ला नाङ्गिन गा.वि.स. वडा नं. २ अथवा हाल फिदिम न.पा. १२ मा जन्मेका गुरुङ रामप्रकाश समथिङ नेपाली साहित्यको, कथा, कविता, उपन्यास संस्मरण निबन्ध खोज अनुसन्धानमूलक कृतिहरू लेखी प्रकाशित गर्ने बहुमुखी प्रतिभा हुन् । मोफसलमा रहेर आफुलाई साहित्यकार एवम् खोज अनुसन्धानकर्ता र सामाजिक अभियन्ताको रूपमा स्थापित गरी सकेका समथिङले २०७४ वैशाखमा आफ्नो जन्मदिन पारेर २२ ओटा उपन्यासहरू प्रकाशित गरी जम्मा ४६ कृति प्रकाशित गरी सकेका छन् र ती २२ उपन्यासलाई छन् । नेपाली उपन्यासलाई विश्व साहित्यको सामु खडा गर्न खोज्ने एउटा जुझारु प्रतिभाको रूपमा रहेका छन् । समथिङको कथाको कृतिपरक अध्ययन तथा जीवनी व्यक्तित्व र कृतित्वको समेत अध्ययन गरी शोधकार्य भई सकेतापनि उनका उपन्यासहरूमा अध्ययन भएको पाइदैन । त्यसैले उनका २२ उपन्यास मध्ये ३ सामाजिक उपन्यासहरू जित्या, वेसहारा, साहसी आमाको तत्त्वगत पक्षको अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्न लिखित समस्याहरूसँग सम्बद्ध छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) रामप्रकाश समथिङको औपन्यासिक यात्रा के कस्तो छ ?

(ख) तत्त्वगत आधारमा उनका तीन उपन्यासहरू के-कस्ता छन् ?

(ग) प्रवृति तथा विषयवस्तुका आधारमा रामप्रकाश समथिङका उल्लेखित ३ उपन्यास के कस्ता रहेका छन् ?

## १.४ शोधको उद्देश्य

मुख्य त शोधकार्यको क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्याको व्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू राखिएका छन् ।

(क) गुरुङ रामप्रकाश समथिङको औपन्यासिक यात्राको अध्ययन गर्नु ।

(ख) तत्त्वगत आधारमा रामप्रकाश समथिङका तीन उपन्यासको विश्लेषण गर्नु ।

(ग) प्रवृतिका तथा विषयवस्तुका आधारमा आधारमा रामप्रकाश समथिङ र उनलाई सामाजिक उपन्यासकारका रूपमा मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

१० वर्षदेखि मात्र आफ्नो औपचारिक शिक्षा प्रारम्भ गरी स्नातक तहसम्मको अध्ययन गरेका समथिङले नेपाली साहित्यमा उच्च स्तरका साहित्यिक कृतिहरू प्रकाशित गरेका छन् । उनका उपन्यासका बारेमा छुट्टाछुट्टै रूपमा विस्तृत र व्यवस्थित अनुसन्धान भने भएको पाइदैन । उनका उपन्यासहरूको तत्त्वगत आधारमा विस्तृत विश्लेषण मूल्याङ्कन पनि भएको देखिदैन । यसै क्रममा समथिङका कृतिका बारेमा भएका चिनारी, भुमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरूको चर्चा यहाँ गरिएको छ ।

१. रेणुकृष्ण अधिकारीले गुरुङ रामप्रकाश समथिङको जीवनी व्यक्तित्त्वको नेपाली विभाग धरानको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६८)मा समथिङ नेपाली विषयका साहित्यिक र खोज अनुसन्धानमूलक कृतिहरूको संक्षिप्त परिचय दिइएका छन् । तर उनले उपन्यासकारको र तत्त्वको बारेमा केही भनेका छैनन् ।

२. पूर्वेली भण्डारी एकराज विस्पोटन चौमासिक साहित्यिक पत्रिका (१ वर्ष ०३ अंक ०६ २०६६/२०६७)मा समथिङको मेरो मात्रे भनेको त... उनको पनि बुढि त उस्तै पो रहिछे भन्ने कविताको विश्लेषण गरेका छन् । यसमा उनको समथिङ सामाजिक विषयवस्तुलाई

लिएर कथा लेख्ने कार्य अगाडि बढाइ रहेका छन् भनिएको छ । उपन्यासको बारेमा केही बोलिएको छैन ।

३. भवानी तावा विष्पोटन चौमासिक साहित्यिक पत्रिका (वर्ष ३ अंक ०६, २०६६/२०६७)मा साहित्यको जड्या लोग्ने र दिनचर्यामा उनी एक कुशल साहित्यकार हुन् र कथा लेखनमा समेत सकृय रहेका छन् भनिएको छ । उपन्यासको बारेमा कुनै चर्चा गरिएको छैन ।

४. डुल्लुराम बस्नेत पाँचथर शिक्षा दर्पण (२०६६)मा पाँचथर जिल्लामा रहेको आफ्नो सामू विभिन्न साहित्यिक लेख रचना मार्फत चिनाउन सफल रहेका छन् । उनका कथा कविता खोजमूलक कृतिहरूले समाजलाई सभ्य सचेत बनाउन प्रयासरत रहेका छन् । अन्य कुराको बारेमा बोलेका छैनन् ।

५. गौरी तमु तमु संसार त्रैमासिक पत्रिका (वर्ष १६ अंक ६१, २०७३/०७४)मा मोफसलमा चम्किरहेका गुरुङ रामप्रकाश समथिङ एकै पटक २२ उपन्यास विमोचन गराई गिनिजबुकमा रेकर्ड राख्न प्रयासरत रहेका छन् भनिएको छ । तर उपन्यासको विषयवस्तुको वारेमा उल्लेख गरिएको छैन ।

६. गौरी तमु (पोखरा)ले वर्ष ०९ अंक २१ मङ्गलबार १८ माघ २०७३० यु.के.बाट प्रकाशित एभ्रेष्ट टाइम्समा कृति लेखेर विश्व कृतिमान राख्ने अभियानमा समथिङ भनिएतापनि उनले कस्ता खाले कुन क्षेत्रमा रहेर उपन्यास लेखे त भन्ने कुरा उल्लेख भएको छैन ।

७. जङ्ग तामाङले सोमबार ०९ गते फाल्गुन २०७३ थाहा खवर पत्रिकामा ४६ वर्षमा ४६ किताब प्रकाशन गिनिजबुकमा नाम लेखाउने लक्ष्य भनेका छन् । कस्ता कृति भनेर उल्लेख गरिएको छैन ।

यसरी विभिन्न विद्वान तथा पत्रपत्रिकामा उनका समालोचकहरूले  परिचयात्मक रूपमा सामान्य जानकारी गराएतापनि उनका उपन्यासहरूको तत्त्वगत पक्षको विस्तृत विश्लेषण मूल्याङ्कन नभएको र समान्य विषय उठान गरेतापनि कसैले यस्ता उपन्यास छन् भनेर उल्लेख गरेको देखिदैन । त्यसैले यस शोधकार्यमा समथिङका समग्र २२ उपन्यास मध्ये तीन सामाजिक  उपन्यासहरू साहसी आमा, , वेसहारा, जित्याको तत्त्वगत पक्षको अध्ययन मूल्याङ्कन गरिनेछ ।

## १.६ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

समथिङका औपन्यासिक कृतिहरूका विषयमा सामान्य जानकारी गराए तापनि के-कस्ता उपन्यास रहेका छन् यिनीहरूले कस्तो विषयवस्तु बोकेको छ र के सन्दर्भ दिन खोजेको छ समाजको कस्तो चित्रण छ भन्ने विषयमा कसैले पनि अध्ययन नगरेकाले यसको शोधकार्य गर्नु औचित्यपूर्ण छ । यी उपन्यासमा अध्ययन विश्लेषण गरिसके पछि आउने पिढीलाई उनको र उपन्यासको बारेमा वस्तुगत एवम् प्रमाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका प्रतिनिधि उपन्यासको औपन्यासिक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति संघसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यवहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहने छ । उनका उपन्यासमा कस्तो विषयवस्तु प्रस्तुत भएको छ, उनी कस्ता उपन्यासकार हुन् साथै सामाजिक पक्षको चित्रण कुन रूपमा प्रस्तुत भएको छ भन्ने कुरा समेत जानकारी हुने छ । उनका उपन्यास तत्त्वगत आधारमा के कस्ता छन् भन्ने कुरा पनि प्रष्ट हुने छ ।यसरी नै नेपाली साहित्यको उपन्यास लेखनको इतिहास मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले समथिङलाई उपन्यासकारका रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने छ । साथै भावी दिनमा यस शोधपत्रले प्रतिनिधि उपन्यासको चिनारी गराउन पनि सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत सोधकार्य औचित्यपूर्ण महत्त्वपूर्ण र उपयोगी हुनेछ ।

## १.७ प्राककल्पना

नेपाली साहित्यको उपन्यास विधालाई एकै पटक २२ उपन्यास बराबरी पृष्ठमा साथै एकै दिन विमोचन गराउन सफल र विश्व रेकर्ड कायम गर्न गिनिज बुकमा नाम रेकर्ड गराउन प्रयासरत रहेका समथिङ उपन्यास विधामा नयाँ विरुवाको विजारोपण गरी साहित्यलाई हराभरा बनाउने समथिङका रचना सार्थक सफल र प्रभावकारी देखिन्छन् । उनका उपन्यासले नेपाली समाजमा घटेका घटना, सामाजिक, राजनैतिक, शैक्षिक, साहित्यिक प्रशासनिक क्षेत्रमा देखिएका विसङ्गति, थिचोमिचोलाई जस्ताको तस्तै प्रस्तुत गरेको पाइन्छ । सामाजिक यथार्थवाद, नारीवाद, मानवतावाद, विसङ्गतिवाद जस्ता औपन्यासिक विशेषतालाई आत्मसात गरी उपन्यास लेख्ने उपन्यासकारका रूपमा रहेका छन् ।

गुरुङ रामप्रकाश समथिङका २२ उपन्यास मध्ये तीन उपन्यास साहसी आमा, वेसहारा, जित्या उपन्यासमा सामाजिक विषयवस्तु पाइन्छ । यस आधारमा समथिङ सामाजिक उपन्यासकारका रूपमा चिनाइएको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

रामप्रकाश समथिङको तीन उपन्यासहरू साहसी आमा २०७४, वेसहारा २०७४, जित्या २०७४ मा प्रकाशित सामाजिक उपन्यासहरूको कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ ।

## १.९ सामग्री संकलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री संकलनका लागि आवश्यकता अनुसार प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । । ती निम्न छन् :

- लेखकसंग अर्न्तवार्ता समकालिन साथीसंग छलफल
- पुस्तकालय विधि
- सम्बन्धित विज्ञसँग छलफल परामर्स
- परिचयात्मक, वर्णनात्मक पद्धति
- सर्जकका आफन्त प्राध्यापसँग छलफल
- प्रकाशित अप्रकाशित शोधग्रन्थ, पत्रपत्रिका

## १.१० शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्न सामाग्री सङ्कलनका लागि मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसका साथै शोधनायकको परिवारजन, शोधनिर्देशक, समालोचकहरूका विचार, पाठ्यपुस्तक, पत्रपत्रिका र विभिन्न लेखकहरूलाई पनि शोध अध्ययनका क्रममा समेटिएको छ । शोध विधिका रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अपनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सु-गठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । साथै पत्रको अन्तिम संरचना पनि निम्न लिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोश्रो परिच्छेद : रामप्रकाश समथिङको संक्षिप्त औपन्यासिक परिचय

तेस्रो परिच्छेद : उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन

चौथो परिच्छेद : साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन

पाँचौ परिच्छेद : उपसंहार एवम् निष्कर्ष

परिशिष्ट : क, ख, ग

सर्न्दभग्रन्थसूची

## १.१२ सारंश

यस परिच्छेदमा शोधपत्रको शीर्षक, प्रयोजन,समस्या कथन, शोधकार्यको उदेश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता, प्राककल्पना, शोधकार्यको सिमाङ्कन, सामाग्री संकलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् । विशेष गरी यस परिच्छेदमा रामप्रकाश समथिङका **साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन** गरी विश्लेषण गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । उनी कस्ता उपन्यासकार हुन ? मुख्य समस्या के हो ? पहिचान गर्नको लागि प्रस्तावित कुरा उल्लेख गरी उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा देखाउने कोशिस गरिएको छ । एकातर्फ उनी सामाजिक व्यक्तित्व हुन भने अर्कोतर्फ उनी सामाजिक उपन्यासकार पनि हुन् । उनका उपन्यास सामाजिक घटना र परिवेशमा संरचित रहेका छन् । विभिन्न क्षेत्रमा कलम चलाएतापनि उनी उपन्यास क्षेत्रमा सकृय रहेको पाइन्छ । उपन्यासको पनि सामाजिक उपन्यासहरू दिन सफल रहेका उपन्यासकार हुन् । वर्गीय पात्र वर्गीय समाजको चित्रण गर्दै विभिन्न समाजका वर्गीय द्वन्द्वले निमत्याएको दर्दानाक स्थितिको चित्रण उनका उपन्यासमा पाइन्छ । २२ ओटा उपन्यास एक साथ प्रकाशन गरी आफ्नो कृतित्व क्षमता प्रस्तुत गर्दै समथिङले सामाजिक समस्याको चिरफार गर्ने कोशिस गरेका छन् । यसरी यी उपन्यास के कस्ता प्रवृति विषयवस्तु प्रस्तुत भएका छन् भनेर उनका तीन उपन्यासहरू साहसी आमा, वेसहारा र जित्याको तत्त्वगत आधारमा अध्ययन विश्लेषण गर्नु पर्ने मुख्य सारंशको रूपमा यहाँ प्रस्तुत भएको छ ।

यस प्रकार समथिङ एक सामाजिक उपन्यासकार हुन् । उनी आफू पनि गाउँले निम्न परिवारमा हुर्किएका र साहित्यिक कृति पनि निम्न सामाजिक परिवेश कै यथार्थ रूप प्रस्तुत भएको पाइन्छ । विभिन्न विधिको प्रयोग गर्दै सिङ्गो शोधप्रतिवेदनको रूपरेखा कहाँ के प्रस्तुत हुन्छ भन्ने कुरा स्पष्ट गरिएकोले शोध प्रतिवेदनको महत्त्वपूर्ण परिच्छेदको रूपमा यो परिच्छेद रहेको छ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

*

# दोस्रो परिच्छेद

## साहित्यकार रामप्रकाश समथिङको संक्षिप्त औपन्यासिक परिचय

### २.१ रामप्रकाश समथिङको संक्षिप्त जीवनी

साहित्यकार रामप्रकाश समथिङको जन्म २०२८ वैशाख २९ गते आइतवारका दिन पाँचथर जिल्लाको नाङ्गिन गा.वि.स. वडा न. २ जरिङ्गे फूलबारी हाल  फिदिम न.पा. १२ मा स्व.आमा जसमाया गुरुङ र बुवा असल ब. गुरुङका तेस्रो सन्तानको रूपमा जन्मिएका हुन् । अतिनै निम्न आर्थिक अवस्था भएको अथवा निम्न वर्गीय परिवारमा जन्मेका समथिङको ८ वर्षको उमेरमा मात्र बोली फुटेको र उनका जम्मा दाजुभाई र दिदिवहिनी १७ जन्मिएको भएतापनि अहिले १० जना जिवित रहेका छन् । गरीब परिवारमा जन्मेका कारण समथिङले सानो छदा धेरै दुःख कष्ट,अभाव र पीडा भोग्नु पऱ्यो ।२०३६ सालबाट करिब १० वर्षको उमेरदेखि मात्र उनले घर नजिकैको पुल भञ्ज्याङ प्राथमिक विद्यालय (हाल नाङ्गनि मा.वि.) कक्षा १ मा जान थालेका हुन् । समथिङले १ देखि कक्षा ३ सम्म सोही विद्यालयमा अध्ययन गरे । त्यस समयमा प्रा.वि. तहमा पनि केही शुल्क तिर्नु पर्थ्यो । अतिनै निम्न परिवार भएका कारण सो रकम बुझाउन समेत उनको माता पितालाई कठिन परिरहेको थियो । त्यसपछि उनी कक्षा ४ पढ्नका लागि श्री सिद्धदेवी मा.वि. नांगिन पिपलबोटेमा नाम लेखाइ पढाइलाई अगाडि बढाउन लागेका थिए । तर त्यही केही शुल्क तिर्नु पर्ने र आफूसँग पैसा नभएका कारण अर्धवार्षिक परीक्षाको शुल्क बुझाउन नसकेर परीक्षा दिनबाट बञ्चित भएर रुदै रुदै घर फिरेको तितो अनुभव आज पनि आलै समथिङ भएको बताउछन् । समथिङले अध्ययनलाई पूर्णविराम दिने सोचमा थिएनन् । केही समय पछि उनले बाबुआमासँग सल्लाह गरी केवल आफूलाई विद्यालय जाने समय दिनु अरू बन्दोबस्त आफै गर्ने भन्दै सल्लाह मागेर उनका अभिभावकले सोही बमोजिमको निर्णय दिए पश्चात उनले एकैपटक कक्षा ७ मा भर्ना भइ अध्ययन गर्न थाले । घरमा कुखुरा पाल्ने, अकबरे खुर्सानीसँग खाताको पन्ना साटेर साथै विदाको दिन खेताला गएर आफ्नोअध्ययनको व्यवस्था मिलाएका थिए ।

आफ्नो अध्ययनलाई अगाडि बढाइ रहेका समथिङले २०४६ सालको माघ महिनामा भएको एस.एल.सी. परीक्षामा गणित र अंग्रेजी विषयमा कम्पार्ड पाए । तत्कालीन शिक्षा नियम अनुसार सो २ विषयको परीक्षा २०४७ मा दिएर उर्तीण गरे । एस.एल.सी.पास भएपछि पनि उनले आफ्नो अध्ययनलाई निरन्तरता दिइ रहे । विभिन्न संघसंस्थामा काम गर्दै

र पैसा जम्मा गर्दै उनले फिदिम बहुमुखी क्याम्पसमा आइ.कम.प्रथम वर्ष नाम दर्ता गरी अध्ययन गरे तर विभिन्न समस्याका कारण केही वर्ष पछि मात्र आइ.कम. पास गरेका थिए भने सोही क्याम्पसमा स्नातक तह सम्मको अध्ययन गरेका थिए ।

२०५४ सालमा तारादेवी गुरुङसँग विवहा बन्धनमा बाधिएका समथिङका दुई सन्तान सुदर्शन र प्रदर्शन रहेका छन् । जीवनका हरेक मोडमा आर्थिक अवस्था कमजोर भएका कारण दुःख, कष्ट भेल्नु परेको र अभावले केही गर्न सिकाएको समथिङ बताउँछन् । आफ्नो उच्च शिक्षाको लागि फिदिम बस्दा उनले विभिन्न नेकपा एमालेको पार्टी कार्यालयदेखि लिएर विभिन्न संघ सस्थामा समेत कर्मचारी बनी काम गरेका थिए । यसरी विभिन्न संघ सस्थामा आवद्ध भएर उनले निरन्तर काम गर्दै जाँदा फिदिम बजारको भानु मार्गमा तीन तले १५ कोठे पक्की घर बनाउन सफल भएका छन् । यसका साथै अन्य विभिन्न ठाउँमा भिट्टा जग्गा लिन सफल भएका छन् ।

सानै उमेरदेखि साहित्य क्षेत्रमा रुचि राख्ने गरेका समथिङले पारिवारिक वातावरणका कारण त्यो चाँडै मौलाउन सकेन र प्रेरणाको स्रोत पनि दर्विलो थिएन । 'हुने विरुवाको चिल्लो पात' भनेझैं समथिङ सानै छदा अरुले फालेका डट कपि टिपेर केही कोर्ने गर्थे । उनलाई सानैबाट अध्ययनमा गहिरो रुचि थियो । गाउँले परिवेशमा हुर्केका उनी बाँसबाट बन्ने विभिन्न डोको, नाङ्लो, दाम्लो बन्न खुब रुचि रहेको लगायत विभिन्न स्थानीय बाजा, नौमति बाजाहरू राम्ररी बजाउने गर्छन साथै पत्रमित्र,मासिक पत्रिका रंगमञ्च पढ्न साथै लोपोन्मुख चिजबिज संकलन गर्न समेत खुब रुचि राख्छन् । नेपाली खाना मन पराउने समथिङ मध्यपान र धुम्रपानबाट टाढा रहेका छन् । मिजासिलो स्वभावका समथिङ दुःखी गरीबलाई सधै सहयोग गर्न अघि सर्ने गरेका छन् र आफ्नो लक्ष्य र पुरा जीवन समाज सेवामा बिताउने उनको सोच रहेको छ

साहित्यकार समथिङले आफ्नो बाल्यकालदेखि लिएर स्कुले जीवन रहेसम्म कुनै पनि पुरस्कार प्राप्त गरेको देखिदैन । तर पछि गएर उनले विभिन्न संघसंस्था र साहित्य लेखन तिर हात हाले तब उनको प्रगति देखा पर्न थाल्यो र उनले त्यस बेलादेखि अहिलेसम्म पनि विभिन्न प्रकारका सम्मान तथा कदर पत्र र प्रशंसापत्रहरु ग्रहण गरेका छन् । २०६१ बैशाख १६किरात धर्म संरक्षण समिति जिल्ला कार्यालय पाँचथर ले प्रशंसापत्र, २०६६ बैशाख ११मालोकतन्त्र दिवस २०६६ मुल समारोह समिति, पाँचथरले कदरपत्र २०६७ फाल्गुन १मा नेपाल पत्रकार महासंग पाँचथर शाखाले सम्मान पत्र २०६८ मंसिर १० नौलो साहित्यिक

विहान प्रतिष्ठान पाँचथरद्वारा पशंसापत्र त्यस्तै २०६९ मंसिर २०मा सामुदायिक सेवा केन्द्र पाँचथरले कदरपत्र प्रदान, २०७० बैशाख १७ फिदिम विद्युत उपभोक्ता सहकारी संथा लि. पाँचथरबाट प्रशंसापत्र, २०७० साउन १७पाँचथर जिल्ल फूटबल संघले पशंसापत्र,२०७० पौष १४सेवा निवृत राष्ट्रसेवक हकहित समाज नेपाल जिल्ला कार्यसमिति पाँचथरले प्रशंसापत्र प्रदान गऱ्यो । यस्तै गरी २०७० माघ १०मा सुम्हात्लुङ सञ्चारसहकारी संस्था लि पाँचथरले पशंसापत्र,२०७० मंसिर २८मा निजि तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल जिल्ला कार्यसमिति पाँचथरले प्रशंसापत्र,२०७१ असोज ११मा कंञ्चनजंघा टाइम्स राष्ट्रिय दैनिकद्वारा सम्मान पत्र, २०७१ चैत १४मा पाँचथर उद्योग बाणिज्य संघद्वारा सम्मान पत्र,२०७२ माघ १६मा प्रेश चौतारी नेपाल पाँचथर शाखाद्वारा सम्मान पत्र, २०७३ फाल्गुन ३माफिदिम स्पोर्टिङ क्लबले कदर पत्र,२०७३ फाल्गुन २७मासगरमाथा आधारभूत विद्यालय , रानिटार पाँचथरले सम्मान पत्र,२०७४ जेठ १३मा कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. पाँचथरले सम्मान पत्र,२०७४ जेठ २१मा नेकपा एमाले जिल्ला कमिटी पाँचथरले सम्मान पत्र,२०७४ साउन २५मा नेपाल आदिवासी जनजाति महासंघ  जिल्ला समन्वय समिति पाँचथरद्वारा सम्मान पत्र, २०७४ असोज २५कंञ्चनजंघा ट्याक्सी व्यावसायी संघ पाँचथरले प्रशंसा पत्रले सम्मानित गऱ्यो यस्तै गरी २०७४ जेठ २०मा पाँचथर उद्योग बाणिज्य संघ, हुकोडेक नेपाल, नेपाल प्रेश युनियन, पाँचथर, मानव अधिकार, पाँचथर, प्याग पाँचथर, लायन्स क्लव अफ, पाँचथर, अलैची व्यवसायी संघ,पाँचथर, संयुक्त महिला अधिकार संञ्जाल, पाँचथर, सुनचाँदी व्यवसायी संघ, पाँचथर, नेपाल रेडक्रस सोसाइटी, पाँचथर, जनसेवा समाज, पाँचथर, याक्थुङ प्रज्ञा प्रतिष्ठान , पाँचथर,गैरसरकारी संस्था महासंघ , पाँचथर, सामुदायिक वन उपभोक्ता महासंघ,पाँचथर, स्थानीय शान्ति समिति,पाँचथर, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समिति,पाँचथर,नारी विकास संघ,पाँचथर, नौलो साहित्यिक विहान प्रतिष्ठान ,पाँचथर,मेची पोष्ट दैनिक, पव्लिक टाइम्स साप्ताहिक, रेडियो वि.एस.सी., रेडियो मितेरी,सिद्ध पोखरी सेवा सदन पाँचथरगरी २३ वटा संघसंस्थाहरुले संयुक्त रूपमा नागरिक अभिनन्दनको आयोजना गरी अभिनन्धन, सम्मान गरिएको थियो (**शोधनायकसँगको अन्तर्वार्ता**) ।

## २.२ उपन्यासकार रामप्रकाश समथिङको व्यक्तित्वका पक्षहरू

साहित्यकार समथिङ नेपाली साहित्यका बहुबिधामा कलम चलाउने बहुमूखी प्रतिभा हुन् । साहित्य मात्र नभएर समाज संघसंस्था जस्ता विविध क्षेत्रमा सहभागी र संलग्न भएर

काम गर्ने समथिङका व्यक्तित्वको अध्ययन गर्ने विभिन्न पक्षहरू छन् । कुनै पनि कार्यमा सफलता हासिल गर्न जो कोहीलाई सजिलो हुदैन । सबै कुरामा मानिसले सफलता पनि प्राप्त गरेको हुदैन । हरेक व्यक्तिमा रहेको अरुलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य क्षमता वा आफ्नोपनलाई नै व्यक्तित्व भनिन्छ । विशेष गरी मान्छेको व्यक्तित्वको निर्माणमा दुई कुरा निर्भर रहन्छन् । पहिलो वंश,परम्परा र समाजमा मान्छे घुलमिल हुदै जान्छ र व्यक्तित्व बन्छ भने अर्कोतर्फ दोस्रो परिवारको चालचलन,धर्म,संस्कार,संस्कृति आदि तत्त्वले समेत व्यक्तित्वको निर्माण हुने गर्दछ ।

समथिङका परिवारमा कोहीपनि साहित्य क्षेत्रमा नरहेकाले पनि परिवारमा साहित्यको सृष्टिकर्ताको रूपमा रहेका छन् । सुखमा नमातिने दुःखमा नआतिने समथिङ अरुलाई छिटो विश्वास गर्दा धेरै पटक ठकर खाएको साथैजीवनमा पटक पटक ठूलो उथलपुथल आएको बताउछन् । खोज र अनुसन्धानमा समेत तल्लीन भई पुराना कुराको जगेर्ना गर्न सचेत रहेका समथिङ लोपोन्मुख कुरालाई समाजमा प्रस्तुत गरी छाड्ने उनको व्यक्तित्वको मुख्य पाटो रहेको छ । नचाहिदो रवाफ देखाउने,सम्पतीको अहम गर्ने फेसनलाई बेसी रुचाउने श्रमको उचित मूल्य नदिनेलाई पटक्कै मन नपराउने समथिङको व्यक्तित्वलाई चिनाउनको लागि उनलाई साहित्यिक र साहित्येतर व्यक्तिका रूपमा अध्ययन गर्न सकिन्छ ।

### २.२.१ साहित्यिक व्याक्तित्व

साहित्यकार हुनको लागि कुनै विषयवस्तु सोचिरहनु पर्दैन यस्तै समथिङका लागि पनि साहित्यमा कलम चलाउन कसैको प्रेरणा र सहयोग रहेको पाइदैन । उनको निम्न आर्थिक अवस्था र संघर्ष अभावनै उनको साहित्यमा लाग्ने प्रेरणा हो । जब उनी पढाइलाई निरन्तरता दिदै एस.एल.सी. पश्चात आफ्नो उच्च शिक्षाका लागि पाँचथर बहुमुखी क्याम्पस सम्म आइपुगे । त्यहाँबाट एउटा ‘रङ्गमञ्च’ भन्ने मासिक पत्रिका प्रकाशन हुने गरेको थियो । त्यो पत्रिका उनी निरन्तर अध्ययन गर्न थाले र उनले त्यहाँ कथा ,कविता,मुक्तकहरू पढ्ने मौका पाएर यहिनै उनको प्रेरणाको विषय बन्यो उनलाई पनि साहित्य रचना गर्ने इच्छा जागृत भयो । त्यसबेला सोही क्याम्पसमा ‘अनेरास्ववियु’ प्ररम्भिक कमिटीले ‘विद्यार्थी सन्देश’ भन्ने एउटा हस्तलिखित पत्रिका प्रकाशित गर्‍यो । साहित्यकार समथिङले वि.सं. २०४९ साउन १५ गते ‘विद्यार्थी’ नामक गद्य कविता रचना गरी उक्त पत्रिकामा छापेर आफ्नो साहित्य यात्रा सुरु गरेका हुन् । त्यसपश्चात उनलाई हौसला प्राप्त भएपछि अरु अंकमा ‘विद्यार्थी क्रान्ती र निमुखा नेपाली जनतालाई आज ’ जस्ता गद्य कविता समेत

प्रकाशित गरी आफ्नो साहित्य यात्रालाई निरन्तरता दिएका हुन् । यसरी निरन्तर साहित्यमा लागेका समथिङले २०६४ बाट अझ उर्वर रहेको पाईन्छ । साहित्यकार गुरुङ रामप्रकाश समथिङ २०६५ देखि २०७४ सम्म आइपुग्दालेख्न थालेको २६ वर्ष र प्रकाशन गर्न थालेको १० वर्षमा साहित्यि ३२ र खोजमूलक १६ गरी ४८ वटा कृति प्रकाशित गरी सकेका छन् ।

साहित्यकार गुरुङ रामप्रकाश समथिङको साहित्यको सुरुवाती विन्दुनै कविता हो । उनले 'रंगमञ्च' पत्रिका अध्ययन गरी प्रेरणाको स्रोत बनाएका गुरुङले पहिलो कविता 'विद्यार्थी' गद्यमा रचना गरेको कविता हो । सो कविता वि. सं. २०४९ साउन १५ गते पाँचथर बहुमुखी क्याम्पसमा अनेरास्ववियू प्रारम्भिक कमिटीद्धारा प्रकाशित हस्तलिखित पत्रिका 'विद्यार्थी सन्देश'मा प्रकाशन भएको देखिन्छ । त्यसपछि त्यही पत्रिकाको अन्य अंकमा 'विद्यार्थी क्रान्ति र निमुखा नेपाली जनतालाई आज' भन्ने दुई वटा गद्य कविता प्रकाशन गरेका छन् । यी तीन ओटै कविता समथिङको कविता संग्रहमा पनि समावेश भएको देखिन्छ । त्यसपछि समथिङले वि.सं. २०६० साल फाल्गुन २० गते 'दियो' त्रैमासिक साहित्यि पत्रिकामा 'खै त ?' नामक गद्य कविता प्रकाशन गरेर आफ्नो कविता यात्रालाई निरन्तरता दिएको देखिन्छ । यसै गरी उनले गद्य कविता संगालो 'समथिङ कविता संग्रह' समेत २०६७ मा प्रकाशित गरी आफ्नो कवित्व यात्रालाई दर्विलो बनाएका छन् । उक्त कविता संग्रहमा १० वटा कविताहरू संग्रहित रहेका छन् । यसरी विभिन्न मासिक त्रैमासिक पत्रिकामा अन्य फुटकर कविताहरू समेत प्रकाशित गरी आफ्नो कवित्व यात्रालाई निरन्तरता दिई रहेका छन् ।

समथिङ बहु विधामा कलम चलाउने बहु प्रतिभा भएकाले उनलाई कथाकारितासँग पनि जोडेर हेर्न सकिन्छ । उनले विभिन्न पत्र पत्रिकमा लघुकथा प्रकाशित गरेको पाइन्छ । कर्मचारी मिलन केन्द्र पाँचथरबाट प्रकाशित वर्ष ५ अंक २ २०६४ मा 'म एच.आइ.भि. संक्रमित हुँ' भन्ने कथा प्रथम पटक प्रकाशित गरेर कथा यात्रा सुरु गरेका हुन् । यसरी विभिन्न फुट्कर कथा रचना गर्दै २०६९ सालमा 'मान्छेको पीडा कथा संग्रह प्रकाशित गरेका छन् । त्यस भित्र छ वटा कथा समावेश गरिएको छ । यहाँ निम्न वर्गले भोग्नु परेका पीडा ,व्याथा दारुण अवस्थाको चित्रण गरिएको छ । समसामयिक जीवनको पीडा ,निम्न वर्गमाथि हुने अन्याय अत्याचारको चित्रण गरिएको छ । यस्तै गरी २०७३ मा 'याक्सा भित्रका कथा' कथा संग्रह प्रकाशित गरेका छन् । जहाँ सात वटा कथा संग्रहित छन् । यस संग्रहमा

पनि अभावजन्य पीडा ,आर्थिक विसङगति , सामाजिक वेथिति र विकृति आदिमानै उनको कथात्मक दृष्टिकोण रहेको देखिन्छ । यसरी उनी यस विधामा समेत सफल रहेको पाईन्छ ।

गुरुङरामप्रकाश समथिङको सिर्जनालाई हेर्दा उनी एक सफल उपन्यासकार व्यक्तित्व हुन । उनले एकै पटक २२ उपन्यास पाँच जना प्रध्यापक डा.बाट एकै दिन विमोचन गराई नेपाली उपन्यासको क्षेत्रमा नयाँ आयाम रचेका छन् । उनले यस्तो महत्त्वपूर्ण काम गरी नेपाली साहित्यलाई चुनौती नै दिएका छन् । २०७४ साल बैशाख २९ गते उनले २२ उपन्यासहरू दुर्दशा, वेसहारा, यातना, जवानीको ज्वालामुखी, जड्याकी स्वास्नी, जनयुद्धको उपहार, साहित्यकार, मृत्यु, साउदी रियल, सौतेनी आमा, धनबहादुर सर, खेल जवानीको, धनीरामको दशै, टुटेको सपना, सेन्थेरेम, माया, बिचरा ! जंगे कमरेड, जित्या, महलदेखि सडक सम्म, कमरेड चट्टानको सपना, भ्रष्टचारको कमाल, साहसी आमा गरी जम्मा २२ वटा उपन्यास एकै पटक प्रकाशित गरेका छन् । यी उपन्यास भित्र विभिन्न सामाजिक विसङ्गति, वेथिति, निम्न वर्गको पीडा, क्रन्दन अभावलाई प्रस्तुत गरी समाज परिर्वतनको अपेक्षा राखिएका विषयवस्तु समावेश गरेका छन् । संख्यात्मक र गुणात्मक दृष्टिले हेर्दा उनको उपन्यास विधाको तुलनामा बढी फस्टाएको छ । ४६ औं जन्मदिनको अवसरमा एकै पटक २२ जना पि.एच.डी. डाक्टरको हातबाट २२ कृति लोकार्पण गर्दै आफ्नो सिर्जना संख्या ४८ पुऱ्याएका छन् । सोही कारण गुरुङ साहित्य मञ्च नेपालले गुरुङलाई सम्मानको लागि पोखरा निम्त्याएको छ (आदर्श समाज, २०७ : १६) ।

साहित्यकार समथिङले २०६७ मा 'समथिङका वितेका क्षणहरू'प्रकाशित गरी आफ्नो संस्मरणकार व्यक्तित्वको रूपमा परिचित भएका छन् । यसमा आफ्नो जीवनमा भोगेका तिता मिठा अनुभव संगाल्दै आत्मा कथाको रूपमा उक्त संस्मरणलाई स्मरण गर्न पुगेका छन् । उनले जीवनमा भोग्नु परेका अभाव ,संघर्ष,दु:ख,पीडा वेदनालाई समेट्दै उक्त कृति तयार पारेका छन् । यस्तै गरी २०७० मा 'समथिङको मेची महाकाली यात्रा' (यात्रा संस्मरण) लेख प्रकाशित गरेका छन् । उनले त्यस कृतिमा यात्राको क्रममा देखिएका, भोगिएका सुखद, दु:खद क्षणलाई प्रस्तुत गर्दै आफ्नो यात्रालाई क्रमिकता दिएको कुरा उल्लेख गरेका छन् । यसरी समथिङ कमजोर आर्थिक अवस्था र संघर्ष, अभाव, पीडा जस्ता तितो सत्यलाई अंगाल्दै जीवनका मार्मिक पक्षलाई उद्घघाटन गर्दै सिर्जना कही कतै नरोकिने र नमर्ने चिज रहेछ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

वि.सं. २०६६ मा 'दलित जातीय लेख संग्रह'पुस्तक प्रकाशित गरी आफ्नो निबन्ध यात्रालाई निबन्धकार व्यक्तित्वको रूपमा स्थापित गर्न सफल समथिङ एक विशिष्ट निबन्धकारको रूपमा परिचित छन् ।जस भित्र थुप्रै निबन्ध समावेश रहेका छन् । यस्तै गरी २०६७ मा 'सेक्स लेख र समथिङ'(लेख निबन्ध) संग्रह,  'ओ माई गड सेक्स'(लेख निबन्ध संग्रह), २०७१ प्रकाशित गर्दै आफ्नो दोस्रो निबन्ध संग्रहलाई पूर्णता दिएका छन् ।त्यस पछि लगातार फेरी २०७२ मा'आइ लभ सेक्स' निबन्ध संग्रहमा प्रकाशित गरेका छन् । जस भित्र यौन जीवन र यसको सेरोफेरोमा रहेर विभिन्न शीर्षकमा निबन्धहरू संग्रहित गरेका छन् । यस बाहेक पनि उनले फुट्कर निबन्धहरू विभिन्न पत्रिकामा प्रकाशित गरेका छन् ।

'दाह्री' शीर्षकमा मुक्तक लेखेर साहित्य यात्रा सुरु गरेका समथिङको एक मात्र मुक्तक संग्रह 'लभ लेटरका लागि अचार' २०६६ मा प्रकाशित भएको मुक्तक संग्रह हो । वर्तमान परिस्थिति र सन्दर्भलाई समेट्दै पाठकलाई रोचक र समसामयिक अवस्थाको बोध गराउने खालका मुक्तकहरू प्रस्तुत गरिएको उनको एक मात्र मुक्तक संग्रह हो ।

साहित्यकार समथिङ सधै समाज र समाज वरपर नै रहेर निरन्तर खोज र अनुसन्धान गदै पाठकलाई सत्य तथ्य जानकारी दिन तल्लीन रहेको पाइन्छ । त्यसैले उनी सबै भन्दा बढी यही क्षेत्रमा लागि परेको पाइन्छ । समसामयिक सन्दर्भ विषयवस्तु बनाउँदै उक्त कुराको खोज अनुसन्धान गरी निश्चित कुराहरू प्रमाणित गरी जानकारी लिन दिन तल्लीन समथिङले २०६५ मा 'छ सय एक सभासद र नेपाल' शीर्षकको खोजमूलक पुस्तक प्रकाशित गरी तत्कालिन नेपाली राजनीतिको अवस्थाबारे लेखेका छन् । यसरी विभिन्न सत्य तथ्य कुराको खोजी र अनुसन्धान गर्दै विभिन्न पुस्तक प्रकाशित गरेका छन् । यसरी १६ ओटा खोज अनुसन्धानमूलक पुस्तक प्रकाशित गरी आफ्नो खोज यात्रालाई निरन्तरता दिईरहेका  छन् । विभिन्न जातजाति, धर्म, संस्कार, संकृति त्यस्तै संघसंस्था, राजनीतिक, शैक्षिक, आर्थिक अवस्थाको बारेमा जानकारी लिन र दिनको लागि खोज अनुसन्धानमा निरन्तर लागि परेका समथिङले आफ्नो यस यात्रामा सफल व्यक्तित्वको रूपमा चिनाउन र आफूलाई सुरक्षित राख्न सफल रहेका छन् ।

### २.२.२ साहित्येतर व्यक्तित्व

नेपाली साहित्यको बहुविधामा कलम चलाउने बहु प्रतिभाका धनी गुरुङ रामप्रकाश समथिङ साहित्य फाँटका अतिरिक्त साहित्येतर व्यक्ति पनि हुन् । जसरी उनले साहित्यको

पनि बहुविधामा कलम चलाएका छन् । त्यसरी नै साहित्येतर फाँटमा पनि उनको बहुक्षेत्रमा नै चिरपरिचित छन् ।

समाजका विभिन्न संघसंस्थामा आवद्ध हुदै समाजको समस्यासँग प्रत्यक्ष सामेल भएर अहोरात्र खटिरहेका समथिङ पाँचथर जिल्लाकै सामाजिक अभियन्ताको रूपमा अग्रणी नाम आउने व्यक्तित्व हुन् । (मंगल बेघा अध्यक्ष समथिङ फाउन्डेसन नेपाल पाँचथर) सबैसँग मिलनसार सानैदेखि झै-झगडा नगर्ने, गरीब दुःखीलाई सहयोग गर्ने बानी समथिङको सानैबाट रहेको पाइन्छ । शारिरिक रूपमा जो सबल छ काममा सधै अल्छी गर्छ त्यस्तो बानी पटक्कै मन नपराउने समथिङ आत्मनिर्भर हुनु पर्ने र जो अप्ठेरोमा परेको छ त्यसलाई सहयोग गर्न दिनरात नभनी लागि पर्छन् ।

आफ्नो व्यक्तिगत कमाइदेखि लिएर संकलन समेत गरेर जहाँ जहाँ अप्ठेरो परेको छ त्यहाँ आफू लागि परेर उद्धार र सहयोग गर्ने समथिङ गरीब र विपन्नको लागि संधै महामानवको रूपमा परिचित छन् । गरीब व्यक्तिहरूलाई उनले शहरको सडकदेखि लिएर गाउँको बस्ति संघसंस्थाको ढोकामा समेत पुगेर आर्थिक संकलन गदै गरीब,घरवार विहिनको उद्धार गरेको उनको कृति मार्फत पनि स्पष्ट हुन आउँछ । उनले विद्यार्थीलाई पोशाक, शेक्षिक सामाग्री, विपन्न परिवारलाई घर निर्माण, दैविक प्रकोपमा परेकालाई अपाङ्गलाई आर्थिक संकलनत्यस्तै विभिन्न ठाउँबाट आई फिदिममा बसोवास गरेका व्यक्तिदेखि लिएर जो अप्ठेरोमा परेका छन् उनीहरूलाई पैसा संकलनदेखि लिएर शारिरिक श्रम गर्न समेत पछि नपर्ने,मलामी जान मान्छे चिन्नु पर्दैन भन्ने समथिङ सामाजिक रूपमा पाँचथरका एक नक्षत्र र सामाजिक अभियनता नै हुन् ।

वि.सं. २०४६ साल चैत २६ गते नेपालमा बहुदल घोषणा भएपछि समथिङ नाङ्गिन गा.वि.स. वडा नं. २ हाल फिदिम न.पा. १२ नेपाल कम्युनिष्ट पार्टीमा आवद्ध भएको देखिन्छ । त्यस पछि २०४८ सालमा क्याम्पस प्रवेश गरे पछि नेकपा एमालेका भातृ संगठनका विभिन्न पदमा रहेर पाटीले दिएको जिम्मेवारी लिदै अघि बढेको देखिन्छ । पाटीले घोषणा गरेका कार्यक्रमहरूमा उनले सक्रिय रूपमा सहभागी हुँदै वि.सं २०५१ सालका नेकपा एमाले जिल्ला कमिटी पाँचथरमा कार्यालय सहयोगीको रूपमा रहेर काम गरेका हुन् । पछि गएर उनले पाटी कार्यालयमा टेलिफोन अपरेटरको रूपमा समेत काम गरेका थिए । पछि पछि हुँदै गएपछि उनी गैर सरकारी संस्थामा प्रवेश गरे तब पाटीको कामलाई गौण रूपमा लिन थाले । पछि गएर २०६२/६३ को १९ दिने जनआन्दोलमा पाटीले दिएको

जिम्मेवारी वहन गर्दै पूरै दिन भाग लिएका थिए । यी घटनाहरूलाई हेर्दा समथिङको राजनैतिक व्यक्तित्व पनि त्यति कम देखिदैन । उनी अहिले आएरपाटीका कुनै पनि कमिटीमा आवद्ध भएको देखिदैन तर उनी नेकपा एमालेका संगठित सदस्य हुन । यसरी राजनीतिमा प्रतिबद्ध देखिए पनि उनका व्यक्तित्वको पाटो भनेको साहित्य र गैरसरकारी संस्थानै हो ।

साहित्यकार समथिङले साहित्यसँगै पत्रकारिताको क्षेत्रमा पनि योगदान दिएका छन् । उनले पत्रकारिता सम्बन्धि गरेको योगदानको मूल्याङ्कन गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरले वि.सं. २०६७ साल फाल्गुनमा उनलाई प्रसंशापत्र सहित कदरपत्र प्रदान गरी सम्मान गरेको छ भने नेपाल आदिवासी जनजाति पत्रकार महासंघ पाँचथरले पनि २०६८ साल भदौ मा पनि प्रसंशा पत्र सहित सम्मान गरेको छ । उनले पत्रकारिताको क्षेत्रमा २०५६ सालदेखि हाल सम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका सदस्य,कोषाध्यक्ष र केन्द्रीय पार्षद जस्ता पदमा रहेर काम गर्दै आइरहेको देखिन्छ । यसरी पत्रकारिताको क्षेत्रमा विभिन्न पदमा रहेर काम गर्दै आएका समथिङले पत्रकारिता सम्बन्धि पनि योगदान रहेको देखिन्छ (**अधिकारी,२०६६:२२-२३**) ।

लेखक गुरुङ रामप्रकाश समथिङले  शैक्षिक क्षेत्रमा पनि उत्तिकै सहयोग पुऱ्याउदै आएका छन् । नाङ्गिन मा.वि. नाङ्गिनमा २२ थान ६ हजार बरावरको,सगरमाथा नि.मा.वि. रानीटार २९ थान ८ हजार ३ सय बराबरको,सिद्धबाबा सामुदायिक केन्द्र नांगिन १०५ थान २३ हजार ६ सय ५० रुपैया,पाँचथर जिल्लाको २४ वटा सामुदायिक अध्ययन केन्द्रहरूलाई ४ सय ८० थान १ लाख २० हजार बराबरको,पाँचथर सामुदायिक पुस्तकालय फिदिम ८ थान ८ सय,फिदिम उ.मा.वि. फिदिम ८ थान ८ सय,पाँचथर बहुमुखी क्याम्पस फिदिम ८ थान ८ सय,कञ्चनजंघा एकेडेमी उ.मा.वि. फिदिम ८ थान ८सय,इगल एफ.एम. फिदिम १३ थान १ हजार ५ सय,सुमात्लुङ एफ.एम. फिदिम १३ थान १ हजार ५ सय,सिहंलिला एफ.एम. फिदिम १३ थान १ हजार ५ सय,जनमत साहित्यिक मासिक पत्रिका काभ्रे ७ थान ८ सय,तमु संसार त्रैमासिक पत्रिका पोखरा ७ थान १ हजार ७ सय ३५ रुपैया गरी जम्मा ७ सय ३१ थान १ लाख ६८ हजार १ सय ८५ रुपैंया बराबरको सहयोग गरी सकेका छन् । त्यस्तै विभिन्न विद्यालयका दृष्टिविहिन विद्यार्थीलाई पुस्तक र आर्थिक विद्यालयमा लाग्ने शुल्कसमेत तिरी दिएर शैक्षिक व्यक्तित्वको रूपमा समेत परिचित छन् स्रोत : (मंगल बेघा, समथिङ फाउनडेसन) ।

## २.३ साहित्यकार गुरुङ रामप्रकाश समथिङका कृति विवरणहरू

वि.सं २०४९ मा 'विद्यार्थी सन्देश' हस्तलिखित पत्रिकाको वर्ष १ अंक १ मा 'विद्यार्थी'नामक शीर्षकको कविता प्रकाशन गरेर आफ्नो साहित्य यात्रा सुरु गरेका समथिङले हालसम्म ४८ पुस्तक प्रकाशित गरी सकेका छन् भने थुपै फुट्कर लेख पनि प्रकाशित गरी सकेका छन् । उनका पुस्तकाकार कृतिहरूको सूची निम्नलिखित छन् :

१) छ सय एक सभाषद र नेपाल (२०६५) खोजमूलक कृति

२) पाँचथरका आदिवासी जनजातिहरू (२०६६) खोजमूलक कृति

३) पाँचथर शिक्षा दर्पण (२०६६) खोजमूलक कृति

४) प्रारम्भिक सहकारी शिक्षा (२०६६) खोजमूलक कृति

५) लभलेटरको लागि अचार (२०६६) मुक्तक संग्रह

६) दलित जातीय लेख संग्रह (२०६६) लेख निबन्ध

७) पाँचथरका माझी जाति (२०६६) खोजमूलक कृति

८) सेक्स लेखर समथिङ (२०६७) लेख निबन्ध

९) विद्यार्थीहरुका आँखामा राम्रा शिक्षक (२०६७) खोजमूलक कृति

१०) पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरूका प्रकाशित कृतिहरू (२०६७) खोजमूलक कृति

११) समथिङ (२०६७) कविता संग्रह

१२) गैरसरकारी संस्था दर्ता र सञ्चालन (२०६७) खोजमूलक कृति

१३) दलित जाति सम्बन्धि सामान्य जानकारी (२०६७) खोजमूलक कृति

१४) समथिङका वितेका क्षण (२०६७) संस्मरण

१५) हाम्रो सामाजिक परिचालन (२०६८) खोजमूलक कृति

१६) मान्छेको पीडा (२०६९) कथा संग्रह

१७) तथ्याङ्कमा पाँचथर (२०७०) खोजमूलक कृति

१८) सहकारीमा बचतको महत्त्व (२०७०) खोजमूलक कृति

१९) समाज रुपान्तरणका लागिसामाजिक परीचालन (२०७०) खोजमूलक कृति

२०) समथिङको मेची महाकाली यात्रा (२०७०) यात्रा संमरण

२१) दोस्रो संविधानसभा निर्वाचन-२०७० (२०७०) खोजमूलक कृति

२२) ओ माइ गड सेक्स (२०७१) लेख निबन्ध

२३) आइ लभ सेक्स (२०७२) लेख निबन्ध

२४) याक्सा भित्रका कथाहरू (२०७३) कथा संग्रह

२५) दुर्दशा (२०७४) उपन्यास

२६) बेसहारा (२०७४) उपन्यास

२७) यातना (२०७४) उपन्यास

२८) जवानीको ज्वालामुखी (२०७४) उपन्यास

२९) जड्याकी स्वास्नी (२०७४) उपन्यास

३०) जनयुद्धको उपहार (२०७४) उपन्यास

३१) साहित्यकार (२०७४) उपन्यास

३२) मृत्यु (२०७४) उपन्यास

३३) साउदी रीयल (२०७४) उपन्यास

३४) सौतेनी आमा (२०७४) उपन्यास

३५) धनबहादुर सर (२०७४) उपन्यास

३६) खेल जवानीको (२०७४) उपन्यास

३७) धनीरामको दशै (२०७४) उपन्यास

३८) टुटेको सपना (२०७४) उपन्यास

३९) सेन्थेरेम (२०७४) उपन्यास

४०) माया (२०७४) उपन्यास

४१) विचरा ! जंगे कम्रेड (२०७४) उपन्यास

४२) जित्या (२०७४) उपन्यास

४३) महलदेखि सडकसम्म (२०७४) उपन्यास

४४) कमरेड चट्टानको सपना (२०७४)  उपन्यास

४५) भ्रष्टाचारको कमाल (२०७४) उपन्यास

४६) साहसी आमा(२०७४) उपन्यास

४७) पाँचथरको स्थानीय नेतृत्व-२०७४(२०७४) खोजमूलक कृति

४८) नेपालको स्थानीय नेतृत्व-२०७४(२०७४) खोजमूलक कृति

यसरी प्रकाशित कृति मध्ये साहित्यिक कृति ३२,खोजमूलक १६ गरी जम्मा ४८ कृति प्रकाशित रहेका छन् ।

## २.४ गुरुङ रामप्रकाश समथिङको साहित्यिक यात्रा

२०४९ सालमा नेपाली साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका समथिङले हाल सम्म ४८ पुस्तक प्रकाशित गरी सकेका छन् । नेपाली साहित्यको बहुविधा कथा, कविता, उपन्यास, खोजमूलक कृतिहरू प्रकाशित गरी आफ्नो साहित्य यात्रालाई नेपाली साहित्यमा दर्विलो जग बसाल्न सफल भइ सकेका छन् । अढाइ दशक नेपाली साहित्यमा कलम चलाइ सकेका समथिङले नेपाली साहित्यको बहुविधामै महत्त्वपूर्ण योगदान दिन सफल भएको देखिन्छ ।

### २.४.१ साहित्य सिर्जनाको प्रभाव र प्रेरणा

साहित्यकार रामप्रकाश समथिङलाई कसैबाटपनि साहित्य लेखनमा प्रभाव र प्रेरणा मिलेको पाइदैन् । उनी जब एस.एल.सी. पास गरेर उच्च शिक्षा हासिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे त्यतिबेला ‘रंगमञ्च’ भन्ने मासिक पत्रिका प्रकाशित हुन्थ्यो त्यही पत्रिका अध्ययन गर्दै जाँदा समथिङलाई पनि साहित्यिक क्षेत्रमा कलम चलाउन मन लाग्यो । फिदिमबाट प्रकाशित हुने ‘नौलो विहानी’साहित्यिक मासिक पत्रिका,तेह्रथुमबाट प्रकाशित हुने ‘बिष्पोटन’ त्रैमासिक पत्रिका, प्राङबुङ ७ लाफेबाट प्रकाशित ‘पेनजिरीफुङ’ मासिक साहित्यिक पत्रिका, मेमेङ ५ नामलुवाबाट प्रकाशित ‘पारिजात साहित्यिक पत्रिका’, याङनाम खलङगाटारबाट प्रकाशित ‘कोशिष’ साहित्यिक पत्रिका, फिदिमबाटै प्रकाशित

'विद्यार्थी मञ्च' आदि विभिन्न पत्रिकाहरूमा उनले लेख रचनाहरू प्रकाशित गर्न थाले । यसरी उनको साहित्यिक यात्रा प्रारम्भ हुन थालेको देखिन्छ उनी एकान्तमा साहित्य लेख्न रुचाउँछन् । यसरी साहित्यिक क्षेत्रलाई अघि बढाउने प्रयास गरेको देखिन्छ (**अधिकारी, २०६६: १३**) ।

यसरी नेपाली साहित्यमा लामो समय सम्म निरन्तर सेवा गर्ने समथिङ साहित्य सिर्जना र प्रकाशनका दृष्टिले उनको साहित्यिक यात्रालाई चरणगत रूपमा अध्ययन गर्दा निम्न तिन चरणमा अध्ययन गर्न सकिन्छ ।

क) प्रथम चरण वि.सं. २०४८-२०६४ सम्म

ख) द्वितीय चरण वि.सं.२०६५-२०६९ सम्म

ग) तृतीय चरण वि.सं. २०७०-हाल सम्म

## २.४.१.१ प्रथम चरण -वि.सं.२०४८-२०६४)

साहित्यकार गुरुङ रामप्रकाश समथिङको सहित्य यात्राको सुरुवाती चरण वि.सं.२०४८ देखि २०६४ सम्मलाई लिन सकिन्छ । उनले २०४९ मा विद्यार्थी सन्देश पत्रिकामा 'विद्यार्थी'नामक कविता प्रकाशित गरी आफ्नो साहित्य यात्राको शुरुवात गरेका हुन् । कविता विधाबाट आफ्नो साहित्य यात्रा सुरु गरेतापनि उनले कथा,मुक्तक जस्ता अन्य विधाका फुट्कर साहित्य सिर्जना पनि प्रकाशित गरेका छन् । यो उनको साहित्य यात्राको पृष्ठभूमिका रूपमा रहेको छ २०४९ मै 'विद्यार्थी क्रान्ति' २०५० मा 'निमुखा नेपाली जनतालाई आज'२०६१ मा 'खै त ?'२०६१ मा 'गरीब हुनु रहर हैन बाध्यता हो' त्यस्तै २०६४ मा 'म एच.आइ.भि. संक्रमित हुँ' कथा प्रकाशित गरेका छन् । त्यस्तै २०५६ मा 'दाह्री'मुक्तक पनि प्रकाशित गरी पृष्ठभूमिलाई दर्बिलो बनाएका छन् । उनको म एच.आइ.भि. संक्रमित हुँ कथा 'मान्छेको पीडा' कथा संग्रहमा संग्रहित छ भने अरु कविता, मुक्तक फुट्कर रूपमै रहेका छन् ।

यसरी साहित्य सिर्जनाको प्रथम चरण कथा,कविता,मुक्तक फुट्कर रूपमा छपाएर नै यसमै सिमित रहेको पाइन्छ । यस चरणमा समथिङले कुनै पुस्तक प्रकाशित गरेको पाइँदैन । यद्यपी यस चरणमा उनले कविता विधामा बढी कलम चलाएको पाउन सकिन्छ । यस चरणका उनका सिर्जनाहरू आलोचनात्मक यथार्थवादी साथै सामाजिक यथार्थवादसमेत कही

कतै प्रस्तुत गरेको पाइन्छ । यो उनको अभ्यासिक चरण भएकाले भाषिक सचेतता देखिन्दैन । यद्यपी तत्कालीन परिवेश र सामाजिक अवस्थाको चित्रणचै भरपुर रूपमा गरेको पाइन्छ ।

## २.४.१.२ द्वितीय चरण (वि.सं.२०६५-२०६९)

गुरुङ रामप्रकाश समथिङको साहित्य यात्राको द्वितीय चरण २०६५ देखि २०६९ सम्म मान्न सकिन्छ । समथिङले आफ्नो यात्रालाई चरणमा निक्कै ससक्त ढङ्गले अगाडि बढाएका छन् । यस चरणमा उनले थुप्रै पुस्तक प्रकाशित गरी आफ्नो साहित्य यात्राको कलम सफल रूपमा दौडाएको पाइन्छ । फुट्करदेखि लिएर प्रकाशित कृतिहरूलाई हेर्दा उनी आफ्नो साहित्य यात्राको जग दर्विलो तरिकाले बसाएको पाउन सकिन्छ ।

यसरी समथिङले यस चरणमा फुट्कर सिर्जनाहरूमा २०६५ मा 'रक्सी', २०६५ मा 'मेरो मात्रै भनेको त यसको पनि बुढी त उस्तै पो रै छे', २०६५-६६ मा 'जड्या लोग्ने र मेरो दिन',२०६६ मा 'खै के थाहा ? आफ्नो त भविष्यको बुढा कस्तो होला', २०६६ मा ओ हो ! बाच्ने दिन त एक दिन घटिपो सकेछ',२०६७ मा 'विदेश त गइयो तर अहिले कर्मलाई दोष दिदै बसेको छु', २०६६ 'सायद म मरेको दिन' फुट्कर कविता प्रकाशन गरेका छन् । भने २०६६ मा 'हिजोको धने आजको धनबहादुर सर', २०६८ मा जनयुद्ध र रामेको अधुरो सपना' समेत छापेका छन् । जसमा उल्लेखित दुई कथा 'मान्छेको पीडा' कथा संग्रहमा संग्रहित छन् ।

यसरी उनले फुट्कर लेख रचनाहरूसँगै यस चरणमा थुप्रै कृतिहरू प्रकाशित गरेका छन् । उक्त कृतिहरूको सूची तल प्रस्तुत गरिन्छ :

१) छ सय एक सभासद र नेपाल (२०६५) खोजमूलक कृति

२) पाँचथरका आदिवासी जनजाति (२०६६) खोजमूलक कृति

३) पाँचथर शिक्षा दर्पण (२०६६) खोजमूलक कृति

४) प्रारम्भिक सहकारी शिक्षा (२६६) खोजमुलक कृति

५) लभ लेटरको लागि अचार (२०६६) मुक्तक संग्रह

६) दलित जातीय लेख संग्रह (२०६६) लेख निबन्ध

७) पाँचथरका माझी जाति (२०६६  खोजमूलक कृति

८) सेक्स लेख र समथिङ (२०६७) लेख निबन्ध

९) विद्यार्थिका आँखामा राम्रा शिक्षक (२०६७) खोजमूलक कृति

१०) पाँचथर,पाँथरका स्रष्टा र उहाँहरूका प्रकाशित कृति (२०६७) खोजमूलक कृति

११) समथिङ (२०६७) कविता संग्रह कविता संग्रह

२) गैरसरकारी संस्था दर्ता र सञ्चालन (२०६७) खोजमूलक कृति

१३) दलित जाति सम्बन्धी सामान्य जानकारी (२०६७) खोजमुलक कृति

१४) समथिङका बितेका क्षणहरू (२०६७) संस्मरण

१५) हाम्रो सामाजिक परीचालन (२०६८) खोजमूलक कृति

१६) मान्छेको पीडा (२०६९) कथा संग्रह

यसरी समथिङले यस चरणमा फुट्करदेखि लिएर विभिन्न कथा संग्रह,कविता संग्रह, संस्मरण, निबन्ध संग्रह, मुक्तक संग्रह जस्ता सबै खाले लेख रचना, पुस्तक प्रकाशित गरी आफ्नो साहित्य फाँटलाई उर्वर भूमिका रूपमा सफल बनाएका छन् । विशेष गरी खोजमूलक कृति प्रकाशित गर्न तल्लीन रहेको पाइन्छ । संख्यात्मक रूपमा पनि उनले खोजमूलक पुस्तक यस चरणामा बढी प्रकाशित गरेको पाइन्छ । यसरी नेपाली साहित्यको धरातलमा उभिएर उनले नेपाली समाजको संस्कार, परम्परा, जाति, भाषा, संस्कृतिलाई जर्गेना गर्न र ज्ञान गराउन विभिन्न जातिको खोजी गरी अस्तित्व स्थापित गर्ने जमर्को गरेका छन् । साथै साहित्य रसाहित्यकारको अवस्था तथा शिक्षा नीतिको बारेमा समेत खोजी र अनुसन्धान गरी यस समयमा पुस्तक प्रकाशित गरेका छन् । सामाजिक विकृति, वर्गीय द्वन्द्व, आर्थिक अभाव, विसंगति, यौन सहज विश्वस्नीय पक्षमा जोड दिदै यौन मनोविज्ञानलाई प्राथमिकता दिने प्रवृति यिनका लेखमा पाइन्छ । यसरी सामाजिक यथार्थवादी धारमा अडिएर साहित्य सिर्जना गर्नुका साथै तत्कालीन परिवेशलाई समेत उजागर गरेको देखिन्छ ।

### २.४.१.३ तृतीय चरण(२०७० देखि हालसम्म)

२०७० देखि हालसम्मको समयलाई समथिङको तृतीय चरण मान्न सकिन्छ यो समय समथिङको साहित्य यात्राको उर्वर समय मान्न सकिन्छ। उनले २०७२ मा ‘त्यसै मैले लेख्न छाडे र’, परदेशी विम्बहरू फुट्कर कविता प्रकाशित गरेका छन् भने यस समयमा संख्यात्मक र गुणत्मक रूपमा पुस्तक धेरै प्रकाशित गरेका छन् । ३२ पुस्तक प्रकाशित गर्दै नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । यस चरणमा एकै पटक एकै दिन उनले २२ ओटा उपन्यास २२ पी.एच.डी डाक्टरबाट विमोचन गराइ नेपाली उपन्यासको नेपाली साहित्यको फाँटमा नौलो आयाम थपेका छन् । एउटा कथा संग्रह,२ निबन्ध संग्रह,१ संस्मरण संग्रह र अरु खोजमूलक पुस्तक प्रकाशित गरी आफ्नो यात्रालाई अगाडि बडाइ रहेका छन् । उनका कथा संग्रहमा सामाजिक जीवन भोगाइका कठिन परिस्थितिहरूलाई प्रस्तुत गरिएको छ निबन्ध संग्रहमा यौन मनोविज्ञान र मनोजगतलाई प्रस्तुत गरिएको छ । सस्मरणमा यात्रा र लेखकको वितेको समयको भोगाइको विस्तार गरिएको छ भने उपन्यासमा नारी समस्या, वर्गीय र पेशागत समस्या, सामाजिक जटिलताको चित्रण, तत्कालीन समय सापेक्ष घटना बेरोजगारी, अन्धविश्वास, कुसंस्कार, जातीय द्वन्द्व, लैङ्गिक असमानता, गरिबीको चित्रण गर्नु र तत्कालिन समय र अवस्थामाथि व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गर्नु यस चरणका उपन्यासको उद्देश्य रहेको छ ।

यसरी विभिन्न संघसंस्था सामाजिक काममा समेत सामेल हुँदै आफ्नो साहित्य यात्रालाई दर्विलो बनाउनु चानचुने कुरा होइन । ‘मान्छे मर्दा मलामी जान चिन्नु पर्दैन’ भन्ने समथिङ सामाजिक सेवादेखि लिएर आफ्नो साहित्य सिर्जनालाई समेत अगाडि बढाइ रहेका छन् । एकै पटक २२ उपन्यास एकै दिन २२ प्रोफेसरबाट विमोचन गराई नेपाली साहित्यलाई गतिलो जवाफ दिइरहेका छन् । यसरी उनले आफ्नो सामाजिक व्यस्तता, जागिर सँगसँगै नेपाली साहित्यमा ३२ कृति दिन सफल भएका छन् । उक्त प्रकाशित पुस्तकको सूची तल प्रस्तुत गरिन्छ :-

१) तथ्याङ्कमा पाँचथर (२०७०) खोजमूलक कृति

२) सहकारीमा बचतको महत्त्व (२०७०) खोजमूलक कृति

३) समाज रूपान्तरणका लागि सामाजिक परीचालन (२०७०) खोजमूलक कृति

४) समथिङको मेची महाकाली यात्रा (२०७०) यात्रा संमरण

५) दोस्रो संविधानसभा निर्वाचन (२०७०) खोजमूलक कृति

६) ओ माइ गड सेक्स (२०७१) लेख निबन्ध

७) आइ लभ सेक्स (२०७२) लेख निबन्ध

८) याक्सा भित्रका कथाहरू(२०७३) कथा संग्रह

९) दुर्दशा (२०७४) उपन्यास

१०) वेसहारा (२०७४) उपन्यास

११) यातना (२०७४) उपन्यास

१२) जवानीको ज्वालामुखी (२०७४) उपन्यास

१३) जड्याकी स्वास्नी(२०७४) उपन्यास

१४) जनयुद्धको उपहार (२०७४) उपन्यास

१५) साहित्यकार (२०७४) उपन्यास

१६) मृत्यु (२०७४) उपन्यास

१७) साउदी रियल (२०७४) उपन्यास

१८) सौतेनी आमा (२०७४) उपन्यास

१९) धनबहादुर सर (२०७४) उपन्यास

२०) खेल जवानीको (२०७४) उपन्यास

२१) धनीरामको दशै (२०७४) उपन्यास

२२) टुटेको सपना (२०७४) उपन्यास

२३) सेन्थेरेम (२०७४) उपन्यास

२४) माया (२०७४) उपन्यास

२५) विचरा ! जंगे कमरेड (२०७४) उपन्यास

२६) जित्या (२०७४) उपन्यास

२७) महलदेखि सडकसम्म (२०७४) उपन्यास

२८) कमरेड चट्टानको सपना (२०७४) उपन्यास

२९) भ्रष्टाचारको कमाल (२०७४) उपन्यास

३०) साहसी आमा (२०७४) उपन्यास

३१) पाँचथरको स्थानीय नेतृत्व (२०७४) खोजमूलक कृति

३२) नेपालको स्थानीय नेतृत्व (२०७४) खोजमूलक कृति

यसरी नेपाली साहित्यमा २०४८ देखि लागिपरेका समथिङले हाल सम्म ४८ कृति प्रकाशित गर्न सफल छन् । उनका फुट्कर लेख पनि धेरै नै प्रकाशित छन् । नेपाली समाजको थिचोमिचोलाई प्रस्तुत गर्ने, अन्याय अत्याचारलाई साहित्य मार्फत व्यक्त गर्ने साथै खोज र अनुसन्धान अनि विशेष यौन जगतको खोजी गर्ने र यिनैलाई विषयवस्तु बनाइ लेख लेख्ने हुनाले उनलाई पाँचथरमा सेक्सी लेखक समेत भनेर चिन्ने गर्दछन् ।

यसरी उनका प्रथम चरणका रचनाहरू आलोचनात्मक यथार्थवादी पाइन्छ भने द्वितीय चरणमा आएर यौन मनोविश्लेषणवादी,सामाजिक यथार्थवादी मनोवैज्ञानिक लेख लेखेको पाइन्छ । तेस्रो चरणमा सामाजिक स्तरका पात्र उभ्याएर सामाजिक गतिशीलतामा जोड दिएको पाइन्छ । आर्थिक द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइ उनले सामाजिक समस्यालाई प्रस्तुत गरेका छन् । गरिबी र नारी समस्यालाई उद्घघाटन गदै सामाजिक परिवेशको चित्रण गरेका छन् । यसरी विभिन्न विषयवस्तुलाई उनले समेट्दै अन्य पुस्तक छाप्न तल्लीन रहेको पाउन सकिन्छ ।

## २.४.२ समथिङका औपन्यासिक प्रवृतिहरू

१) सामाजिक यथार्थ प्रवृतिको रूचि,

२) सामाजका विभिन्न स्थितिका व्यक्तिहरूको मनोविज्ञानको चित्रण,

३) यौन मनोविज्ञानलाई विशेष जोड,

४) उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत,

५) निम्न सामाजिक स्तरका पात्रको प्रयोग,

६) गाउँदेखि सहरसम्मको क्षेत्रलाई कार्यपीठिका बनााएको,

७) सामाजिक गतिशिलतामा जोड दिएको,

८) समाजको आर्थिक द्वन्द्वलाई जिवन्त रूपमा चित्रण गरेको,

९) राजनैतिक चेतनाका पृष्ठभूमिमा सामाजिक समस्या प्रस्तुति,

१०) गरिबी र यसबाट उत्पन्न हुने समस्या प्रस्तुत,

११) वेदना,पीडा संवेगहरू समायोजन गरिएको,

१२) नारीमा देखिएका यौन समस्याको चित्रण प्रस्तुत गरिएको छ ।

**२.४.३ सारंश**

यस परिच्छेदमा उपन्यासकार रामप्रकाश समथिङको औपन्यासिक परिचय दिइएको छ । उनको जन्म, बाल्यकाल, शिक्षा, आर्थिक अवस्था आदिबारे उल्लेख गरिएको छ । यसका साथै उनका साहित्य र साहियेत्तर व्यक्तित्वका पक्षको बारेमा समेत उल्लेख गरिएको छ । उनका कृति विवरण, साहित्यिक चरण र औपन्यासिक प्रवृतिको बारेमा समेत स्पष्ट पारिएको छ । अति निम्न वर्गीय  परिवारमा जन्मिएर लामो समयसम्म विभिन्न उतार चढाव झेल्दै उनले आफ्नो जीवन बेतित गरी आफ्नो अध्ययन र साहित्यलाई अगाडि बढाएको पाईन्छ । ठूलो परिवारमा जन्मिएर आर्थिक रूपमा कमजोर भएका कारण समथिङले अभाव सामना गर्नुका साथै यही नै उनको साहित्य सिर्जनाको प्रेरणाको स्रोत बन्न पुगेको पाइन्छ । उनमा साहित्य सिर्जनाको र लगनशिलताको लगाव पनि अभावनै रहेको पाइन्छ । यसमा पनि विशेष गरी उनी सामाजिक क्षेत्रमा लाग्नुका साथै साहित्यिक कृति पनि सामाजिकनै रहेको पाइन्छ । ४८ कृति प्रकाशित गरी सकेका उनी समाजका पीडा र कुण्ठा साथै यौन मनोविज्ञानलाई समेत विषयवस्तु बनाइ जस्ताको तस्तै समाज चित्रण गर्ने कोशिस गरेका छन् । रात दिन नभनी साहित्य सिर्जनामा लागेका समथिङ आफ्नो पूरा जीवन यही पाटोमा बिताउने उनको उदेश्य रहेको पाइन्छ । समाजमा रहेका, देखिने पात्रहरूलाई वास्तविक त कतै काल्पनिक नाम दिदै चरित्र चित्रण गर्न सफल समाजकै लागि केही गर्नु पर्छ भनी सहयोगी हात समेत अगाडि बढाएको पाउन सकिन्छ । समाजकै वास्तविक पात्रलाई उपन्यासमा प्रस्तुत गर्दै उनीहरूका लागि समाजले गर्न सक्ने सहयोगको सुरुवात आफूबाट गर्नु पर्छ भन्ने आवाज उपन्यास मार्फत उठाएका छन् । यस्ता पात्रमाथि दया र सहानुभूतिको विचार समेत उनका उपन्यासमा प्रस्तुत भएको पाइन्छ ।

उनका विभिन्न साहित्यिक चरण र साहित्यका पाटाहरूलाई हेर्दा भन्न सकिन्छ कि उनी एक सामाजिक विचार धारामा आफ्ना विषयवस्तु प्रस्तुत गर्ने उपन्यासकार हुन् ।

उनका कथा विधामा समेत सामाजिक विषयवस्तु नै प्रस्तुत भएको पाइन्छ । यौनमनोविज्ञानलाई समेत उपन्यासमा कही कतै प्रस्तुत गर्दै समाजका नारी पात्रको वास्तविक र कारूणिकता प्रस्तुत गर्ने प्रयास गरिएको छ । उनले विभिन्न सामान्ती वर्गले निम्न वर्गलाई गर्ने व्यवहार, नारी शोषण, दमन, यौन शोषण, कुसंस्कारलाई उनका उपन्यासमा प्रस्तुत गर्दै समाज सुधारको लागि आवह्रान गरेको पाइन्छ ।

*

# तेश्रो परिच्छेद
## उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

### ३.१ उपन्यासको संक्षिप्त परिचय

'उप' उपसर्गवाची पद पूर्वमा हुने 'न्यास' शब्दको संयोजनबाट निर्मित 'उपन्यास शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उपन्यासले हाम्रो जीवनको सामीप्यता मात्र होइन, हामीमध्येका जीवनलाई हामी मध्येमै प्रस्तुत गरिदिन्छ । उप+नि+अस्+अ अर्थात हुनु अर्थ बोध गराउने अस् धातुमा 'नि' र 'उप' दुइ ओटा उपसर्ग मिलेर निर्मित भएको 'उपन्यास' शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक प्रविधालाई संकेत गर्नमा प्रवृत छ । आख्यान तत्त्व प्रबल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास नामाकरण गरियो । (सुवेदी, २०६४)

'उपन्यास' तत्सम शब्द हो । यसको निर्माण 'अस्' धातुमा 'उप+नि' उपसर्ग र 'धञ्'(अ) प्रत्यय लागेर भएको छ । उप+नि+अस्+धञ्(अ) उपन्यास हुन्छ ।'अस'धतुको अर्थ हुन्छ 'राख्नु' । उपन्यास शब्दको अर्थ हुन्छ 'नजिक राख्नु' । यसो भएतापनि संस्कृत साहित्यमा उपन्यास शब्दको अर्थ यतिमै सिमित भने छैन ।यसको प्रयोजनपरक अर्थ हुन्छ । 'अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण' पताका स्थानको चतुर्थ भेद,'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना', 'ज्ञापन', 'प्रसन्न गराउनु' आदि रहेको पाइन्छ । उपन्यास शब्दको प्रयोग 'आख्यान' वा 'आख्यायिका' का रूपमा पनि भएको भेटिन्छ । तर आज उपन्यास भनेर जुन स्वरूप र संरचनाको रचना भन्ने बुझिन्छ त्यो अर्थ संस्कृत साहित्यका क्षेत्रमा प्रचलित उपन्यास शब्दले वहन गर्न सकेको देखिदैन् । शब्द पुरानो भए पनि यसले अचेल पुरानो अर्थ छोडेर अंग्रेजी भाषा साहित्यमा प्रचलित 'Novel' शब्दको अर्थ वहन गरेको छ । नेपाली भाषामा प्रचलित उपन्यास शब्द पनि अंग्रेजी भाषासाहित्यको 'Novel'शब्दको समानार्थीका रूपमा प्रयोग हुदै आइरहेको पाइन्छ ।'उपन्यास' संस्कृतबाट आएको तत्सम शब्द हो । यो शब्द 'अस' धतुमा 'उप' र 'नि'उपसर्ग तथा 'धञ्'(अ) प्रत्यय लागेर बनेको छ । व्युत्पत्तिअनुसार 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ बोध हुन्छ भने यसले हिजो आज अंग्रेजी शब्द 'Novel'ले दिने अर्थ दिन थालेको छ । यसले आजका सन्दर्भमा 'उपन्यास' शब्द अंग्रेजी 'Novel'को नेपाली रूपान्तरण हो ।(बराल, एटम, २०५५: १)

## ३.२ उपन्यासको व्युत्पति

अंग्रेजी उपन्यास साहित्यका आधिकारिक अध्येता आयनबाटको पुस्तक उपन्यासको उदय प्रकाशनमा आए पनि यसले आधुनिक उपन्यास उदयलाई मात्र आधार मानेको देखिन्छ । पुर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दै जाने हो भने उपन्यासको आधुनिक स्वरूप आधुनिक आर्य भाषामा साहित्य सृजना हुन थालेपछि मात्र विकास हुन थालेको देखिन्छ । नेपाली भाषामा प्रचलित 'उपन्यास' शब्द तत्सम शब्द हो । संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ -'उपपत्ति कृतो हि, अर्थ उपन्यास सङ्कीर्तित'अर्थात कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो ।

जीवनको इतिवृत्तलाई संवहन गर्नेक्रममा पश्चिमी साहित्यका इतिहासलाई स्मरण गर्नु पर्ने हुन्छ । अंग्रेजी साहित्यमा आज प्रचलित नोवेल (Novel) शब्द ल्याटिन भाषाको नोवोस (Novos) अर्थात नोवलस (Novallows) बाट विकसित भएको मानिन्छ । यसै ल्याटिन भाषाबाट विकसित हुदै फ्रान्समा पुगेको नोवेल्ला (Novella) शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेको छ । आज नोवेल (Novel) शब्दको प्रविधिक अर्थ उपन्यास बनेको छ । समाचारपत्रलाई संकेत गर्न नोवेला (Novella)शब्द प्रयोग हुन्थ्यो । आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवन सापेक्ष प्रस्तुति हो र नोवेल शब्दको आधुनिक उपपति हो भन्ने कुराको बोध गराउँछ । (सुवेदी, २०६४: ४-५)

अंग्रेजी नोभेल (Novel) लेखिन थाल्नु भन्दा अघि असम्भव प्राय : तथा काल्पनिक घटनाहरू प्रयोग गरिएका 'Romance' प्रशस्तै लेखिन्थे । अंग्रेजी 'Fiction' का रूपमा 'Romance' लाई प्रतिस्थपित गर्दै पहिलोपटक फेन्चम्यानडे सेगले अंग्रेजीमा Gil Blas (इ.१७१५) नामको नोभेला (Novella) लेखेर चर्चित गराए । यो साहित्यिक प्रकृतिको Novella लाई 'साहसिक उपन्यास' (Picaresqve novel) को पिता भनिन्छ । यसको चार वर्षपछि (ई.१७१९)मा ड्यानियल डिफोको 'Robinson crusoe' आएपछि मात्र विश्व साहित्यका परिप्रेक्ष्यमा Novel ( उपन्यास) आरम्भ भयो । यसैले ड्यानियल डिफोलाई उपन्यासका पिता मानिन्छ । (बराल र एटम, २०५५: १) यसरी विश्व साहित्यमा डयानियल डिफोको 'Robinson crosoe' लाई नै पहिलो उपन्यास कृति र डेनियल डिफोलाई उपन्यासका पिता भनिन्छ । त्यसैले डिफो रिचर्डसन र फिलिङलाई आधुनिक उपन्यास जगत्का मूल आधार र प्रतिस्थापक मानिन्छ । पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा

रिचर्डसनको 'पालेमा'(ई १७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुदै गएको पाइन्छ । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृतिका साथ उपन्यास लेखन अघि बढेको छ ।

## ३.३ उपन्यासको परिभाषा

'उपन्यास' शब्द नेपाली भाषाले मातृभाषा संस्कृतबाट ग्रहण गरे पनि खास गरी यो विधा पाश्चात्य साहित्यको देन हो । आधुनिक साहित्यमा यो एक नयाँ विकासका रूपमा स्थापित भएको छ । प्राचिन समयमा उपन्यासले कथा, कहानी, खिस्सा, टिप्पणीमूलक समाचार जे-जस्ता अर्थ बहन गरे पनि आधुनिक साहित्यमा यसको छुट्टै अर्थ र महत्त्व रहेको छ । उपन्यास लचिलो विधा भएकोले हालसम्म यसको विसम्मत परिभाषा कसैले गर्न सकेको छैन । उपन्यासलाई पश्चिममा तथा पूर्वीय विद्वानहरूले आ-आफ्नै तवरले परिभाषित गर्न खोजेका छन् । यहाँ शब्दकोष, स्वदेशी तथा विदेशी विद्वानहरूले गरेका केही परिभाषा बारे चर्चा गरिन्छ ।

### ३.३.१ शब्दकोषहरूले दिएका परिभाषा

उपन्यासको परिभाषा गर्ने क्रममा विभिन्न किसिमका शब्दकोषले दिइएको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

**१. न्यू इन्टरनेशनल डिक्सनरी**

'उपन्यास यस्तो विशाल कल्पित गद्य आख्या हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जीवनको निरूपणको प्रयास गर्ने चरित्र तथा यिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।'

**२. क्याम्ब्रिज इन्साइक्लोपेडिया**

'बृहत् र बेहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो ।'

**३. हिन्दी शब्दकोष**

'उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य, धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।'

**४. नेपाली शब्दसागर**

'उपन्यास काल्पनिक पात्रको जीवनको हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।' (बस्नेत, २०६३ : १४)

**५. नेपाली साहित्यकोश**

'उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथानात्मक रूप हो ।' उपर्युक्त शब्दकोशीय परिभाषा अनुसार उपन्यास जीवन जगतको सर्वाङ्ग पक्षको चित्रण गर्ने आख्यानात्मक साहित्य हो । यसको कलेवर महाकाव्यको समकक्षी हुन्छ । यो गद्यमा लेखिन्छ । काल्पनिक पात्रहरू रहन्छन् । उपन्यास समय र परिस्थिति अनुसार आफुलाई परिवर्तन र परिस्कृत गर्दै विकासको धारामा बहाउन सक्ने लचिलो गतिशील साहित्यिक विधा भएको कुनै एक विद्वानको परिभाषाले यसको सबै पक्ष समेट्न सक्छ भन्ने छैन तर सबै विद्वानहरूको परिभाषालाई समेट्ने हो भने उपन्यासको आधुनिक पहिचान गराउँन कुनै कठिन हुने छैन । माथिका सबै परिभाषाहरूलाई समेट्दै निष्कर्षका रूपमा उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ ।

उपन्यास काल्पनिक पात्रको कार्य व्यवहारद्वारा यथार्थ घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक इकाइहरू संठित गरिएको ठूलो आयाम, विस्तृत आख्यान समेटिएको जीवनजगतको साङ्गोपाङ्गो चित्रण भएको समय सान्दर्भिक रूपमा परिवर्तन र परिष्कृत महाकाव्य समकक्षी गद्य भाषामा लेखिने आख्यानात्मक साहित्यिक विधा उपन्यास हो । (आचार्य, बस्नेत, २०६२ : १७)

## ३.३.२ विभिन्न विदेशी तथा स्वदेशी विद्वानहरूको परिभाषा

**१. प्रोफेसर वारेन**

'उपन्यास प्रकाशनपूर्ण हो, जसमा कथानक हुन्छ ।'

**२. पाश्चात्य विद्वान् राल्फ फक्स**

'उपन्यास कलानै त्यो पहिलो साहित्य कला हो, जसले मानवजीवनका सम्पूर्ण अङ्गले अभिव्यक्ति  गर्ने प्रयास गर्दछ ।'

**३. हेनरी फिल्डिङ्ग**

'उपन्यास गद्यमा लेखिएको सुखान्त महाकाव्य हो ।' (बस्नेत, २०६३ : १६)

**४. ई. एम. फोस्टर**

'सामाजिक राजनीतिक आर्थिक जटिल समस्याबाट पीडित मानव जातिको प्रतिनिधित्व गर्छ त्यो नै उपन्यास हो ।'

**५. विश्वनाथ**

'उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो ।'

**६. भारतीय विद्वान् प्रेमचन्द्र**

'म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्भन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो ।'

**७. नेपाली समालोचक कृष्णचन्द्रसिंह प्रधान**

'उपन्यास जीवन र जगतप्रतिको एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयास अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य जीवित मनुष्यको संसार हो ।'

**८. नेपाली समालोचक मोहनराज शर्मा**

'विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट, उर्वर, विशिष्ट, आख्यान विधाका रूपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोर्ने विधा भएकोले यसमा स्वैरकल्पनाको पनि प्रचुर प्रयोग भएको देखिन्छ ।'

**९. समालोचक राजेन्द्र सुवेदी**

'पूर्वापर तारतम्यका सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।'

**१०. समालोचक प्रा.दयाराम श्रेष्ठ**

'बहुविधागत संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको व्यापक परिधी भरिको समय र स्थानभित्र विस्तारित भएको कलासौन्दर्ययुक्त कलात्मक गद्यलाई उपन्यास भनिन्छ ।'

### ११. इन्द्रबहादुर राई

'यथार्थसँग परिचयन, सत्यको सन्धान, मुल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन शिक्षण, व्यक्तित्वको पुनरवेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।'

### १२. वासुदेव त्रिपाठी

'कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँदछ ।' (बराल, २०५६ : ८)

परिवर्तनशिल संसारमा हरेक वस्तुको विकास र परिवर्तन भइरहेको हुन्छ । उपन्यास विधा समयसापेक्ष रूपमा परिवर्तित र विकसित भइरहेकोले विद्वानहरूले गरेको परिभाषाले यसका सम्पूर्ण पक्षलाई समेट्न सकेको देखिदैनन् । कुनै पनि विद्वानका परिभाषाहरू पूर्ण र निर्विवाद बन्न सकेको छैन । तर सबै विद्वान्का परिभाषालाई मिलाएर उपन्यासको पहिचान गराउन भने सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास एक गद्यविधा हो । जसका घटना चरित्र र परिवेश हुन्छ । काव्य हुन्छ, पाठकको मनमा कौतुहलता सिर्जना गर्दछ । यसरी उपन्यासलाई गद्यमा लेखिने दीर्घ आयाम भएको जीवन र जगतको सम्पूर्णतालाई चित्रण गर्ने लचिलो कलापूर्ण आख्यानात्मक साहित्य विधा उपन्यास हो भन्न सकिन्छ । (अधिकारी, २०७३ : ३५-३७)

## ३.४ उपन्यासको विधागत स्वरुप

उपन्यासमा आख्यानात्मकता निहित हुनाका कारणले मनोरञ्जन त प्राप्त हुन्छ नै । जीवनको समष्टीकृत अभिव्यक्ति अनिवार्य तत्त्व ठहर्ने हुनाले यसमा नयाँ नयाँ उन्मेष बनेका अभिव्यजनाका सम्भावना पनि बढी हुन्छन् । मान्छेको जीवन प्रारम्भमा सिमित सम्पर्क र सिमित मूल्यका च्यापबाट बिस्तारै व्यापकतातिर र बहुसम्पर्कतिर अभिमुख हुँदै जान्छ । परिणाम के भइदिन्छ भने विशाल क्षेत्र र व्यापक सम्पर्क ओगट्न पुग्नाले चरमत्कर्षको धुरिलाई आत्मसात् गर्न सफल हुन्छ । त्यस्तै उत्कर्ष विन्दुलाई उद्देश्यका रूपमा स्विकार्ने वैचारिक पक्षहरू उपन्यासका आरम्भदेखि नै छरिएर बसेका हुन्छन । पर्वतारोहिले एउटा पहाडको फेदीमा पुगेर हेर्दा त्यस पहाडको चुली देखिएजस्तै उपन्यासको उद्देश्यको धुरि पनि

स्पष्टै देखिनुपर्छ र जुनसुकै खोँचबाट हेरे पनि छर्लङ्ग देखिनुपर्छ । यसरी हेर्दा उपन्यास पिरामिडीय शिल्पमा निर्मित भएको हुन्छ । उपन्यास चरम सिमामा पुगेपछि प्रतिचरममोत्कर्षतिर गिर्दछ- एउटा पर्वतारोही पहाडको सफल आरोहणपछि पुनः अवतरणमा आएझैँ ।

जस्तोसुकै प्रविधि र प्रक्रियाको अनुसरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो । जीवनले सभ्यताका इतिहासमा जेजस्ता तात्त्विक अन्तरणको निर्वाह गर्दै आयो त्यस्तै संयोजनविहीन जीवनको प्रस्तुति संयोजित रूपमा स्थापित गर्ने प्रयास भएको औपन्यासिक स्वरुपको निर्धारण गरिने प्रचलनको पनि आरम्भ भयो । समय, स्थान र व्यक्तित्वको मर्यादालाई पालन गरेर शैली र सीमाभित्र समग्र जीवन प्रस्तुत गर्नु, सङ्क्षेपमा व्यक्त हुनु उपन्यासको स्वरुप हो । सूत्रमा आवद्ध नहुँदानहुँदै पनि इच्छित र नियमबद्धतामा भोगाइका क्रमहरू सूत्रबद्धझैँ बन्न पुग्दछन् । मान्छेले अनायासै समीकरण गरेका जीवनकणहरू अनियमित रहँदारहँदै पनि ठोस र नियमबद्धझैं बन्न पुग्दछन् । यिनै परिणतिको स्वाभाविक प्रस्तुति हो-उपन्यास । यहाँ उपन्यासको ढाँचा, पेटर्न, फर्म, सर्फेजस्ता संज्ञाले व्यक्त गर्ने काम गरिन्छ ।

## ३.५ नेपाली उपन्यासको विकासक्रम

विश्वसाहित्यमा उपन्यास विधाको इतिहास त्यति लामो छैन । उपन्यासको प्रागभूमिमा केवल पूर्वीय आख्यानसाहित्य अर्थात् हाम्रा वैदिक, औपनिषदिक, पौराणिक व्रततपोद्यापन र तिनका महिमागानसँग सम्बद्ध रचनाग्रन्थहरूले उपन्यासको क्षेत्रको पूराइतिहासमा महत्त्वपूर्ण काम गरेको छन् । राजनीतिक रूपमा नेपाल एकीकरणसँगै नेपाली भाषाले केन्दीयताको अवस्था प्राप्त गर्दै जान लागेको पाइन्छ । एकीकरणपश्चातनै नेपाली भाषामा लामा लामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । मूलत उपन्यास आख्यानात्मक भएकाले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा आख्यानको उद्भवसँग उपन्यासको पनि आरम्भ भएको मानिन्छ । वर्तमानमा नैपाली साहित्यमा प्रचलित उपन्यास विधालाई पाश्चात्य साहित्यको देन मानिन्छ । अङ्ग्रेजी साहित्यमा छोटा रमाइला आख्यानबाट आरम्भ भएर अठारौँ शताब्दीमा विकसित भएको उपन्यास विधा हिन्दी र बङ्गाली साहित्य हुँदै नेपाली साहित्यमा बीसौ शताब्दीमा भित्रिएको पाइन्छ । यसरी हेर्दा संस्कृत भाषाबाट नेपाली भाषामा अनुदित शक्तिवल्लभ अर्यालको माहाभारत विराटपर्व (

वि.सं.१८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरुप हो । शक्तिवल्लभ अर्यालको विराटपर्वबाट सुरु भएको नेपाली उपन्यासपरम्परा विभिन्न मोडमा र चरणहरू पार गर्दै वर्तमान अवस्थामा आइपुगेको छ । नेपाली उपन्यासको विकासक्रम वा चरणहरूको बारेमा विद्वान तथा समिक्षकहरूबीच मतैक्यको स्थिति नभए पनि आरम्भविन्दु भने सवैले वि.सं. १८२७ को महाभारत विराटपर्वलाई मानेका छन् । त्यसकारण यही गद्यकृतिबाट नेपाली उपन्यासको विकासको थलानी भएको मान्न सकिन्छ । भाषा, लेखनशैली, उद्देश्य र प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गर्न सकिन्छ ।

क) प्राथमिक काल (वि.सं. १८२७ देखि १९४५ सम्म)

ख) माध्यमिक काल (वि.सं.१९४६ देखि १९९० सम्म)

ग) आधुनिक काल (वि.सं.१९९१ देखि हाल सम्म)

### ३.५.१. प्राथमिक काल : (वि.सं. १८२७देखि १९४५ सम्म)

नेपाली सहित्य परम्पराको आरम्भ भने नेपाली भाषामा नेपालको एकीकरणको अभियान पनि जोडिएर अघि बढेको छ । यस क्रममा सुवानन्द दासको कविता ‘पृथ्विनारायण शाह’ १८३१ अगावै पाठकजगतमा देखा परेको हो । १८३१ को पृथ्विनारायण शाहको दिव्यपदेश पनि यस अवधिको उपलब्धि मानिन्छ । नेपाली उपन्यासको परम्परा वि.सं. १८२७ मा शक्तिवल्लभ अर्यालद्वारा अनूदित ‘महाभारत विराटपर्व’बाट प्राथमिककाल आरम्भ हुन्छ । आख्यानको फराकिलो आयातन भएको कृति हो- शक्तिवल्लभ अर्यालको विराटपर्व । नेपाली साहित्यको इतिहासमा सुवानन्द दासले १८२६ तिर कवितामा र पृथ्विनारायण शाहले आत्मकथात्मक निबन्धमा १८३१ मा जग राखे झैँ यस ‘विराटपर्व’(१८२७) मा महाभारतको वृहत् संसारभित्रबाट अख्यानको स्रोत ग्रहण गरेर कृतित्व प्रदान गरेको देख्न पाइन्छ । आख्यान सिर्जनाको परम्परामा १८३३ मा भानुदत्तको दितोपदेश मित्रलाभको अनुवादबाट अघि बढेको छ । शक्तिवल्लभ अर्यालकै १८४९ मा ‘जयरत्नकार’ र १८५५ मा ‘हास्यकदम्ब’ १८५१ मा रामभद्र पाध्याद्वारा ‘लक्ष्मी’-धर्म संवाद महाभारतका प्रसङ्गबाट उद्धृत गरेर तयार गरी आख्यानात्मक प्रसङ्गलाई अघि बढाउने काम भएको पाइन्छ । त्यसै गरी आख्यानको इतिहासलाई अझ विस्तार गर्ने सामग्रीको रूपमा १८७२ मा लिखित पिनासको विनाश र १८७५ मा दशकुमार चरित्र आख्यानको श्रृङखला अघि बढाउने काममा महत्त्वपूर्ण स्थान

ओगटेका छन् । १८८२ मा भवानीदत्त पाण्डेको मुद्रा राक्षस, १८९० मा सुन्दरानन्दबाँडाका त्रिरत्न सौन्दर्य गाथा र अध्यात्मरामायण १९९३ मा बहत्र सुधाको कथा नेपाली पञ्चविंशतिकाले पनि प्राथमिक काललाई अघि बढाउन भरपुर काम गरेको पाइन्छ । यस चरणका अधिकांश कथात्मक रचनाहरू साहित्यको कलात्मक सृजनाका निम्ति नभएर उपदेश प्रदान गर्ने नैतिकताको विस्तार गर्ने, शिक्षा विस्तार गर्ने, चेतनाको सञ्चार गर्ने जस्ता अनेकौ पक्षहरूको प्रस्तुतिका निम्ति सृजना गरेको पाइन्छ भने दोश्रो तहका प्रस्तुतिहरू औपन्यासिक रहेका छन् । शक्तिवल्लभको विराटपर्व, भानुदत्तको दितोपदेश, पिनासको कथा, स्वस्थानी व्रतकथा, अध्यत्मरामायण त्रिरत्न सौन्दर्य गाथा औपन्यासिक धर्म भित्र पर्ने रचनाहरू हुन् । यिनीहरूको अख्यानात्मकता विस्तृत र आयतन व्यापक, चरित्रको आयाम व्यापक संवाद र कथोपकथन व्यापक आयतनमा स्थपित गरेका छन् । यसरी कथा, उपन्यास र नाटकीय प्रस्तुतिले पनि यस समयमा अग्रगति प्राप्त गरेको छ । साहित्यले विधागत अस्तित्व प्रारम्भ गर्न सुरु गरेको यस अवधिलाई नेपाली उपन्यास परम्पराको प्राथमिक काल मान्नु उपयुक्त हुन्छ । (सुवेदी, २०६४ : ३५-३७)

### ३.५.२ माध्यमिक काल (१९४६ देखि१९९०सम्म)

राणाकालीन नेपालको राजनीतिक, सामाजिक वातावरण र विदेशी भाषाको प्रभावका कारण नेपालीमा पनि पुस्तक छापिन तथा लेखिने क्रम बढन थाले पछि जासुसी, तिल्समी, ऐय्यारी आख्यानहरू देखिन थाले । शिवदत्त शर्माले अनुवाद गरेको वीरसिक्का १९४६ मा प्रकाशित भएपछि नेपाली उपन्यासको माध्यमिक काल सुरु हुन्छ । यसरी रोमान्चकतालाई समेटेर ओपन्यासिक विधागत सचेतता नभएको रचनाहरू ‘रुपमती’ (१९९१) भन्दा अगाडि निकै प्रकाशित भएका छन् । (बराल र एटम, २०५५: १२) वीरसिक्काको प्रकाशन पछि अनुवाद परम्परामा समेत केही परिवर्तन आएको देखिन्छ । अन्य आख्यानात्मक कृतिका अतिरिक्त विभिन्न भाषामा लेखिएका उपन्यासहरूको अनुवाद गर्नुका साथै मौलिक उपन्यास लेखनतर्फ समेत लेखकहरू सकृय भएको पाइन्छ । प्राथमिक कालको तुलनामा माध्यमिक कालले फराकिलो क्षेत्र विस्तार गर्दै मनोरञ्जनात्मक, धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, सामाजिक सुधारात्मक औपन्यासिक आख्यान कृतिहरू प्रकाशित गरेको पाइन्छ ।

पृष्ठभूमि चरणमा आरम्भ भएका अभिलेखीय प्रकृतिका मूल्यलाई प्राथमिक कालका आख्यानले केही बहिस्कार गर्दै र ग्रन्थस्तरीय आख्यानकाय ग्रहण गर्दै आएका तथ्यहरू देखा पर्न थालेका छन् । यी रचनालाई जम्मा ३ भागमा राखेर हेर्न सकिन्छ । (१) धर्मिक र

पौराणिक धाराका अनूदित र पुनः सृजित र रचनाहरू, (२) नैतिक र औपदेशिक धाराका अनूदित र पुनः सृजित रचनाहरू, (३) रम्याख्यानका विभिन्न स्रोतबाट पुनः सृजित र मौलिक रचनाहरू । (सुवेदी २०६४ :३८) हरिकृष्णद्वारा रचित तथा शिवदृत्त शर्माद्वारा अनुदित वीरसिक्का (वि.सं. १८४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो । नेपालीमा प्रकाशित मौलिक प्रथम उपन्यास चाहिँ एसः एसः शर्माको 'मेहेन्द्र प्रभा' ( १९५९) लाई मानिन्छ । वीरसिक्काको प्रकाशन पछि हरिहर शर्माको 'शुकबहत्तरी' (१९५०) अज्ञातको 'लालदीराको कथा'(१९५०) नरदेव पाण्डेको 'बीरुबल चातुरी' (१९५६) एस.एस्. शर्माका 'चन्द्रकान्ता'(१९५६),'नरेन्द्र मोहनी'(१९५८) जस्ता .अनुदित उपन्यास प्रकाशित भए । यस पछि गिरीशवल्लभ जोशीको 'वीरचरित्र'(१९६०) लेखनका हिसाबले पहिलो मौलिक नेपाली उपन्यास हो । नेपाली उपन्यास विधालाई विभिन्न पत्र-पत्रिकाले पनि महत्त्वपूर्ण योगदान पुऱ्यएका छन् । जासुसी र तिलस्मी उपन्यासका क्षेत्रमा यस कालमा 'गोरखापत्र' मा प्रकाशित 'जादुगर'(१९६४- ६५) 'नौलाखाहार' (१९६७- ६८) तथा सुन्दरी पत्रिकामा 'मधुषाला'(१९६३) 'सुन्दरी भूषण'(१९६३) जस्ता रचनाले योगदान पुऱ्याएको छ । (बराल र एटम २०५५: १२-१३) वि. सं. १९५९ मा उपन्यास तरङ्गिणीमा प्रकाशित सदाशिव शर्माको महेन्द्र प्रभा नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिक कालीन अन्य उपन्यासहरूमा गिरिशबल्लभ जोशीको वीरचरित्र (वि.सं. १९६०) प्रारब्ध्यर्पण (वि.सं. १९६७), वेदनाथ आचार्यको दयाकी भावी (वि. सं. १९७९), पद्मनाथ सापकोटाको जीवनचरित्र (वि.सं. १९७३), रामप्रसाद सत्यालको महासती अनुसूया (१९८५) र अम्बालिका देवीको राजपुत रमरी (१९८९) आदि रहेका छन् । यी उपन्यासहरू मध्ये दयाकी भावी (वि.सं. १९७९), महासती अनुसूमा र राजपुत रमणी यी उपन्यासहरूलाई नेपाली उपन्यासको आधुनिक कालका निम्ति सबै भन्दा पुराना र माध्यमिक कालका निम्ति सबै भन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यास कृतिहरूका रूपमा लिन सकिन्छ । (सुवेदी, २०६४: ६७) यसकालमा अनुवादको परम्परा सशक्त देखदा देखिदै पनि 'महेन्द्रप्रभा' र 'वीर चरित्र' जस्ता मौलिक कृतिको रचना भएको पाइन्छ । असम्भव, अलौकिक र काल्पनिक घटनाको वर्णनमा जोड दिइएको पाइन्छ । नारी जातिलाई भोगविलास र मनोरञ्जनका साधन मान्ने प्रवृति पाइन्छ । धर्मिक, नैतिक, मनोरञ्जनात्मक र सामाजिक सुधारको भाव व्यक्त भएको पाइन्छ । लेखकहरूले आधुनिक औपन्यासिक तत्त्वहरूको संयोजन गरेर उपन्यास लेख्न सकेको देखिदैन् । वीरसिक्काबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा महेन्द्रप्रभा

(वि.सं. १९५९), वीरचरित्र (१९६०), राजदुत रमणी(वि.सं. १९८९) हुदै अगाडि बढेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरूधारावाहिक रूपमा पत्रिकामा प्रकाशित हुदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा पाइन्छ । स्रोतगत विस्तार र विषयगत विविधता फैलदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिककालीन आख्यानवृत वा उपन्यासले प्राप्त गरेको छ ।

### ३.५.३ आधुनिक काल (१९९१ देखि हाल सम्म)

आधुनिक नेपाली उपन्यास परम्पराको सुरुवात गर्ने कृतिका रूपमा रुद्रराज पण्डेको रुपमती(१९९१) लाई लिइन्छ । यस अघिका उपन्यासहरू उपन्यासको पूर्व रूप वा पृष्ठभूमिका रूपमा देखा परेका छन् । आधुनिक कालको सुरुवात गर्ने पहिलो श्रेय 'रुपमती' उपन्यासलाई प्राप्त छ । माध्यमिककालीन धार्मिक, नैतिक र अति रञ्जनात्मक प्रवृतिलाई त्यागेर नवीन मुल्य मान्यता विधागत सचेतताका साथ लेखन सुरु भएको पाइन्छ । नेपाली उपन्यास परम्पराको सुरुवाती विन्दुको बारेमा समिक्षकको एकमत पाइदैन् । कतिपय समालोकले आदर्श स्थापना गर्ने आग्रहका कारण अतिरञ्जनात्मक प्रवृतिलाई रुपमतीमा त्याग्न नसकिएको, पुरानो परम्परालाई त्याग्न नसकिएको, भेदभावमूलक सस्कार कायमै रहेको, चरित्रको परिवर्तनमा नियतिको भूमिका स्विकारिएको र नयाँ मूल्य मान्यता स्थापना गर्न नसकेकाले पहिलो आधुनिक उपन्यास नमानेर विष्णुचरण श्रेष्ठको 'सुमती'(१९९१) लाई मान्नु पर्ने धारणा व्यक्त गरेका छन् । आधुनिक नेपाली उपन्यासको कालखण्डमा सामाजिक यथार्थका विभिन्न रूपहरू चित्रण भएको पाइन्छ । कथानकको प्रवलता र आदर्श र यथार्थको स्वच्छ मिश्रण समेत पाइन्छ । बाहिरी यथार्थको उद्घाटन गरी घटनालाई उपन्यास बनाउने परम्परा रहेको पाइन्छ । उपन्यासमा समाज, परिवेश र भावुकताको मिश्रण गर्दै कलात्मकता सिर्जना गरिएको पाइन्छ भने कतै बाह्य यथार्थलाई छाडेर चरित्रका भित्री मनका कुरा केलाउन अग्रसर रहेको भेटिन्छ । पाश्चात्य साहित्यका अनेकौ वाद र प्रयोग पनि नेपाली उपन्यासको यस कालमा भित्रिन सफल भएको पाउन सकिन्छ । जटिल र व्यक्तिनिष्ठ दार्शनिक उपन्यास लेखन त एकातर्फ छदै छ भने अर्कोतर्फ सामाजिक विसङ्गतिका चिरफार तथा समाजवादी यथार्थ तिर पनि उन्मुख भएको देखिन्छ । आधुनिक कालको द्वितीय चरणका उपन्यासमा परम्परागत मूल्य र मान्यताको खुल्ला विरोध गरी चुनौती दिएका छन् । विचार प्रतिपादनका लागि उपन्यास लेख्दा कलात्मकताको ह्रास क्लिष्ठताको

वृद्धि हुने नियति यस अवधिमा भोग्नुपरेपनि जीवनमुखी तथा समाजमुखी उपन्यासको लेखनले वर्तमान समयमा प्रोत्साहन पाउँदै गरेको देखिनु र त्यस अनुरूप उपन्यास रचिनु सुखद् भविष्यको लक्षण ठान्नुपर्छ । (बराल र एटम, २०५५: १४-१५) रुपमती उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेको बुहारीमाथिको सासूको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको बुहारी भएपछि सासू देवरको लाञ्छना सहनु पर्ने र देवरानी, जेठानीका बीचमा हुने कलह, वैमनस्यता जस्ता समाजका यथार्थ पक्षलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ । बुहारी हुनु त रुपमती जस्ती भन्ने आदर्श स्थापना गर्न खोजिएको यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । यसरी रुपमती (वि.सं.१९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिक काल विभिन्न समयमा विभिन्न प्रवृतिलाई आत्मसाथ गर्दै आजको अवस्थासम्म गतिशील छ । नेपाली उपन्यासहरूमा हालसम्म देखिएका संस्कारगत भिन्नताको आधारमा वि.सं. १९९१ देखि वर्तमान सम्मको नेपाली उपन्यास लेखन प्रवृतिलाई मोटामोटी निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

(१) आदर्शोन्मुख यथार्थवादी धारा

(२) स्वच्छन्दतावादी धारा

(३) सामाजिक यथार्थवादी धारा

(४) आलोचनात्मक यथार्थवादी धारा

(५) मनोविश्लेषणात्मक धारा

(६) विसङगतिवादी धारा

(७) अस्तित्ववादी धारा

(८) समाजवादी यथार्थवादी धारा

(९) नवचेतनामूलक (उत्तर आधुनिक धारा)

## ३.५.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

वस्तु जस्तो छ त्यसलाई त्यस्तै रूपमा चित्रण गर्ने काम यथार्थवादीले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा र

अनुशरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श भनिन्छ । (सुवेदी, २०६४: ६३) नेपाली उपन्यासमा यस धाराको थलानी रुद्रराज पाण्डेको ‘रुपमती’(१९९१) को प्रकाशनदेखि भएको हो । (बराल र एटम २०५५: १६) सामाजिक यथार्थको चित्रणलाई महत्त्व दिइने यस किसिमका उपन्यासको मुख्य उद्देश्य आदर्शको स्थापना गर्नु रहेकालेनै आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिएको हो । मानवसमाज र यथार्थ परिवेशलाई आधारबनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ । (बराल र अन्य, २०५६: ९८) रुद्रराज पण्डेको ‘रुपमती’ (१९९१), ‘चम्पाकाजी’(१९९३), ‘प्रायश्चित’(१९९३) र ‘प्रेम’(२००५), काशीबहादुर श्रेष्ठका ‘उषा’(१९९५) र ‘वचन’(२००१) टुकराज पद्मराज मिश्रका, ‘राजबन्धकी’(१९९६) ‘रामकृष्ण कुवर राणा’(१९९९) सुरेन्द्रबहादुर साहको ‘परिजात’(२००३) मोहनबहादुर मल्लको ‘समयको हुरि’(२०१५) आदि यस धाराका उपन्यास हुन् ।

समयका दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । वि.सं. २००३ सम्म यो धारा प्रमुख रूपमा अघि बढेको पाइन्छ । यस धारा वा प्रवृतिका उपन्यासमा सामाजिक विषयको प्रधानता रहेको छ भने नारी जीवनको दुःख, पीडा उद्घाटन गर्दै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् । (बराल र अन्य, २०५६: १०१) उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषा प्रयोग गरिएको पाइन्छ । सामाजिक यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैको आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेका छन् ।

### ३.५.३.२ स्वच्छन्दतावादी धारा

स्वच्छन्दतावादी उपन्यास को अभ्युत्थान नेपाली उपन्यासको इतिहासमा १९९३ मा रूप नारायण सिंहको ‘भ्रमर’ बाट भएको हो । यसको पृष्ठभूमि हेर्दा नेपाली समाज,संस्कार, जातिगत चेतना, अस्मिताबोध र उत्थानको लागि भएको पाइन्छ । स्वच्छदतावादी चेतना भनेको सङ्घर्षमूलक विद्रोहको दृष्टिले ऋणात्मक अभिव्यक्ति हो । (सुवेदी, २०६४: ६४) यथार्थको बन्धनलाई भाँचेर स्वच्छन्द जीवनको पक्षमा वकालत गर्दै उन्मुक्त प्रेमको चित्रण, पात्रको विभिन्न ठाँउको भ्रमण, प्रकृतिको मनोहर चित्रण र ईश्वरीय रहस्यको प्रस्तुति उपन्यासमा गर्नु नै स्वच्छन्दतावाद हो । (बराल र एटम, २०५५: १७) यस सँगसँगै यस धाराका अन्य उपन्यासहरूमा अच्छा राई ‘रसिक’ ‘लगन’ (२०१२) मोहनबहादुर मल्ल

'उजेली छाया' (२००८) शिवकुमार राईको 'डाक बङ्गला'(२०१३), तुलसीराम कुँवरको 'जीवन'(२०२०) समीरण प्रियदर्शीको'यो खिएको जिन्दगी'(२०२८) हिरण्य भोजपुरेको 'छिटेन'(२०५४) होमराज आचार्यको 'निर्दोश कैदी'(२०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

### ३.५.३.३ सामाजिक यथार्थवादी धारा

मानवजगतका वर्गर तिनबाट जन्मेको विसङ्गत कोणलाई समेट्ने श्रम र मेहनतबाट जीविकोपार्जन गर्न विवस बनेका मान्छेहरूका समाजमा मौलिकताको सुरक्षा जस्ता आधारभूत विषयमा सचेत बन्दै गएका मानव समुदायमा पक्षमा व्यक्त भएको कलात्मक प्रस्तुतिनै यथार्थ हो । समाजमा जे छ अर्थात् समाजमा भई रहेका कुरा जति छ त्यतिमात्र आफ्ना रचनामा स्थापित गर्ने प्रवृतिलाई सामाजिक यथार्थवादी प्रवृति भनिएको छ । आदर्शबाट अलि पर पुगेर पनि समाजवादी यथार्थवादी विन्दुमा भने पुग्न नसकेको अवस्था नै सामाजिक यथार्थवादी अवस्था हो । (सुवेदी, २०६४: १०४-१०७) नेपाली उपन्यासको यस धारामा समाज व्यक्ति वा जीवन जस्तो छ त्यस्तै रूपमा प्रकट गर्दै लैनसिंह बाङ्देलको 'मुलुक बाहिर'(२००४) उपन्यासको प्रकाशनसँगै भएको पाइन्छ । (बराल र एटम २०५५: १७) बाङ्देलको 'माइतघर'(वि.सं. २००८) 'रेम्ब्रान्ट'(वि.सं. २०२३) लीलबहादुर क्षेत्रीको बसाइँ (वि.सं.२०१४), 'अतृप्त'(वि.सं.२०२६), 'ब्रह्मपुत्रको छेउछाउ'(वि.सं. २०४३) केशवराज पिँडालीको 'बाच्ने एउटा जिन्दगी'(वि.सं.२०४३) राजेश्वर देवकोटाको 'अवर्तन'(वि.सं. २०४१) 'पूर्वकथा'(२०४३) 'उत्सर्ग प्रेम'(वि.सं. २०४४) सुस्मिता नेपालको 'एकान्त पनि रुन्छ' (२०५३) 'मेरो छातीका कोलाजहरू'(२०५५) आदि यस धारामा उपन्यासहरू छन् । सामाजिक यथार्थवादी धारा वि.सं. २०१० सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यास परम्परामा सबै भन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम, निम्न वर्गीय जीवनका तिता मिठा यथार्थलाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यास तीव्र गद्यात्मक स्वरुपका छन् । बसाँइ यस धाराको सशक्त कृतिको रूपमा आएको छ भने माइतघर र लङ्गडाको साथी यस धाराका अन्य प्रमुख उपन्यास मानिन्छ । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत श्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

### ३.५.३.४ आलोचनात्मक यथार्थवादी धारा

सामाजिक भेदभाव, कुरीति, शोषण, दमन, उत्पीडन जस्ता विकृति विसङ्गतिको विरोध तथा आलोचना गरेर सुधारका निम्ति सङ्घर्ष गर्न अभिप्रेरित गर्ने उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । सामाजिक विसङ्गतिमा अडेको चिन्तन प्रणालीलाई आलोचनत्मक यथार्थवाद भनिन्छ । क्रान्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमाजाल विछ्याएर त्यसलाई निष्कृय तुल्याउने चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ । (सुवेदी वि.सं.२०६४: १८७) यस धाराको थलानी हृदयचन्द्र सिंह प्रधानको स्वास्नी मान्छे प्रकाशनसँगै सुरु भएको मानिन्छ । यस धाराका उपन्यासमा यथार्थ चित्रण गर्दा त्यसमा देखिने कुरीति, दमन, शोषण, अन्धविश्वास, विसङ्गतिको आलोचना गरिएको हुन्छ । विद्रोह र क्रान्ति स्वच्छन्द पाराको हुन्छ । नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवाद पछि लेखन प्रवृतिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह बाङ्देलको लङ्गडाको साथीले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धारा अन्तर्गत लेखिएका उपन्यासहरूमा हृदयचन्द्रसिंह प्रधानका 'स्वास्नीमान्छे'(२०११), 'एक चिहान'(वि.सं. २०१७) खडकबहादुर सिंहको 'विद्रोह'भाग १ र २ (वि.सं. २०११-२०१३), 'हुरीको चरा' ( वि.सं.२०१५) दौलत विक्रम विष्टका 'मञ्जरी'(वि.सं. २०१६), 'भोक र भित्ताहरू' ( वि.सं.२०३८) तारानाथका 'मेरो कथा'(वि.सं.२०२६), 'सुली'(वि.सं.२०३०)जगदीश घिमिरेका 'लिलाम' (वि.सं.२०३७), 'साबित्री'(वि.सं.२०३२) रमेश विकलका 'सुनौली' (वि.सं. २०३१), 'अविरल बग्दछ इन्द्रावती' (वि.सं. २०४०) आदि यस धाराका उपन्यासहरू हुन् ।

पराधिनता, शोषण, दमन, पूँजीवाद शक्ति प्रतिको विरोध, जातीय, धार्मिक, क्षेत्रीय, वर्णगत, आर्थिक र सामाजिक भेदभावको आलोचना चिरफार गर्नु यस धाराको मुख्य विशेषता देखिन्छ । गरीब वर्गको पक्षपोषण गर्दै मुक्ति, परिवर्तन, प्रगति, सुख र स्थायी शान्तिका लागि सामाजिक हितलाई प्राथमिकता दिनु यस धाराको मुख्य उद्देश्य रहेको छ । वर्गीय समाजमा देखिने आन्तरिक समस्यालाई स्पष्ट पार्न गर्ने यो धारा सक्षम देखिदैन् । साहित्यको मूल्याङ्कन कलाका आधारमा हैन उपयोगिताको आधारमा गरेको पाइन्छ ।

### ३.५.३.५ मनोविश्लेषणात्मक धारा

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरेको पाइन्छ । मान्छेका मनस्तरका अन्तर तहमा रहेका अतृप्तिजन्य उत्सुकता र इच्छाहरूको प्रस्तुति गर्ने क्रममा मनोविज्ञानले आफूलाई समर्पित गरेको छ । (सुवेदी वि.सं.२०६४: २४५) वि.स २०१६ मा गोविन्द गोठालेको 'पल्लो घरको झ्याल' बाट यस धाराको सुत्रपात भएको हो । यस चरणमा मान्छेका बाह्य जीवन जगतका यावत पक्षलाई ध्यान नदिई मानवीय अन्तरमनका भावना, कुण्ठा, चाहनाको ख्याल गर्दै व्यक्तिमनको आन्तरिक विश्लेषणमा तल्लीन रहेको पाइन्छ । मानव अचेतनमनले चेतन मनलाई पारेको प्रभाव, कुण्ठा र त्यसबाट व्यक्तिले भोग्ने अवस्थाको विश्लेषणमा लेखन केन्द्रित रहेका छन् । मान्छेका दमित इच्छाबाट मान्छेले भोग्नुपरेको अवस्था विशेष गरी यौन कुण्ठा, मनोदशा, र अतृप्तिको अध्ययन यस चरणका उपन्यासमा पाइन्छ । मनोविश्लेषणको विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यास गोबिन्दबहादुर मल्ल गोठालेको 'पल्लो घरको झ्याल' (वि.सं. २०१६) लाई मानिन्छ । विजय मल्लको 'अनुराधा' (वि.सं. २०१८), 'कुमारी शोभा' (वि.सं. २०३९), विश्वेश्वरप्रसाद कोइरालाका 'तीन घुम्ती' (वि.सं. २०२५) र 'नरेन्द्र दाइ' (वि.सं. २०२७) तारिणीप्रसाद कोइरालाको 'सर्पदंश' (वि.सं. २०२६), 'फालिएको सामान' (वि.सं. २०४२), नुकल सिलवालको 'तेस्रो पाइला' (वि.सं. २०४५) नयनराज पाण्डेको 'अतिरिक्त' (वि.सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन् ।

### ३.५.३.६ विसङ्गतिवादी धारा

मान्छेले सञ्चित गरेको मूल्य, इच्छा, मान्यता र उसका क्रियाकलापहरूलाई निरर्थकता प्रदान गरिएको हुन्छ । संसार विसङ्गतिले भरिएको हुनाले मान्छेको अस्तित्वको खोजी गर्दा सुन्यमात्र हात लाग्छ । यस्तै कुराको खोजी गर्दै वि.सं.२०२१ मा इन्द्रबहादुर राईको 'आज रमिता छ' बाट यस धाराको सुत्रपात भएको हो । (बरालर एटम, २०५५: २०) विश्वमा भएको पहिलो र दास्रो नरसंहार, विध्वंशले मानवजीवनमा परेको असरलाई उपन्यासका माध्यमबाट यस धारामा प्रस्तुत गरेको पाइन्छ । विश्व परिवेशमा देखिने राजनीतिक प्रतिबद्धता र व्यवहारिकता बीचको विसङ्गतिलाई मुख्य विषयवस्तु बनाउनु यस धाराको विशेषता हो । मान्छे जीवन र मृत्युको श्राप पाएको प्राणी हो भन्ने कुरा देखाउँदै समाजका धर्म, क्रियाकलाप सम्बन्ध व्यवस्था आदि प्रति व्यङ्ग्य गर्नु यिनको विशेषता हो । नेपाली उपन्यास परम्परामा इन्द्रबहादुर राईको 'आज रमिता छ (

वि.सं.२०२१) विसङ्गतिवादी धारालाई ठोस रूप प्रदान गरेको छ । यस धाराका अन्य उपन्यासहरूमा पारिजातको 'शिरीषको फूल' (वि.सं.२०२२), 'महत्ताहीन' (वि.सं.२०२५) ध्रुवचन्द्र गौतमका 'अन्त्यपछि' (वि.सं.२०२४), वालुवामाथि' (वि.सं.२०२८), 'डापी' ( वि.सं.२०३३) दौलतविक्रम विष्टको 'चपाइएका अनुहार' (वि.सं.२०३०) आदिलाई लिइएको पाइन्छ । मान्छेको आफ्नै जीवनलाई बाह्य विभीषिकाजन्य भय र आन्तरिक स्नायविक अल्झेको पाउन लागेको कुरा यस धाराका उपन्यासमा आत्मसात भएको छ ।

### ३.५.३.७ अस्तित्ववादी धारा

नेपाली उपन्यासमा धाराको सुरुवात वि.सं. २०२२ सालमा प्रकाशित पारिजातको 'शिरीषको फूल' बाट सुरुवात भएको मानिन्छ । (बराल र एटम वि.सं. २०५५: २०) विसङ्गत संसारमा बाचेका मानिसहरूले जीवनको अस्तित्व खोजी गर्दै स्वतन्त्रताको वकालत गर्ने, जे पर्छ आफ्नो लागि आफै भाग्ने प्रवृति यी उपन्यासमा पाइन्छ । सामाजिक बन्धन र संस्कारलाई भुलेर भएपनि आफ्नो मूल्य र स्वतन्त्रताको अस्तित्व कायम गर्नु यस धाराको विशेषता हो । सुकरात र सेन्ट अगस्टिन जस्ता प्राचीन पाश्चात्य चिन्तकहरूको चिन्तनमा पनि वस्तु भावसत्ता पहिल्याउने प्रयत्न गरिएको पाइनाले पनि अस्तित्ववाद अभौतिक दर्शन हो र पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो । राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसंगतिवादसँग यसको सम्बन्ध नजिक रहेको पाइन्छ ।

नेपाली उपन्यासको अस्तित्ववादी धारामा देखिएका उपन्यासहरूमा पारिजातको 'शिरीषको फूल' (वि.सं.२०२२), 'अन्तरमूर्खी (वि.सं.२०३५), ध्रुवचन्द्र गौतमका 'अन्त्यापछि' ( वि.सं.२०२४), 'बालुवामाथि' (वि.सं.२०२८), 'डापी' (वि.सं.२०३३), विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (वि.सं.२०२५) सरुभक्तको 'पागलवस्ती (वि.सं.२०४८), 'तरुनी खेती' (वि.सं.२०५२), 'समय त्रासदी' (वि.सं.२०५८) आदि रहेको देखिन्छ ।

मान्छेले आफ्नो अस्तित्व आफै खोज्नु पर्ने र अस्तित्व खोजी गर्दा आउने परिणामको भागीदार आफै हुनुपर्ने कुरा यस धाराका उपन्यासमा पाइन्छ । अस्तित्ववादीहरू व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता, वैयक्तिक दायित्व, व्यक्तिगत विशष्टता जस्ता विषयलाई महत्त्व दिने गर्दछ । मानिस अरु प्राणी भन्दा विशिष्ठ मानिने प्राणी भएतापनि आफ्नो अस्तित्वको खोजी गर्दा कहिले काही विसङ्गतितर्फ धकेलिन्छ । तर पनि आफ्नो मूल्य स्थापित गर्न लागि परिरहन्छ यो नै अस्तित्ववाद भन्ने गरिन्छ ।

### ३.५.३.८ समाजवादी यथार्थवादी धारा

आलोचनात्मक यथार्थवादबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । नेपाली साहित्यमा औपचारिक र स्वतस्फूर्त रूपमा समाजवादी यथार्थवादको सुरुवात वि.सं. २००७ साल अघि नै भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली उपन्यास क्षेत्रमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापित हुन् सकेको छैन् । वि.सं.२००७ साल पछि सामान्य रुपान्तरणका स्वरहरू व्यक्त गर्ने लेखकहरूले नेपाली समाजमा आर्थिक र सामाजिक पक्षमा देखिएका विसङ्गतिलाई विषयवस्तु बनाई व्यङ्ग्य गर्ने आलोचना गर्ने र समाज परिवर्तनको चाहना राख्दै विस्तारै विस्तरै लेखन सुरु भएतापनि पूर्ण रूपमा स्थापित भएको पाइदैन् । (सुवेदी, २०६४: ४२२) नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको 'अछुत' (वि.सं.२०११), हृदयचन्द्रसिंह प्रधानको 'स्वस्नीमान्छे' (वि.सं.२०११), खडकबहादुर सिंहको विद्रोह भाग १ (वि.सं.२०११), विद्रोह भाग २ (वि.सं.२०१३), डि.पी.अधिकारीको 'आशमाया' (वि.सं.२०२५) र 'धर्ती अझै बोल्दैन' (वि.सं.२०२७), खगेन्द्र संग्रौलाको 'चेतनाको पहिलो डाक' (वि.सं.२०२७), 'आमाको छटपटी (वि.सं.२०३४), पारिजातका 'तोरीबारी', 'बाटा र सपनाहरू (वि.सं.२०३२), 'पर्खाल भित्र र बाहिर' ( वि.सं.२०३५), रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती' (वि.सं.२०४०), 'भाष्करका बन्दी आवाज' (वि.सं.२०४६), 'हाडीका कनिका' (वि.सं.२०४५) र 'अमरबस्ती' (वि.सं.२०५३) घनस्याम ढकालका 'गाउँभित्र' (वि.सं.२०४७), 'आहुतिको नयाँ घर', मोदनाथ प्रश्रितका 'देशभक्त लक्ष्मीबाई' (वि.सं.२०३२), अनुदित र चोर' (वि.सं.२०४४), ॠषिराज बरालको 'कामरेड हुतराज राजधानी प्रस्थान' (वि.सं.२०४८) आदि समाजवादी यथार्थवादी धाराका उपन्यासलाई लिन सकिन्छ ।

अनावश्यक भावना, कल्पना, कोरा आदर्श र व्यक्तिवादी चिन्तनको प्रस्तुतितर्फ नलागेर स्वस्थ, वैज्ञानिक र समाजकल्याणको भावनालाई प्रस्तुति दिनुपर्छ भन्ने कुरामा जोड दिएको पाइन्छ । सामाजिक यथार्थको चित्रण गर्दै भौतिक विकास र समाज परिवर्तन गर्ने कामलाई सहज बनाउने प्रयास गर्नु, सर्वहारावर्गको पक्ष पोषण गर्दै शोषक र सामन्तीहरूको विरोध गर्नु दलित र पीडितको लागि आवाज उठाउनु यस धाराको मुख्य विशेषता रहेको पाइन्छ । साहित्य सिर्जनाको मुख्य आधार समाजनै रहेको र त्यसको सिर्जना पनि समाजमै

हुने हुनाले समाजको परिवर्तन र प्रगतिको चित्रण गरी समाजलाई स्वस्थ र सवल बनाउनु यस धाराको उद्देश्य हो ।

### ३.५.३.९ नवचेतनामूलक/उत्तरआधुनिक धारा

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवर्तनशील रूप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैले समकालीन उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निर्माण हुन थालेको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्ध क्षीण तथा विभग्न अवस्थामा रुपान्तरित हुन थालेको पाइन्छ । त्यसकारण अहिले आख्यानका ठोस र छोटो ढाँचा प्रायः समाप्त भएको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्तुता, विपात्रता, विकथनात्मकता, विपरिवेशात्मकता, विवैचारिकता, विसांस्कृतिकता र विमिथकीयता जस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक लेखनलाई अपेक्षित सत्य बनाइएको छ । अहिले साहित्य सिद्धान्त सम्बन्धी पूर्वधारणमा परिवर्तन आइरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त भनेको विविध प्रकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो । (भट्टराई, २०६२ : १) त्यहाँ भाषाको, मस्तिष्कको, इतिहासको, संस्कृतिको, समाजको विश्लेषण गर्ने वा हेर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । आज नेपाली साहित्यका अनेकखाले पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजका धेरै रचनामा विषयवस्तु, शैली, संरचना, र सार अपरिचित तत्त्व जस्तै भएर आउन सक्छन् । त्यसैले अहिलेको एउटा उपन्यासभित्र कुनै चरित्रले गीत गाउन सक्छ, कविता रच्न सक्छ । नाटकीयता प्रस्तुत गर्न सक्छ । अझ चिठीपत्र नलेखेर इमेल पठाउन सक्छ, एसएमएस पठाउँछ । अघिका वाराणसी, कलकता, दार्जिलिङ्ग, सिलगढीजस्ता सयौं स्थापित साहित्यिक केन्द्रहरू आज टाढाटाढाका अमेरिका, बेलायत, रसिया, हङ्कङ्ग लगायत संसारका अनेक मुलुकतिर सर्दैछन् । अहिलेको समालोचकले परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र नपुग्ने देखिन्छ । प्रायजसो कुतिहरूमा अन्तर विषयक प्रवृत्ति देखिने गरेको हुँदा समालोचक पनि बहुआयामिक हुनु पर्ने देखिन्छ । अहिलेको कृतिलाई परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र पुग्दैन किनभने साहित्य सिद्धान्तनै अहिले हजार आँखा भएको डाको जस्तो भएको छ । जसमा एउटा प्वलबाट हेर्दा आंशिकता मात्र फेला पर्दछ । त्यसको प्रत्येक प्वालबाट हेरिसकेपछि मात्र कृतिका बारेमा ठहर गर्न सकिन्छ । त्यस कारण अहिलेको समालोचक बहुआयामिक हुनु पर्ने देखिन्छ ।

नेपाली साहित्यमा यसखाले नवीन लेखनप्रवृत्तिलाई नवचेतनामूलक प्रवृत्ति (सुवेदी, २०६४ : ४९७-४९८) वा उत्तरआधुनिकता पनि भनिएको पाइन्छ । (भट्टराई, २०६२ : ३१) उत्तर आधुनिकता भनेको एउटा खास प्रवृत्तिविशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवादलाई मान्यता दिने हुँदा यस प्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याइएका, सीमान्तकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई उधिन्ने काम गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परा ध्रुवचन्द्र गौतमका फूलको आतङ्क (वि.सं. २०२५), जेलिएको (वि.सं.२०६२), तेजराज खतिवडाको सर्वजा (वि.सं.२०६०) र नारायण वाग्लेको पल्पसा क्याफे (वि.सं.२०६१), गोविन्दराज भट्टराईको सुकरातका पाइला (वि.सं.२०६३) जस्ता उपन्यासहरूलाई नवचेतनामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सिर्जना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ ।

नेपाली उपन्यास लेखन परम्परामा शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्वदेखि सुरु भएको लामो आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको रुपमतीमा निहित आधुनिक पक्षहरुको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीन चिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ । (अधिकारी, २०७३: ४९-५०)

## ३.६ उपन्यासको प्रकारगत वर्गीकारण

साहित्यको कान्छो विधा भएर पनि उपन्यासले छोटो सामयमै अत्याधिक लोकप्रियता हासिल गरेको छ । यसको वर्गीकरणका सम्बन्धमा विद्वानहरूबीच मतएकता पाइँदैन तापनि उपन्यासको वर्गीकरणको मुख्य आधारहरू यस प्रकार रहेको पाइन्छ ।

### ३.६.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा विविध प्रकारका विषयवस्तु समेटेर उपन्यास तयार पारिएको हुन्छ । उपन्यासभित्र समावेश हुने विषयवस्तुका आधारमा उपन्यासलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

(क) सामाजिक उपन्यास

(ख) ऐतिहासिक उपन्यास

(ग) राजनैतिक उपन्यास

(घ) मनोवैज्ञानिक उपन्यास

(ङ) दार्शनिक उपन्यास

(च) जासुसी उपन्यास

(छ) आञ्चलिक उपन्यास

(ज) पौराणिक उपन्यास

### ३.६.१.१ सामाजिक उपन्यास

समाजमा रहेका विविध समस्यालाई उद्घाटन गर्ने उदेश्यले लेखिएको उपन्यासलाईनै सामाजिक उपन्यास भनिन्छ । (बराल र एटम, २०५५: ९) समाजमा रहेका समस्या, कुरीति, अन्धविश्वास, निम्न वर्गको चित्रणलाई मुख्य विषयवस्तु बनाई उपन्यास लेख्ने गरिन्छ । रुद्रराज पाण्डेको 'रुपमती' लीलबहादुर क्षेत्रीको 'बसाइँ' सामाजिक उपन्यास हुन् ।

### ३.६.१.२ ऐतिहासिक उपन्यास

प्रमाणिक इतिहासका घटनालाई मुख्य आधार बनाएर यिनै सेरोफेरोमा लेखिने उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । विगतको घटना, इतिहासमा भएको सत्य, तथ्य कुनै व्यक्तिले गरेको महत्त्वपूर्ण कार्य तत्कालीन परिस्थिति आदिलाई स्थान दिदै युगविशेषका साहसी वीर पुरुषको चरित्र चित्रण मुख्य रहन्छ । यस्ता उपन्यासमा डायमन शमशेरको 'सेतो बाघ' 'वसन्ती' श्री कष्ण श्रेष्ठको 'जंङ्गबहादुर' आदि पर्दछन् ।

### ३.६.१.३ राजनैतिक उपन्यास

राजनैतिक घटना, आन्दोलन, राजनैतिक अवस्था, मूल्यमान्यता प्रतिको विरोध, समर्थनलाई मूल विषयवस्तु बनाइ लेखिने उपन्यास राजनैतिक उपन्यास हुन् । यस्ता उपन्यासमा खड्गबहादुर सिंहको 'विद्रोह' (भाग १ र २), लीलाध्वज थापाको 'शान्ति र पूर्वस्मृति' आदि पर्दछन् ।

### ३.६.१.४ मनोवैज्ञानिक उपन्यास

अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषण गर्दै मुर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गरी लेखिने उपन्यासनै मनोवैज्ञानिक उपन्यास हुन् । (सुवेदी, २०६४: २४५) मान्छेको

अन्तरमनमा रहेका इच्छा चाहनालाई विश्लेषण गर्दै विशेष यौन कुण्ठालाई विषयवस्तु बनाई उपन्यास सिर्जना गरिन्छ ।

### ३.६.१.५ दार्शनिक उपन्यास

कुनै गम्भिर दर्शन, चिन्तन, सिद्धान्त वा विचारलाई विषयवस्तु बनाई लेखिने उपन्यासलाई दार्शनिक उपन्यास भनिन्छ । उपन्यासका माध्यमबाट पाठकलाई मनोरञ्जन दिने उदेश्य नभई कुनै दर्शनको ज्ञान गराउनु यसको मुख्य उदेश्य रहन्छ । यसले गर्दा स्वभावले अलि कठिन हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' डि.पी अधिकारीको 'आशामायाँ' यस प्रकारका उपन्यास हुन् ।

### ३.६.१.६ जासुसी उपन्यास

जासुसी उपन्यास सम्बन्धी चोरी, डकैती, हत्या, हिंसा ुआदि लाई विषयवस्तु बनाई लेखिने उपन्यास नै जासुसी उपन्यास हुन् । (बराल र एटम, २०५५: १०) अपराधीको अनुसन्धान गर्दै दोषीको जानकारी गराउनु र सत्य प्रमाणित गर्नु यस्ता उपन्यासको मुख्य ध्येय रहन्छ । रहस्यमय कल्पना र स्वैर कल्पनाको मिश्रणमा कथावस्तु बनाई मनोरञ्जनात्मक उपन्यास बनाइन्छ । यस्ता उपन्यासमा दीर्घबाहुको 'डा. डोमेन', 'मेजरको सर्प' शिरीश बल्लभ जोशीको 'वीरचरित्र' आदि पाइन्छ ।

### ३.६.१.७ आञ्चलिक उपन्यास

स्थानीय रङ्ग विवरणलाई महत्त्व दिदै उक्त स्थानको वरीपरि रहेर लेखिएको उपन्यास आञ्चलिक उपन्यास हुन्छ । (बराल र एटम, २०५५: ९) यस्ता उपन्यासमा स्थानीय भूबनोट, थानीय संस्कार, संस्कृति, परम्परा, लवज आदिलाई विषयवस्तु बनाई स्थानीय स्तरको विशेषता झल्काउनु मुख्य उदेश्य रहन्छ । यस्ता उपन्यासमा शंकर कोइरालाको 'खैरेनीघाट' हिरण्य भोजपुरेको 'छिटेन', रमेश विकलको 'अविरल बग्दछ इन्द्रवती' आदि पर्दछन् ।

### ३.६.१.८ पौराणिक उपन्यास

पौराणिक कुराहरूलाई विषयवस्तु बनाई लेखिने उपन्यासलाई पौराणिक उपन्यास भनिन्छ । कुनै पुराणको कथावस्तुलाई आधार बनाई त्यहाँको परिवेश, पात्र, चरित्रलाई लिइ आधुनिक परिवेश,सन्दर्भ दिएर उपन्यास तयार पारिन्छ । राजेश्वर देवकोटाको द्वन्द्वको अवसान उपन्यासलाई पौराणिक उपन्यास मान्न सकिन्छ ।

### ३.६.२ कथानकका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा निहित कथाका स्वरुपलाई आधारमानेर गरिने वर्गीकरण कथानकका आधारमा गरिने उपन्यासको वर्गीकरण हो । कथानकलाई प्रस्तुत गर्ने तरिकामा निम्न प्रकार वर्गीकरण गर्न सकिन्छ । (सुवेदी, २०६४: १९)

#### ३.६.२.१ साहसिक उपन्यास

यस्ता उपन्यासहरूमा पात्रले मानवचरित्रका अतिमानवीय नियति सामना गर्नुपर्ने अवस्था साहसिक अभियानमुलक घटनाहरू उपन्यासहरूमा प्रस्तुत भएका हुन्छन् । डायमन शमशेरको 'सेतो बाघ' डेशवराज पिँडालीको 'एकादेशकी महारनी' साहसिक उपन्यासका रूपमा लिन सकिन्छ । (सुवेदी, २०६४: २०)

#### ३.६.२.२ नाटकीय उपन्यास

घटना र चरित्र परस्पर सुसम्बद्ध भई संवाद प्रमुख भएको उपन्यास नाटकीय उपन्यास हुन्छ । (बराल र एटम, २०५५: १०)नाटकीयताका आधारमा प्रस्तुत हुने लेखनका शिल्पलाई उपन्यासका क्षेत्रमा नाटकीय उपन्यास भन्ने गरिन्छ । (सुवेदी, २०६८: २०) यस्ता उपन्यासमा संवादको प्रस्तुति महत्त्वपूर्ण हुने गर्दछ । नेपाली उपन्यास क्षेत्रमा इन्द्रबहादुर राईको 'आज रमिता छ' लाई नाटकीय उपन्यासको रूपमा लिन सकिन्छ ।

#### ३.६.२.३ घटनाप्रधान उपन्यास

एउटा घटना पछि अर्को क्रमबद्ध रुपमा घटनाक्रम थपिदै जाने, कथा र कथनमा मूर्त शैलीको अभिव्यक्ति हुने उपन्यासनै घटनाप्रधान उपन्यास हुन् । (सुवेदी, २०६४: २०) घटनाप्रधान उपन्यासमा पात्र र घटना महत्त्वपूर्ण पक्ष हुन् । साहसिक, जासुसी र तिलस्वी उपन्यासहरू घटना प्रधान उपन्यासहरू हुन् । लैनसिंह बाङ्देलको 'मुलुकबाहिर' तुलसीराम कुँवरको 'रने र सङ्घर्ष' घटनाप्रधान उपन्यास मानिन्छ ।

#### ३.६.२.४ चरित्रप्रधान उपन्यास

उपन्यासमा अन्य तत्वको दाँजोमा चरित्र वा पात्रलाई प्रधानता दिई लेखिने उपन्यास चरित्रप्रधान उपन्यास हो । यस्तो उपन्यासमा पात्रको प्रस्तुति प्रमुख रहन्छ भने कथ्य गौण

रहन्छ । मनोवैज्ञानिक र वौद्धिकताले भरिएको उपन्यासलाई चरित्र प्रधान उपन्यासको रूपमा लिएको पाइन्छ । दौलत विक्रम विष्टको 'एक पालुवा अनेकौ याम' रुद्रराज पाण्डेको 'रुपमती' चरित्रप्रधान उपन्यासहरू हुन् ।

### ३.६.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

उपन्यास लेख्दा कुनै शैलीको प्रयोग गरी लेखिएको छ भनेर गरिने वर्गीकरण नै शैलीका आधारमा गरिने वर्गीकरण हो । यसलाई आधार मानेर गरिने वर्गीकरण यसप्रकार  छ ।

#### ३.६.३.१ वर्णनात्मक उपन्यास

उपन्यासकार स्वंयमले घटना, देशकाल, पात्र आदिको वर्णन गर्दै उपन्यास रचना गर्छ भने त्यो वर्णनात्मक उपन्यास हुन्छ । (बराल र एटम, २०५५: १०)यस्ता उपन्यासमा उपन्यासकारद्वारा कथावस्तु तृतीय पुरुष कथनशैलीमा प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा पात्रको बानी, स्वभाव, र दृष्टिकोणको प्रत्यक्ष वर्णन गरिएको हुन्छ । इन्द्रबहादुर राईको 'आज रमिता छ', रुद्रराज पाण्डेको 'रुपमती', लैनसिंह वाङ्देलको 'मुलुक बाहिर' वर्णनात्मक शैली लेखिएका उपन्यास मानिन्छ ।

#### ३.६.३.२ आत्मकथात्मक उपन्यास

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका उपन्यासलाई आत्मकथात्मक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा घटना संवादको सट्टा चरित्र चित्रणलाई महत्त्व दिइन्छ । पात्रले घटनाहरूलाई आफ्नै कथाको रूपमा वर्णन गरेको हन्छ । विजय मल्लको 'अनुराधा', मदनमाठी दीक्षितको 'माधवी' लाई आत्मकथात्मक उपन्यासको रूपमा लिन सकिन्छ ।

#### ३.६.३.३ पत्रात्मक उपन्यास

पत्रद्वारा कथानकको विकास गरी घटना कार्यव्यापार, चरित्र आदिको निर्धारण गरी व्यक्तिगत भावनाको स्वतन्त्र अभिव्यक्ति दिइएको उपन्यासलाई पत्रात्मक उपन्यास भनिन्छ । असिम राईको 'पहिरो जाने पहाड यो' पत्रात्मक शैलीमा लेखिएको उपन्यास हो ।

#### ३.६.३.४ डायरी उपन्यास

दिनभरीका महत्त्वपूर्ण, उल्लेखनीय घटनाहरू सङ्गठित गरी प्रमुख पात्रका माध्यमबाट दैनिकी लेखनका रूपमा चित्रण गरेर तयार पारिएको उपन्यासलाई डायरी उपन्यास

भनिन्छ । दिनभरीका उल्लेखनीय जीवनसँग सम्बन्धित वा सामाजिक महत्त्व राख्ने कुराहरूको क्रमबद्धतासहित प्रस्तुत गरिन्छ । यस्ता उपन्यासमा पारिजातको 'अन्तर्मुखी' उपन्यास मानिन्छ ।

#### ३.६.३.५ चित्रात्मक उपन्यास

कतै घटना र कतै चरित्र महत्त्वपूर्ण हुने उपन्यास चित्रात्मक हुन्छ । (बराल र एटम, २०५५: १०) कुनै खास किसिमका धारणा व्यक्त गर्न उपन्यासकारले यस शैलीको प्रयोग गर्दछन् । समाजको खास किसिमको सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक, सांस्कृतिक, परम्परागत तथ्यलाई यथार्थमा उतार्नको लागि यो शैलीको प्रयोग उपन्यासमा गरिन्छ । लैनसिंह बाङ्देलको 'लङ्गडाको साथी' रुपनारायण सिंहको 'भ्रमर' शङ्कर कोइरालाको 'खैरेनीघाट' आदि चित्रात्मक उपन्यास हुन् ।

### ३.६.४ विचार वा प्रवृतिको आधारमा उपन्यासको वर्गीकरण

उपन्यास लेख्दा त्यस भित्र कुनै एक प्रकारको विचार वा प्रवृति उल्लेख भएकै हुन्छ । उपन्यासमा लेखक सबैले एउटै विचार वा प्रवृतिमा आधारित नभई विभिन्न विचार वा प्रवृतिमा आधारित भएर उपन्यास लेख्ने गर्दछन् । उक्त विचार वा प्रवृतिका आधारमा उपन्यासलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

#### ३.६.४.१ आदर्शवादी उपन्यास

आदर्शका माध्यमबाट मानवीय जीवनमा सुखशान्ति प्राप्त गर्न जस्तोसुकै अवस्था, नियम, अनुशासन, मर्यादालाई सिरोपर गर्दै जीवनलाई सुखी र खूसी राख्नु पर्छ भन्ने धारणा व्यक्त गरी लेखिएका उपन्यास नै आदर्शवादी उपन्यास हुन् । वेदनाथ आचार्यद्वारा लिखित 'दयाकी भावी', विष्णु चरण श्रेष्ठको 'सुमती' आदर्शवादी उपन्यास हुन् ।

#### ३.६.४.२ आदर्शोन्मुख यथार्थवादी धारा

उपन्यासमा यथार्थ विषयवस्तु भएतापनि उदेश्यलाई आदर्शको रूपमा प्रस्तुत गरी लेखिने उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ । (बराल र एटम, २०५५: १६) समाजमा भएका घटनाहरू विषयवस्तुको रूपमा प्रस्तुत त हुन्छ तथा उक्त घटना वा समस्यालाई निराकरणको लागि नियति र आदर्शबीचको तालमेल गराई दोषबाट मुक्त समाजको निर्माण गर्दै उपन्यास लेखिनु यसको मुख्य उदेश्य रहन्छ । रुद्रराज पाण्डेको 'रुपमती' सुरेन्द्रबहादुर शाहको 'पारिजात' आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ ।

### ३.६.४.३ सामाजिक यथार्थवादी उपन्यास

व्यक्तिगत वा सामाजिक जीवनमा भोग्नुपरेका र भोग्दै आएका समस्या र दर्दानाक अवस्था, परिस्थितिको चित्रण गरी लेखिएका उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास भनिन्छ । सामाजिक रूपमा भइरहेका पात्रलाई वा घटनालाई जस्ताको तस्तै उपन्यासमा कथावस्तु बनाई लेखिने गरिन्छ । समाजको रोदन, कन्दन, पीडा, छटपटीलाई यथार्थ रूपमा प्रकट गर्दै लेखिने उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन्छ । समाजमा हुने अन्याय, अत्याचारलाई खुल्ला रूपमा प्रस्तुत गरेको हुन्छ । समाज निर्माण र पतनको अवस्था देखाउने तर त्यसको तटस्थ बस्ने बानी यस्ता उपन्यासका लेखकमा पाइन्छ । लैनसिंह बाङ्देलको 'मुलुक बाहिर', लीलबहादुर क्षेत्रीको 'बसाइँ' सामाजिक यथार्थवादी उपन्यास हुन् ।

यसप्रकार सामाजिक यथार्थवादी उपन्यासमा वर्गीय पात्रको प्रयोग गर्नु, उपन्यास मार्फत समाज विकासोन्मुख र पतनोउन्मुख देखाउनु सामाजिक उपन्यासमा निहित प्रवृति हो । यसै गरी गाउँले परिवेशको चित्रण गर्नु, समाजमा व्याप्त आर्थिक समस्या, स्त्री समस्या, बाल, विधवा विवहा जस्ता विषयलाई प्राथमिकता दिनु सामाजिक उपन्यासको मुख्य प्रवृति हुन् । गरिबी र यसबाट उत्पन्न हुने समस्या प्रस्तुत गर्नु अर्को प्रवृति हो । यसरी समाजमा उच्च भन्दा निम्न वर्गका चरित्रको चित्रण गर्दै सभ्य र स्वस्थ समाज निर्माणको आवाज बुलन्द गर्नु नै सामाजिक यथार्थवादी उपन्यासको मूल उदेश्य रहेको पाइन्छ ।

### ३.६.४.४ स्वच्छन्दतावादी उपन्यास

आदर्शको ग्रहण गर्ने क्रममा स्थापित भएको भावुकता र संवेगजन्य स्वन्त्रताको अन्वेषणका नाममा विधि र व्यवहारमा यथार्थबाट पलायित भएर जन्मिने प्रतिक्रया विश्वसाहित्यको इतिहासमा देखिएको स्वच्छन्दतावादी प्रवाह हो । (सुवेदी, २०६४: ८२) अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिनेस्वच्छन्दतावादको मूलमर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनाको विचरण गर्नु रहेको पाइन्छ । यथार्थको बन्धनलाई भाँचेर स्वच्छन्द जीवनको पक्षमा वकालत गरिएको हुन्छ । उन्मुक्त प्रेमको चित्रण, प्रकृतिको विचरणको प्रस्तुति रहेको हुन्छ । रुपनारायण सिंहको 'भ्रमर' वि.सं. १९९३) अच्छा राई रसिकको 'लगन' (वि.सं. २०१२) स्वच्छन्दतावादी धारामा लेखिएको उपन्यास हुन् ।

### ३.६.४.५ समाजवादी यथार्थवादी उपन्यास

मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित भइ लेखिने उपन्यासनै समाजवादी यथार्थवादी उपन्यास हुन् । सामाजिक संघर्षको रूपमा पूँजीलाई प्रस्तुत गर्दै शोषक वर्गको द्वन्द्व देखाउनु यस्ता उपन्यासको मुख्य ध्येय रहेको हुन्छ । (बराल र एटम, २०५५: २१)

विभिन्न पक्षमा हुने धनी, गरीब, साहु र आसामी, जग्गा धनी र कृषक, मालिक र नोकरबीच हुने वर्गभेद, नारी र पुरुषमा हुने लिङ्गभेद, जातीय भेदभाव, अन्धविश्वास र रुढीले जकेडेको समाजलाई विषयवस्तु, पात्र, घटना बनाउदै सुधारको आवाज बुलन्द गर्ने उदेश्य समाजवादी यथार्थवादको रहेको पाइन्छ । समाजमा शोषक र दमनकारी पक्षका विरुद्धमा जुटने मानवचेतना प्रस्तुत गर्न र सर्वहारा श्रमिकको पक्षमा केन्द्रित भएर उपन्यास लेखिएको पाइन्छ । रुढी र अन्धपरम्पराको भ्रमलाई चिर्दै वैज्ञानिक विचारको व्याख्या विश्लेषण, जीवन र जगतलाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचना जस्ता कुराको सुरुवात हुनुपर्ने कुरामा यसले जोड दिन्छ । डि.पी. अधिकारीको ‘आशमाया’ खगेन्द्र संग्रौलाको ‘चेतनाको पहिलोडाक’ समाजवादी यथार्थवादी उपन्यास हुन् ।

### ३.६.४.६ आलोचनात्मक यथार्थवादी उपन्यास

उपन्यासमा यथार्थको चित्रण गर्दा त्यसमा देखिने कुरीति, शोषण, अन्धविश्वास, विसङगतिको आलोचना गरिएको हुन्छ । यसरी आलोचित भएर लेखिएका उपन्यासनै आलोचनात्मक यथार्थवादी उपन्यास हुन् । (बराल र एटम, २०५५: १८) हृदयचन्द्रसिंह प्रधानको ‘एक चिहान’ जगदीश घिमिरेको ‘साविती’ आदिलाई मान्न सकिन्छ ।

### ३.६.४.७ अस्तित्ववादी उपन्यास

अस्तित्ववाद संसारका विविध विसङ्गतिका कारणबाट जन्मेको एउटा चिन्तन प्रणाली हो । मानवीय जीवनका राजनैतिक, आर्थिक, सामाजिक, दार्शनिक, धार्मिक, वैज्ञानिक, औद्योगिक, सांस्कृतिक जस्ता व्यापक क्षेत्रबाट असुरक्षित रहेका र यसबाट डर र त्रासमा बाच्नुपर्ने अवस्थाले जकेडेको हुँदा यस्ता विसङ्गत संसारमा बाचेको मान्छेको अस्तित्वको खोजी गर्दै लेखिएको उपन्यासनै अस्तित्ववादी उपन्यास हुन् । (सुवेदी, २०६४: ३३२) यस्ता उपन्यासमा सामाजिक मूल्यमान्यता भन्दापनि व्यक्तिगत अस्तित्वको जर्गेनाका लागि गरिएका प्रयास अस्तित्ववादी उपन्यासमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको हुन्छ । आफ्नो स्वतन्त्रताका लागि जस्तोसुकै पीडा सन्त्रासमा बाच्नु परे पनि निरन्तर संघर्ष

गरिरहेको र गर्नु पर्ने कुरा यी उपन्यासमा उल्लेख गरिएको हुन्छ । यस्ता उपन्यासमा पारिजातको 'शिरीषको फूल' विश्वेश्वर प्रसाद कोइरालाको 'तिन घुम्ती' आदि पर्दछन् ।

### ३.६.४.८ मनोविश्लेषणवादी उपन्यास

मानव मन अचेतन अवस्थामा रहेको दमित, कुण्ठा र हिनताग्रन्थीको विश्लेषण गरी लेखिने उपन्यास मनोविश्लेषणवादी उपन्यास हुन् । सिग्मण्ड फायड र उनको साथी अल्फ्रेड एड्लर कार्लजी युङले मनोवैज्ञानिक सिद्धान्त प्रतिपादन गरेपछि मनोविश्लेषणात्मक उपन्यास लेखन सुरु भएको पाइन्छ । अमूर्त तत्त्वहरुको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूपमा उद्घाटन गर्ने विज्ञान हो । (सुवेदी, २०६४: २४५) मनोविज्ञान दमित अवस्थाबाट मान्छेले भोग्ने अवस्थाको विश्लेषणमा उपन्यास केन्द्रित हुन्छ । यौनजन्य विषयवस्तु र असामान्य मनोदशा तथा अतृप्त चाहनाको अध्ययन गर्नु मनोविश्लेषणात्मक उपन्यासको उदेश्य मानिन्छ । विजय मल्लको 'अनुराधा' विश्वेश्वर कोइरालाको 'तिन घुम्ती' यस धाराका उपन्यास हुन् ।

### ३.६.४.९ विसङ्गतिवादी उपन्यास

मानवजीवनमा एक अर्कासँग व्यक्ति र वस्तुको कुनै न कुनै सम्बन्ध हुन्छ । व्यक्तिका जीवन गतिका विसङ्गत क्रिया कही कतैबाट तादम्य हुन पुग्दछ । भय, विवस्ता, प्रसन्नता जस्ता स्थिति कही कतै सङ्ग्रन्थित हुन् पुग्दछन् यस्ता विविध कुराबाट पुष्टि गर्नै नसकिने खालका परिस्थिति समेतमा जीवन तयार हुन्छ यस्तो हुनु अस्तित्ववादको अस्मिता हो र यही अस्तित्व भित्रको व्यष्टीकरणहरूको सङ्गति विसङ्गतिवाद हो । (सुवेदी, २०६४: २९६)

मान्छेको जीवन जताततै विसङ्गति नै विसङ्गतिले भरिएको छ । यसमा मान्छे जसरी पनि बाच्नै पर्छ । जस्तो सुकै सुख उपभोग गरेतापनि त्यसको कुनै अर्थ नरहेको संसार आफैमा विसङ्गतिपूर्ण छ, मान्छेको अधिनमा केही छैन भन्ने कुरा यस्ता उपन्यासमा उल्लेख भएका छन् । यस्ता उपन्यासमा इन्द्रबहादुर राईको 'आज रमिता छ' पारिजातको 'शिरीषको फूल' लाई लिन सकिन्छ ।

### ३.६.४.१० प्रयोगवादी उपन्यास

नेपाली उपन्यासमा यस धाराको थालानी ध्रुवचन्द्र गौतमको वि.सं. २०२४ सालमा प्रकाशित 'अन्त्यपछि' बाट भएको मानिन्छ । (बराल र एटम, २०५५: २०) परम्परागत उपन्यास लेखनलाई परिमार्जन गर्दै नवीन शैलिमा उपन्यास लेखिनुनै प्रयोगवादी उपन्यास

हो । यस धाराका उपन्यासमा पुरानो औपन्यासिक परम्परालाई अन्त्य गर्दै नयाँ ढाँचा र प्रवृतिहरू भित्रायाउँदै कलात्मक उत्कर्षता प्राप्त गर्न खोज्नु प्रयोगवादी उपन्यासको विशेषता हो । यस्ता उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको 'डापी' डि.पी. अधिकारीको 'आशमाया' खगेन्द्र संग्रौलाको 'आमाको छटपटी' आदि मानिन्छ ।

### ३.६.४.११ मिथकीय उपन्यास

परापूर्वकालमा मानवीय स्वभाव र कार्यहरूको वर्णन गरिएका मिथकका आधारमा रचित उपन्यासनै मिथकीय उपन्यास हुन् । नेपाली उपन्यासमा यस धाराको थालानी वि.सं. २०२७ सालमा विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' बाट सुरु भएको मानिन्छ । (बराल र एटम, २०५५: २१) प्राचिन कथा वा घटनाका उपयोगी कुराहरू आधुनिक मानव समाजमा पुनः प्रयोग गर्दै नयाँ कुरा पाठकलाई दिनु यसको मुख्य उदेश्य रहेको पाइन्छ । प्राचिन पुराण,धर्मिक ग्रन्थका कथावस्तु वा पात्रलाई उपन्यासमा प्रस्तुत गर्ने काम मिथकीय उपन्यासको विशेषता हो । यस धारामा लेखिएका उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको 'हिटलर र यहुदी' इन्दिरा प्रसाईको 'विश्वामित्र' आदि पर्दछन् ।

## ३.६.५ आयाम वा आकारका आधारमा उपन्यासको वर्गीकरण

ठूलो या सानोउपन्यासको बनोट आकार कस्तो छ ? लामो या छोटो भनी गरिने वर्गीकरण नै आयाम वा आकारका आधारमा गरिने वर्गीकरण हो । यस आधारमा उपन्यासलाई निम्न २ भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.६.५.१ लघु उपन्यास

मानव जीवनका पूर्वपक्षलाई नसमेटी केही पक्षहरूमात्र समेटिएको उपन्यास भन्दा लामो आकारमा संरचित उपन्यासलाई लघु उपन्यास भनिन्छ । वृहत् उपन्यासमा जस्तो कथानक, पात्र आदिको विस्तार गरिएको हुदैन । लैनसिंह बाङ्देलको 'लङ्गडाको साथी'लघु उपन्यास मानिन्छ ।

### ३.६.५.२ वृहत उपन्यास

जीवन जगतका विविध पक्षको उद्घाटन गरी ठूलो आकारमा लेखिएको उपन्यासलाई वृहत् उपन्यास भनिन्छ । यस्ता उपन्यासमा मुख्य विषयवस्तु, परिवेश, चरित्रका साथै सहायक पनि हुन्छन् । भवानी भिक्षुको 'आगत', मदनमणि दीक्षितको 'माधवी' वृहत् उपन्यास मानिन्छ ।

## ३.७ उपन्यासका तत्त्वहरू

उपन्यासका तत्त्वहरू केकति रहेका हुन्छन भन्ने बारेमा विद्धानहरूबीच मतैक्ता रहेको पाइदैंन । यद्यपि अधिकांश उपकरणका बारेमा सहमति हुन सक्ने स्थिति पनि रहेको पाइन्छ । उपन्यास प्रमुख तत्त्वहरूका हकमा उपन्यासको रचना शिल्पलाई विश्लेषण गर्न सजिलो काम भने होइन । उपन्यासभित्र एउटा सिङ्गो संसार हुन्छ । जहाँ सम्पूर्ण पक्षको प्रस्तुति एउटै जीवनमा नहुन सक्छ । मूलभूत तत्त्वहरू उपन्यासमा निहित हुन सक्दा केचाहिँ प्रस्ट हुन्छ भने वस्तु, चरित्र, कथोकथन,द्वन्द्व, परिवेश, उदेश्यलाई समेत उपन्यासले प्रस्तुत गरेको हुन्छ । यसरी उपन्यासका मूल्यलाई निरुपण गर्दा गौण तत्त्व अझ बढी आउन पनि सक्छन् । (सुवेदी, २०६४: १७) यसरी विभिन्न विद्वानबीच फरक फरक मत रहेतापनि मुख्य तत्त्वहरूलाई निम्न अनुसार निर्धारण गर्न सकिन्छ ।

### ३.७.१. कथानक

कथानक उपन्यासको कथावस्तु हो । अर्थात उपन्यासको कथावस्तुको रूपमा आउने विषय नै कथानक हो (सुवेदी, २०६४: १७) कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागेपनि घटनाप्रधान उपन्यासमा अत्याधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एक अर्कोमा गाँसिदै अगाडि बढ्छन् । कथानकमा चरित्र, विचार, कल्पना जस्ता कुरा समावेश गरिएको हुन्छ । कथानकको निर्माण सामान्य र विशेष घटनाहरूको संयोजनबाट गरिन्छ । कथानकलाई बुझ्न कथा र कथानकको भिन्नता केलाउँदा स्पष्ट हुन आउँछ । तर्क, बुद्धि र कल्पनाजस्ता तत्त्वको प्रयोग गरेर घटनाहरूका बारेमा संशय र उत्सुकता जगाउने काम कथानकमा गरिन्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्दछन् । विभिन्न स्रोतहरू इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पनालाई विषयवस्तुको रूपमा लिइएको पाइन्छ । कथानकमा आन्तरिक र बाह्य द्वन्द्व गरी दुई प्रकारका हुन्छन् । द्वन्द्वले क्रिया उत्पन्न गर्ने र क्रियाले नै कथानक अगाडि बढ्ने हुन्छ । कथानकको आदि मध्य र अन्त्यको समुचित विकास विन्यास हुनु नै आङ्गिक विकास हो । कथानकमा रैखिक र वृत्ताकारीय गरी दुई ढाँचा हुन्छन् । यसरी उपन्यासको कथानक तयार हुने गरेको पाइन्छ ।

### ३.७.२ चरित्र

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व नै चरित्र हो । मानवजीवनको व्यापक क्षेत्र उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्रलाई समेत चरित्रले उतार्ने गर्छ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृति र पुस्ता, जाति र सभ्यता परिस्थिाति अनुसार चरित्रकै माध्यमबाट प्रस्तुत हुन्छ । देशकाल, वताारण, प्रवृति, पुस्ता व्यक्तिको आन्तरिक र बाह्य संरचना समेत चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । चारित्रिक क्रमबद्धतानै उपन्यास निर्माणको सबभन्दा ठूलो आधारनै चरित्र मानिन्छ । मान्छेका शाश्वत सत्यलाई समेत चरित्रकै माध्यमबाट उद्घाटित गरिन्छ । (सुवेदी, २०७४: २२-२३) चरित्र चित्रणमा पात्र साहयक, प्रमुख र गौण गरी २ प्रकारका रहेका हुन्छन् । त्यस्तै अनुकूल र प्रतिकूल पात्र हुने गर्दछन् । भने स्वभावका आधारमा गतिशिल र गतिहीन पात्र रहेका हुन्छन् । त्यस्तै यथार्थ र आदर्श गरी २ प्रकारका चरित्र रहेका हुन्छन भने वर्णनात्मक वा प्रत्यक्ष र नाटकीय वा अप्रत्यक्ष पद्धतिको प्रयोग गरिएको हुन्छ । त्यस्तै उपस्थितिका आधारमा मञ्चीय र नेपथ्य पात्रको प्रयोग गरिएको पाइन्छ । चरित्र उपन्यासका लागि महत्त्वपूर्ण तत्त्व हो ।

### ३.७.३ परिवेश

कुनै पनि कार्य सम्पन्न हुनका लागि उपयुक्त मानिएको या घटना घटाइएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । (सुवेदी, २०६४: २५) परिवेशलाई पर्यावरण, वातावरण, परिवृत्त, परिधि शब्दले समेत चिन्न सकिन्छ । घटना घटेको स्थान र समयलाई देशकाल भनिन्छ भने उपन्यास पढ्दा पाठकका मनमा उत्पन्न हुने भावचाहिँ वातावरण हो । परिवेश पनि आन्तरिक र बाह्य गरी दुई प्रकारका हुने गर्दछन् ।देशकाल भित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात् सिधै वर्णित स्थान विशेष पर्दछ । यो कथानकसँगै जोडिएर आउने आधारभूमि हो । देशकाल अन्तर्गत समाजका रीतिस्थिति, धर्मसंस्कृति, भाषा, लवाइखवाइ आदि पर्दछन् । आञ्चलिक उपन्यासमा देशकालको महत्त्व बढी हुने गर्दछ । आञ्चलिक उपन्यासमा स्थानीय रीतिस्थिति, परम्परा, संस्कार संस्कृतिको बढी चित्रण गर्दै स्थानीय बोलीचाली, उखानटुक्का, सामाजिक, नैतिक, मूल्यमान्यता आदिको परिवेश समेत प्रस्तुत गरिएको हुन्छ । विश्वजनीत प्रवृतिका उपन्यास लेखिने यो समयमा देशकालको स्थान स्वतः गौण हुँदै गएको छ । वातावरणले उपन्यास अघि बढ्दा पाठकलाई परिवर्तन

पनि गर्न सक्छ यो मानसिक अवस्थासँग सम्बद्ध हुनेहुदाँ भाव पनि भन्ने गरिन्छ । उपन्यासको कथानक बढ्दै जादा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृर्णा, क्रोध, करुणा, माया, प्रेम, नैरास्य, हर्ष, विस्मात, आशक्ति आदि भावनाको उद्बोधन र तिनको प्रवृति वातावरण हो । यसरी परिवेशले उपन्यासको तत्त्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ३.७.४ उदेश्य

उद्देश्य परिपूर्तिका लागि रचनामा विचारको श्रृङ्खला प्रवाहित गरिएको हुन्छ । विचार प्रस्तुत गर्दै जाँदा निष्कर्षमा प्राप्त हुने उदेश्यलाई उपन्यासको प्राप्ति भनिन्छ । (सुवेदी, २०६४: २६) लेखक समाजका कुन पक्षसँग बढी प्रभावित छ कुन पक्षसँग बढी संवेदनशील छ, त्यो पक्षनै श्रष्टाको वैचारिक सम्पति भएर प्रकट हुन्छ । (सुवेदी, २०६४: २६) उपन्यासकारको ध्यान आफ्नो विचार धारणा वा जीवनदर्शनलाई निष्कर्षमा पुऱ्याउनु हुन्छ । त्यसका लागि लेखकले कथानक, पात्र, परिवेश आदिको सृजना गर्दै पात्रका बानी व्यवहार र संघर्षका माध्यमबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आफ्नौ उदेश्य प्रस्तुत गर्दछ । जीवनका व्यापक अनुभूतिनै उपन्यासमा विचार भएका अभिव्यक्ति हुन्छन् । वस्तु, आचरण, परिवेश र द्वन्द्वका सङ्गतिबाट उपन्यास प्रार्दुभूत हुन्छ । यसै संगतिबाट व्यक्त हुने स्रष्टाके परिपक्क अठोट नै उपन्यासको उदेश्य हो ।

उपन्यासले निचोडमा भन्न खोजेको अर्थात समाख्यातबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई नै सारवस्तु वा उदेश्य मान्न सकिन्छ ।

## ३.७.५ दृष्टिविन्दु

उपन्यासमा कथायिताले कथा भन्नका लागि बस्न राजेको ठाउँलाई दृष्टिविन्दु भनिन्छ । (बराल र एटम, २०५५: ७) प्रस्तुतिकरणसँग सम्बन्धित दृष्टिविन्दु उपन्यासमा कथावाचकले लिने ठाउँ हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । पात्रले भोग्ने जीवन भोगमा लेखक स्वयं प्रवर्तित भएको हुन्छ । यसरी सहभागी हुँदा दुई विन्दुमा वितरित हुन्छ । ती हुन् बाह्य तथा तृतीय पुरुष र आन्तरिक तथा प्रथम पुरुष ।

### ३.७.५.१ बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दु

कथायिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य तथा तृतीय पुरुष दृष्टिविन्दु हो । यो पनि २ प्रकारको हुन्छ । सर्वज्ञ र सिमित ।

सर्वज्ञ दृष्टिविन्दुलाई सर्वदर्शी दृष्टिविन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ । (बराल र अन्य, २०५६ः ३६) कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तारपूर्वक बयान गर्दै जान्छ ।

सीमित दृष्टिविन्दुमा भने कथा वाचकको भूमिका सिमित हुन्छ । कुनै खास वर्ग विचार भिन्न रही सिमित पक्षबाट चर्चा गरिन्छ ।

### ३.६.५.२ आन्तरिक तथा प्रथम पुरुष दृष्टिविन्दु

उपन्यासकार स्वयंम उपस्थित भई म हामी आदि पात्रका रूपमा प्रस्तुत भएर कथा कथन गर्दा आन्तरिक दृष्टिविन्दु हुन्छ । यो पनि केन्द्रीय परिधीय गरी २ प्रकारको हुन्छ ।

केन्द्रीय दृष्टिविन्दुमा पात्रका रूपमा लेखक स्वयम भोक्ताका रूपमा उपस्थित हुन्छ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिविन्दु हुन्छ ।

परिधीय दृष्टिविन्दुमा भने लेखकको सट्टामा तृतीय पात्रको उपयोग भएको छ भने तृतीय पुरुष दृष्टिविन्दु हुन्छ ।

## ३.७.६ भाषशैलीय विन्यास

उपन्यास भाषाका माध्यमबाट व्यक्त हुने साहित्यिक विधा हो । सम्पूर्ण शक्तिको प्रयोग गर्दै उपन्यास सिर्जना हुने गर्दछ । विम्ब, अलङ्कार, प्रतीक, शैली, गति, लय सबै कुरा भाषाशैलीय बनोट भित्र पर्दछन् । उपन्यास लेख्दा प्रयोग हुने भाषा स्तरीय हुन्छ भने संवादको भाषा चाहिँ पात्र अनुकुल हुने गर्दछ । प्रत्यक्ष रूपमा एउटा कुरालाई खडा गरी अप्रत्यक्ष कुरालाई संकेत गर्न र कुनै कुरा शब्दबाटै स्पष्ट गर्न विम्ब प्रतीकको प्रयोग गरिन्छ । उपन्यास भित्र घटनाहरूको जोडाइबाट कथानकको विकास अगाडि बढ्ने क्रम गति हो । अगाडि बढ्ने क्रममा हिडाइको मिठासपन लय हो । यसमा पनि संक्षेप र दृष्यात्मक पद्धतिको प्रयोग गरेर उपन्यास सिर्जना गर्ने गर्छन् । आवश्यक कुराको मात्र वर्णन गरेको भए संक्षेप र पात्रलाई उभ्याएर संवाद गरिएको छ भने त्यो दृष्यात्मक हुन्छ र यी २ को समुचित प्रयोगबाट मात्र उपन्यास प्रभावकारी हुन्छ । (बराल र एटम, २०५५ः ८)

भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्ने अर्थ खोज्दै व्याकरणिक, विचलन, विम्ब प्रतीक, लक्ष्णा, व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजका उपन्यासको भाषिक

विशेषता हो । शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बन्धित कुरा हो । उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक अदि शैलीले सिप सौन्दर्यलाई बुझाउँछ ।

भाषाशैलीले उपन्यासलाई जीवन्त पार्ने गर्दछ । उपन्यासमा घटना, पात्र,परिवेश तथा उदेश्य जे भएपनि त्यसलाई मूर्तता प्रदान गर्न साथै अभिव्यक्तिलाई सौन्दर्यमय, अर्थपूर्ण, सरल एवम प्रभावत्पादक बनाउने काम भाषाले गर्दछ भने उपन्यासलाई सीप, सौन्दर्य र रूपको उत्कृष्टता शैलीले प्रदान गर्दछ । कुने उपन्यासमा कथानकको विकास तिव्र हुन्छ भने कुनैमा मन्द हुने गर्दछ । वर्णनात्मक शैली र लामा संवादमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखकको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृष्यात्मक र संक्षेप पद्धति हुन् । (बराल र अन्य, २०५६: ४२)

उपन्यासको कथानकमा कथाका घटना, पात्र र परिवेशलाई यथार्थ र विश्वसनीय तुल्याउन सोहि अनुरूपको भाषा प्रयोग गरिनु पर्छ साथै विम्ब र प्रतीकको समुचित प्रयोगबाट उपन्यास सरल र प्रभावकारी बन्छ । उपन्यास गद्यमा लेखिएपनि यसको ढाचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गितिकताभित्र निहित मूर्च्छनालाई गद्य भाषामा लय भनिन्छ । विचलनयुक्त शब्दहरूबाट ध्वनिको पुनरावृतिबाट तथा आलङ्कारिक विम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्त्व बनेको छ ।

यसरी उपन्यासका संरचक तत्त्वहरूमा कथानक, चरित्र, परिवेश, उदेश्य, दृष्टिविन्दु, भाषशैली आदि महत्त्वपुर्ण छन् । यी कृतिमध्ये उपन्यासमा जुनसुकै तत्त्व पनि महत्त्वपूर्ण र अनिवार्य मानिन्छ यी तत्त्व उपन्यासको निर्माणमा कतै न कतै अनिवार्य रूपले आएका हुन्छन् । यीनै तत्त्वको कलात्मक विन्यासबाट कृतिले आफ्नो रूप प्राप्त गर्ने भएकाले उपन्यास रचनामा यी तत्त्वहरूको समष्टि प्रयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

## ३.८ उपन्याससँग अन्य साहित्यिक विधाको सम्बन्ध

उपन्यास स्वतन्त्र र भौतिक पहिचान बोकेको साहित्यिक विधा हो । यो आख्यानको एउटा प्रकार हो । यसमा कथा र उपन्यासलाई जीवनका निकटताका आधारमा समान मूल्य राख्न सकिने विधा हुन् । उपन्यास र अन्य साहित्यिक विधाबीच कतिपय निकट सम्बन्ध

हुँदाहुँदै पनि कतिपय दुरी पनि त्यतिकै रहेको पाइन्छ । तिनलाई तुलनात्मक रूपमा तल प्रस्तुत गरिन्छ । (सुवेदी, २०६४: २८)

### ३.८.१ उपन्यास र कथा

कथा र उपन्यास दुवै आख्यानात्मक विधा हुन् यी दुवैमा कथानक हुन्छ । गद्य भाषिक अभिव्यक्ति प्रस्तुत गरिन्छ । यी दुवै बीच रहेको भिन्नता र समानतालाई निम्नानुसार देखाउन सकिन्छ ।

समानताहरू

(क) उपन्यास र कथा दुवैमा आख्यान तत्त्व रहेको हुन्छ ।

(ख) उपन्यास र कथा दुवै वर्णनात्मक, विवरणात्मक स्वरुपको हुन्छ ।

(ग) उपन्यास र कथा दुवै पाश्चात्य साहित्यबाट आएका विधा हुन् ।

(घ) दुवै विधामा कथयिताको उपस्थिति अनिवार्य हुन्छ ।

(ङ) दुवै गद्य भाषामा लेखिने विधा हुन् ।

असमानताहरू

(क) उपन्यासमा विस्तृत कथानक हुन्छ भने कथामा सिमित हुन्छ ।

(ख) उपन्यासमा धेरै पात्र हुन्छन भने कथामा थारै हुन्छन् ।

(ग) कथाले जीवनके खास घटनालाई चित्रण गर्दछभने उपन्यासले मानवजीवनका विविध पक्षको चित्रण गर्दछ ।

(घ) कथाको एक उदेश्य हुन्छ भने उपन्यासको विशिष्ट उदेश्य हुन्छ ।

### ३.८.२ उपन्यास र आत्मकथा

आफैले आफ्नो बारेमा वर्णन गरेर लेखेको जीवनी नै आत्मकथा हो । लेखकले आफ्नो जीवनको पुनरावलोकन गर्दै समाजलाई सूचना, शिक्षा, अभिप्रेरणा र मनोरञ्जन प्रदान गर्ने काम गर्दछ । उपन्यास र आत्मकथामा पाइने समानता र भिन्नताहरूलाई तल प्रस्तुत गरिन्छ ।

समानता

(क) उपन्यास आत्मकथा दवै श्रव्य पाठ्य विधा हुन् ।

(ख) उपन्यास र आत्मकथा दुवैमा गद्य भाषाको प्रयोग गरिन्छ ।

(ग) यी दुवैको प्रस्तुति अप्रत्यक्ष हुन्छ ।

(घ) उपन्यास र आत्मकथा दुवै आख्यानात्मक विधा हुन्

(ङ) यी दुवैको आकार वृहत् हुन्छ ।

(च) दुवैमा चरित्र तत्त्वले प्रधानता पााएको हुन्छ ।

असमानताहरू

(क) आत्मकथामा आन्तरिक दृष्टिविन्दु हुन्छ भने उपन्यासमा आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग हुन्छ ।

(ख) आत्मकथा आत्मवृत्तात्मक ढाँचामा लेखिएको हुन्छ भने उपन्यास इतिवृत्तत्मक ढाँचामा लेखिएको हुन्छ ।

(ग) उपन्यासमा विभिन्न प्रकारका पात्रको प्रयोग हुन्छ भने आत्मकथामा म पात्रको प्रयोग रहन्छ ।

(घ) आत्मकथामा परम्परागत वर्णनात्मक शैलीको प्रयोग गरिन्छ भने उपन्यासमा नयाँ नयाँ शेलीको प्रयोग गरिन्छ ।

(ङ) उपन्यासमा कथा तत्त्वको प्रधानता हुन्छ भने आत्मकथामा तथ्यको प्रधानता हुन्छ ।

### ३.८.३ उपन्यास र निबन्ध

उपन्यास र निवन्ध दुवै गद्य विधा भएतापनि यी दुई बीचको समानता र भिन्नता निम्न अनुसार पाइन्छ ।

समानताहरू

(क) यी दुवै गद्य विधा हुन् ।

(ख) दुवै पाठ्य/श्रव्य विधा हुन् ।

(ग) उपन्यास र निबन्ध दुवैमा सामयिक विषयवस्तुको वर्णन गरिएको हुन्छ ।

(घ) दुवैमा गठन स्थुल र प्रस्तुति अप्रत्यक्ष हुन्छ ।

असमानताहरू

(क) उपन्यासको आकार ठूलो हुन्छ भने निबन्धको सानो हुन्छ ।

(ख) उपन्यासमा कथावस्तुको भूमिका मूख्य हुन्छ भने निबन्धमा विचारको भूमिका मूख्य हुन्छ ।

(ग) उपन्यासमा चरित्रचित्रणलाई जोड दिइन्छ भने निबन्धमा यसलाई महत्त्व दिइन्न ।

(घ) उपन्यासमा आन्तरिक र बाह्य दृष्टिविन्दुको प्रयोग गरी लेखिन्छ भने निबन्धमा प्रायः आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिन्छ ।

### ३.८.४ उपन्यास र नाटक

नाटक धेरै पुरानो विधा र उपन्यास नयाँ विधा भएता पनि यिनीहरूबीच समानता र भिन्नता रहेको पाइन्छ । ती निम्न अनुसार छन् ।

समानताहरू

(क) उपन्यास र नाटक दुवै गद्यमा लेखिने विधा हुन् ।

(ख) यी दुवै जीवनजगतको अभिव्यक्ति दिने स्थुल विधा हुन् ।

(ग) दुवैमा पात्रको बाहुल्यता रहन्छ ।

(घ) सामान्य र कलात्मक भाषाको प्रयोग दुवैमा हुन्छ ।

असमानताहरू

(क) उपन्यास श्रव्यपाठ्य विधा हो भने नाटक दृष्यपाठ्य विधा हो

(ख) उपन्यासमा अङ्क वा दृष्यको विभाजन ऐच्छिक रूपमा मात्र हुन्छ भने नाटकमा अनिवार्य हुन्छ ।

(ग) उपन्यास वर्णनात्मक शैलीमा लेखिएको हुन्छ भने नाटक कार्यात्मक शैलीमा लेखिएको हुन्छ

(घ) उपन्यासमा संवाद ऐच्छिक हुन्छ भने नाटकमा अनिवार्य हुन्छ ।

(ङ) उपन्यास पाश्चात्य देन हो भने नाटक पूर्वीय/पाश्चत्य देन हो ।

(च) उपन्यास बन्धनमूक्त हुन्छ भने नाटक बन्धनयुक्त हुन्छ । उपन्यासमा असम्भव घटना वा सन्दर्भ पनि आउने गर्दछन भने नाटकमा सम्भव वा देखाउन सकिने घटनाहरू मात्र राख्न सकिन्छ । अत्याधुनिक दृष्य सामग्रीहरूको प्रयोगले यी कुरा पनि समावेश गर्ने क्रम सुरु भएको देखिन्छ ।

### ३.८.५ उपन्यास र महाकाव्य

उपन्यास र महाकाव्य दुवै प्रबन्धात्मक रचना भएतापनि यी दुवैमा प्रसस्तै समानता र भिन्नताहरू रहेको पाइन्छ । ती निम्नानुसार देखाउन सकिन्छ ।

समानताहरू

(क) दवै प्रबन्धात्मक रचना हुन् ।

(ख) उपन्यास र महाकाव्यमा वस्तुविन्यास र परिच्छेद/सर्ग विभाजन समान हुन्छ ।

(ग) दुवैमा आख्यानको अनिवार्यता हुन्छ ।

(घ) दुवैमा विम्ब प्रतीक, मिथकको प्रयोगमा स्वतन्त्रता हुन्छ ।

(ङ) पात्रको बाहुल्यता दुवैमा हुन्छ ।

असमानताहरू

(क) उपन्यास गद्यमा लेखिन्छ भने महाकाव्य पद्यमा लेखिन्छ ।

(ख) उपन्यासमा नाटकीय कथोपकथनमा प्रस्तुत हुन्छ भने महाकाव्यमा वर्णनात्मक वृत्तमा हुन्छ ।

(ग) उपन्यास वस्तुमूलक लालित्यमा प्रस्तुत हुन्छ भने महाकाव्य कवितात्मक संवेगमा प्रस्तुत हुन्छ ।

(घ) महाकाव्य सर्गवद्ध हुन्छ तर उपन्यासमा यो प्रयोग अनिवार्य छैन् ।

(ङ) उपन्यासमा सैद्धान्तिक पक्ष ऐच्छिक हुन्छ भने महाकाव्यमा सिद्धान्त पक्षको अनिवार्य पालनातर्फ जोड दिइएको हुन्छ ।

उपन्यास औपन्यासिक गुणयुक्त हुनु पर्छ । उपन्यास जीवनको समष्टि प्रस्तुति हो । उपन्यास र अन्य विधमा प्रसस्तै समानता र भिन्नता रहेतापनि प्रत्येक विधाले आ-आफ्नो क्षेत्रलाई महत्त्वपूर्ण स्थान दिएका छन् भने उपन्यास विधाले आजको युगलाई उपन्यासको युग रहेको सावित गरेको छ ।

**३.८.६ सारंश**

यस प्रकार उपन्यासका सैद्धान्तिक पक्षहरूले उपन्यास बनोटलाई पूर्णता दिएको हुन्छ । विभिन्न शब्दको संयोजनबाट उपन्यास विधा निर्माण भएको पाइन्छ । हिन्दी तथा अङ्ग्रेजी शब्दका विभिन्न रूप ग्रहण गर्दै नेपाली साहित्य विधामा उपन्यास स्थापित भएको छ । प्राचिन समयमा काल्पनिक घटनाहरू विषयवस्तु बनाउँदै उपन्यास लेखन अगाडि बढेको पाइन्छ भने हाल आएर यथार्थ घटनामा विशेष केन्द्रित भई सामाजिक यथार्थवादी उपन्यास रचनामा लेखन केन्द्रित रहेको पाइन्छ । विभिन्न अङ्ग्रेजी, हिन्दी तथा शब्दकोशले उपन्यासलाई आफ्नै तरिकाले परिभाषित गरेका छन् । पाश्चात्य साहित्यबाट आएको उपन्यास भएता पनि नेपाली साहित्यमा समेत गतिलो विधा बनेको पाइन्छ । कसैले आख्यानात्मक रचना त कसैले कल्पित गद्य आख्यान भनेका छन् । अर्कोतर्फ साहित्य कला हो भनेका छन, महाकाव्य भनेका छन् । पूर्वापर तारतम्यक सु-सम्बद्ध आख्यानात्मक रचना भनेका छन् । समग्र जीवनको समग्र व्यक्तित्व मर्यादालाई पालना गरी संक्षेपमा व्यक्त हुनु उपन्यासको स्वरुप हो । औपन्यासिक रचनाहरूले उपन्यासको क्षेत्रमा सहयोग पुऱ्याएको पाइन्छ । क्रमिक रूपमा नेपाली भाषामा आख्यान लिपिबद्ध भएको र क्रमिक रूपमा उपन्यास विधाले आफ्नो क्षेत्र स्थापित गर्दै विभिन्न कालखण्डमा विभिन्न खालका उपन्यास लेखिएका छन् । विभिन्न कमि कमजोरी भएतापनि तिनका आफ्नै विशेषता र महत्त्व रहेको पाइन्छ । विभिन्न धारामा विभिन्न क्षेत्र, विषयवस्तुलाई समेट्दै घटनाक्रमलाई विभिन्न मोडमा प्रस्तुत गरी उपन्यास लेखिएको पाइन्छ । विशेषतः विषयवस्तुका आधारमा, शैलीका आधारमा, कथानकका आधारमा, आयाम वा आकारका आधारमा, तत्त्वका आधारमा यहाँ उपन्यास के कस्ता हुन्छन् भनेर यस परिच्छेदमा स्पष्ट पारिएको छ । उपन्यासका अन्य विधासँग सम्बन्ध समेत स्पष्ट पारिएको छ ।

यस प्रकार विशेष गरी सामाजिक क्षेत्रमा रहेर जटिल समस्याहरू र चरित्रहरूको अध्ययन गर्दै समाजको घटना चित्रण गर्नु समाजिक उपन्यासको ध्येय हो । विशेष गरी समाजमा नै रहेर नजिकबाट समाजका समस्यालाई हेर्दै त्यहाँ हुने अन्याय, अत्याचारको

चित्रण गर्नु, दमन र शोषणाको भण्डाफोर गर्नु सामाजिक उपन्यासको मर्म हुन आउँछ । कुमार्गमा रहेका विचार र सोचलाई परिमार्जन गरी सुमार्ग तिर समाज डोऱ्याउनु नै सामाजिक उपन्यासको मूल उदेश्य हुन आउँछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

*

# चौंथो परिच्छेद

## साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन

### ४.१ विषयप्रवेश

नेपाली साहित्यमा विभिन्न विधाहरू रहेका छन् । ती मध्ये आख्यान विधा अन्तर्गत पर्ने उपन्यास विधा एक महत्त्वपूर्ण विधा मानिन्छ । साहित्यकार रामप्रकाश समथिङका २२ उपन्यास (२०७४)मा प्रकाशित भएका छन् । यस परिच्छेदमा ती मध्ये तीन उपन्यास साहसी आमा, वेसहारा र जित्याको विश्लेषण गरिएको छ ।

### ४.२ 'साहसी आमा' उपन्यासको विश्लेषण

उपन्यासकार रामप्रकाश समथिङको 'साहसी आमा' २०७४मा अरनिको अफसेट प्रेस विराटनगरबाट प्रथम पटक प्रकाशित भएको उपन्यास हो । समथिङको यो ४६ औ कृतिको रूपमा रहेको छ । यस उपन्यासमा परिच्छेद नराखी संकेतले कतै छुट्याएर ६६ पृष्ठमा समापन भएको छ । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा धनमायाको साहसीपनको विषयवस्तुमा केन्द्रित छ ।

### ४.२.१ 'साहसी आमा' उपन्यासको कथानक

'साहसी आमा' उपन्यास सामाजिक यथार्थको विषयवस्तुमा केन्द्रित रहेको छ । साहसी शब्दले आँट हिम्मत भन्ने बुझाउँछ । यसरी यस उपन्यासमा पनि एउटी महिलाको आँट हिम्मत र संघर्षलाई प्रस्तुत गर्दै आमा भनेको जस्तो सुकै परिस्थितिको पनि सामना गर्न सक्ने जननीको रूपमा रहेको देखाउदै कथावस्तु एउटै घटनामा केन्द्रित रहेको पाइन्छ । ९ सन्तानकी आमा धनमाया आर्थिक अभावमा डुबेकी छ । यही अभावका कारण उसको परिवारमा विभिन्न समस्या उत्पन्न भएका छन् । जहाँ स्वास्थ्य समस्या, बच्चालाई विद्यालय पठाउन नसकेको अवस्था, छोरा छोरीलाई पेटभरी खान दिन नसक्दा कुपोषण जस्तो रोग लागेर छोरा छोरी अपाङ्ग हुनु परेको कारुणिक अवस्थालाई प्रस्तुत गरिएको छ भने अर्कोतर्फ सामाजिक अन्धविश्वास प्रस्तुत गरिएको छ । 'यो जेठालाई बोक्सीले विगारेको छ । त्यो बोक्सिलाई ठीक पार्न एउटा कालो कुखुराको भाले राम्रो बास्ने गरेको भए राम्रो नभए नबासेको भए पनि हुने अनि दुई ओटा अण्डा ठिक पार्नु त ।' (समथिङ २०७४/१३/१४) यसरी अझै पनि नेपाली समाजमा धामी झाक्रीको विश्वास गर्दै कुसंस्कार समाजमा कायमै

रहेको कुरा प्रस्तुत गरिएको छ । आर्थिक अभावकै कारण धनमायाले छोराछोरीको अपाङ्ग अवस्था त वेहोर्नु पऱ्यो भने तिनै सन्तानलाई विद्यालय पठाउन र समाजमा घुलमिल भएर बाच्न समेत समस्या रहेको अवस्थामा कथावस्तु अगाडि बढेको छ । यिनै आर्थिक अवस्था भ्फेल्दै जो दुःखी पीडित हुन्छ । उसकै नाम धनमाया रहेको छ । 'पाँच जना अपाङ्ग छोराछोरीलाई बनी गरेर पाल्ने महिलाको नाम नै कसरी जुऱ्यो न्वारनमा धनमाया' (समथिङ २०७४: ४) गरिबी र अशिक्षाको कारण नै धनमायाले धरै सन्तान जन्माउनु परेको खाना खान नपाएर छोरा छोरी अपाङ्ग भएको अवस्था देखाउदै नेपाली समाजको प्रतिनिधि पात्रको रूपमा धनमायालाई प्रस्तुत गरिएको छ ।

यसरी यस उपन्यासमा माथिल्लो वर्गले तल्लो वर्गलाई गर्ने निच व्यवहार र वर्गीय असमानता, दमन, शोषणलाई समेत आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । यसले समाज सुधारको लागि आवाज उठाउने प्रयास गरेको पाइन्छ । घरमा खाने अन्न नभएर साहु महाजनकोमा जाँदा सहयोगको साटो तितो वचन सहनु पर्ने खेताला तिरेर अन्न लिए पनि साहु भनउदाको शोषणकारी वचन सुन्नु पर्ने, "घरभरि स्याउस्याती कुकुरको छाउरा जस्तो मलाई सोधेर जन्माइस त !"(समथिङ, २०७४: १९) यसरी वर्गीय असमानताका कारण कोही त्यही सामाजमा शोषित भएर बाच्नु पर्ने त कोही शोषण गर्ने दमन र दमित भएर एउटै समाजमा दुई थरिका मान्छे रहेको कुरा प्रस्तुत गरिएको छ । धनमाया र धनमायाको परिवारको मानसिक अवस्था, आर्थिक अवस्थामा समेत शोषित, पीडित, दमित भएर बाच्नु पर्ने मानसिक छट्पटिले उपन्यासको कथानक विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको छ । धनमायाले नौ सन्तानलाई जन्म दिदाको पीडा साथै श्रीमान समेत सुस्त रहेको प्रासङ्गिक कुराले पनि उपन्यासमा महत्त्वपूर्ण स्थान ओगटेको छ ।

गरिबी कै कारणले धनमायाले बच्चापेटमा हुँदा साथै सुत्केरी हुँदा समेत मिठो मसिनो त परै जावस पेट भरि सिस्नो ढिडो समेत खान नपाएका कारुणिक अवस्था प्रस्तुत गरिएको छ । सुत्केरी अवस्थामै अरुको बनी गर्न जानु पर्ने साथै खेताला गएर ल्याएको अन्नको भार तिर्नु पर्ने बाध्यता धनमायामा थियो । यसरी समाजमा भएका दुराचार, अन्याय, अत्यचार, शोषण, जालभ्फेलले समाज र मानिस स्वार्थी भएको र पुँजीवादी समाजले निम्नवर्ग माथि गर्ने व्यवहारले यस उपन्यासमा कथावस्तु सफल र सरल रूपमा अगाडि बढेको छ । कथानक भ्फिनो भएतापनि विवहा हुनु, बच्चा जन्माउनु सामान्य प्राकृतिक प्रकृया भएता पनि नौ नौ जना सन्तान लाई जन्म दिएर लालनपालन गर्नु चानचुने कुरा

होइन । यसरी सामान्य र विशेष घटनाहरू बच्चा जन्माउनु सामान्य कुरा भएतापनि उनीहरूको लालनपालन र अपाङ्ग हुदाँको पीडा विशेष घटना पर्ने भएकाले यी दुवैको संयोजनबाट कथा वस्तु कलात्मक बनेको छ । धनमाया र हर्कवीरको विवाह हुनु क्रमशः ९ सन्तान जन्मनु उपन्यासको प्रारम्भिक चरण हो भने धनमायाको छोराछोरी उचित खानपानको अभावले अपाङ्ग हुनु, धामी झाक्री लगाउनु र छोराछोरी निको नहुँदा जिल्ला अस्पताल सम्म जानु र कुपोषण भएको घटनाले कथावस्तु विकसित भएको छ । यसरी यिनै अभाव झेल्दै बनीभुत्तो गरेर बच्चा हुर्काउदै गर्दा श्रीमान सुस्त हुनु र २०६८ र २०७२ सालको भुकम्पले सानो खरको छाप्रोको चुच्ची समेत भत्काइ दिएको तितो यथार्थ उपन्यासको मध्य भागमा प्रस्तुत भएको छ । यसरी गरीब हुदाँ समाजले समेत अनेक लाञ्छना लगाउने, अपहेलित भएर बाच्नु पर्ने 'पापिनी अरुलाई खान जादा भेटिन होला अनि आफ्नै छोराछोरीको खुट्टाको मासी चुसेर खाई होला अनि खुट्टा लुलो भएको होला नि ।' जस्ता अपहेलित शब्द समेत बोल्न पछि पर्दैन थिए समाजका मान्छे त्यसैले मान्छे मान्छे भएर पनि पशु सरह व्यवहार गर्छ भन्ने कुरा यस्ता घटनाले प्रस्तुत गरेको छ ।

यति हुदाँ हुँदै पनि धनमायालाई आफ्नो सन्तानलाई विद्यालय पढाउने इच्छा मरेको थिएन । उनले नजिकैको विद्यालयमा जान सक्ने जति छोराछोरीलाई भर्ना गरी अध्ययन गराइन भने सधैँ छोराछोरीलाई विद्यालय ल्याउन र लान सम्भव नभएका कारण उनले केही टाढाको विद्यालयमा त्यहाको ँप्र.अ. सँग अनुरोध गरी छोराछोरीलाई सोही विद्यालयको एउटा कोठा मागी अध्ययन गराएको र ती प्र.अ. जस्ता समाज सुधारक व्यक्ति पनि समाजमा रहेको र उनमा उद्धार मन रहेको कुरा देखाउन खेजिएको छ । यसरी दिनचार्या बिताइरहँदा एक दिन जिल्ला पाँचथरबाट विभिन्न संघसंस्थामा काम गर्ने व्यक्ति रामप्रकाश समथिङ, नारायण तुम्बापो, मङगल बेघा, नरेश आङबो आदि व्यक्तिहरू धनमायाको घरमा पुगेको र पीडितको स्थलगत अध्ययन गरेको अवस्थाले उपन्यासको कथावस्तुले जिज्ञासा, कौतुहलता उत्पन्न गरेको छ । उनीहरूले उक्त परिवारको वास्तविकता पहिचान गरी पाँचथर सदरमुकाम फिदिमका विभिन्न उद्योग व्यवसायी तथा संघ संस्थाका व्यक्तिसँग सहयोग रकम जम्मा गरी उक्त परिवारलाई नयाँ घर निर्माण गरिदिएको छ । अपाङ्गमैत्री सौचालय घर निर्माण गरी बत्ती र टि.भी समेत जडान गरी पसल समेत सुरु गरी दिएको घटनाले उपन्यासलाई चरमउत्कर्षमा पुऱ्याएको छ । धनमायाले एक्लो ज्यानले ९ सन्तानमध्ये पाँच सन्तान अपाङ्ग हुँदा पनि आँट नहारी लालनपालन गर्नु र शिक्षाबाट समेत बञ्चित नगर्नु

उनको साहसीपन मान्न सकिन्छ भने अर्कोतर्फ एक्लै जीविकोपार्जन गर्नु, बनी गरेर सन्तान पाल्नु, पेटभरी खान नपाउनु उनको संघर्षको अवस्था मान्न सकिन्छ । पाँचथरको सहयोगीहात समुहले संयोजन गरेको रकम विभिन्न राजनैतिक दल, व्यवसायीहरू, सामाजिक व्यक्तिहरूको हातबाट हस्तान्तरण गर्दै कथा अगाडि बढनुलाई उपसंहारको अवस्था मान्न सकिन्छ । यस अवस्थामा साहसी आमा उपन्यासको कथानकले क्रमिक रूपमा आदि मध्य र अन्त्यमा पूर्णता प्राप्त गरेको देखिन्छ । नेपाली समाजमा महिलाले भोग्नु पर्ने कठिनाई बाध्यतालाई घटनाक्रममा कलात्मक रूपले प्रस्तुत गरिएको छ । उपन्यासका प्रासङ्गिक घटनाले उपन्यासमा जिज्ञासा उत्पन्न गरेको छ । विभिन्न वर्गका मान्छेलाई पात्रहरूको रूपमा उभ्याएर समाजका आर्थिक, सामाजिक, मनोवैज्ञानिक पक्षको चित्रण गर्न सफल भएको छ । साथै वर्गीय द्वन्द्व समेत सिर्जना गरेर कथावस्तु निर्माण भएको पाइन्छ । धनमायाको परिवारमा भएको आर्थिक अभावले आन्तरिक द्वन्द्व सिर्जना गरेको छ भने जिमिनदारको रवाफ र घमण्डीपन पाँचथरका सहयोगी हातले र पाल्ले भञ्ज्याङका प्र.अ.को सहयोगी भावनाले धनमायाको परिवारलाई निस्वार्थ गरेको सहयोगले सहज तरिकाले जिउने आधार बनेको घटनाहरू आएर बाह्य द्वन्द्वमा परिणत हुन पुगेको छ । धनमाया महाजनकामा अन्न माग्न जाँदा तितो वचन सहनु र कडा महसुल तिर्नु पर्ने वा खेताला उसले भनेको दिननै जानु पर्ने अवस्थाले बाह्य द्वन्द्व सिर्जना गरेको छ । उपन्यासमा विभिन्न घटनाक्रमले स्थान पाएतापनि धनमायाकै वरिपरी केन्द्रित भएर घटना घटेको हुनाले कथानकको ढाँचा रैखिक रहेको पाइन्छ । क्रमिक रूपमा एक पछि अर्को गर्दै घटनाहरू अगि बढेकोले उपन्यासको कथानक सरल, सहज, स्वभाविक, स्थनिय समाजका जल्दाबल्दा घटनाले उपन्यासको कथावस्तु स्वभाविक रहेको छ ।

### ४.२.२ 'साहसी आमा' उपन्यासमा चरित्रचित्रण

'साहसी आमा' आकारका दृष्टिले सानो उपन्यास देखिएतापनि धेरै पात्रहरूको उपस्थिति रहेको उपन्यास हो । नेपालका ग्रामीण इलाकामा भएका चरित्रहरूको चरित्र चित्रण स्वभाविक रूपमा प्रस्तुत भएको छ । संख्यात्मक रूपमा धरै पात्रहरू को प्रयोग गरिएको भएतापनि उपन्यासकी पात्र धनमायाको चरित्रको चित्रण गर्नुले उसैको केन्द्रियतामा घटना घटेको छ । धनमायाले जीवनमा भोगेका विविध पक्षको उद्घाटन गर्दै उसको धैर्यता र सहनसिलताको वास्तविक घटनाहरूले पूर्वदीप्ती र संस्मरणात्मक रूपमा उपन्यास निर्माण भएको छ । धनमायाको पारिवारिक सेरोफरोमा उपन्यासको कथावस्तु अगाडि बढेको छ ।

यसरी उपन्यासलाई अगाडि बढाउनको लागि विभिन्न पात्रहरूले सहयोग गरेका छन् । पात्रहरू पनि २ प्रकारका सकारात्मक र नकारात्मक रहेका हुन्छन् । उक्त उपन्यासमा पनि दुवै खालका पात्रको प्रयोग भएको पाइन्छ । यसरी चरित्रलाई अगाडि बढाउने अन्य पात्रहरूमा हर्कवीर, धनमायाका छिमेकी, स्याङतान धामी, धनमायाका छोराछोरी, खड्ग, फूलमाया, कृष्णकुमार, मनकुमार, कमला, महेन्द्र, सिरमाया, तारा, बद्री त्यस्तै गरी दुर्गा सर, डाक्टर, जिमिनदार, ठ्याउके, हेडसरको भूमिका पनि प्रस्तुत गरिएको छ जसमा हर्कवीर, धामी र धनमायाका अपाङ्ग सन्तान, डाक्टर र जिमिनदार सहायक पात्र हुन् भने अन्य गौण पात्र रहेका छन् । त्यसै गरी रामप्रकाश समथिङ, नारायण, नरेश, मंगल, मलिसा,धनमायाकी बुहारी, दुर्गा, भरतमान, कुलराज, माझघरे, शुशिला, भूमिका नेम्बाङ्ग, कमल, नविन, किशोर, व्यवसायी जस्ता धेरै पात्रको प्रयोग गरिएको छ । यहाँ रामप्रकाश समथिङ, नारायण र दुर्गाको भूमिका सहायक छ भने अन्यको गौण रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा धनमाया अशिक्षित, उपेक्षित, गरीब, मङगोल जातकी पात्रका रूपमा प्रस्तुत भएकी छ । अत्यन्त निम्न वर्गको आर्थिक अवस्था भएका कारण समाजमा पिल्सिएर बाच्नु पर्ने कारुणिक अवस्थाको स्थिति देखा परेको छ । 'पर्सी खोला खेत रोप्नु छ, तेरो बुढालाई बाउसे र तँ रोपार आइ, पैले अस्तिको तिरी सक्ने अनि फेरि लैजालिस् अन्न ।' (समथिङ २०७४: २०) यसरी गरीब भएकै कारण साहुँकोमा माग्न जादाँ तितो बचन सहनु पर्ने धनमायाको बाध्यात्मक परिस्थिति रहेको छ । धेरै सन्तान गरिबी र अपाङ्ग साथै श्रीमान समेत सुस्त हुँदा समेत कति पनि नडगमगाइ धनमायाले परिवार पाल्नु र पढाउनु उनको नारीमा क्षमता कति हुँदो रहेछ भन्ने कुरा स्पष्ट पारेको देखिन्छ । अर्कोतर्फ मान्छेको आर्थिक अवस्था नाजुक हुँदा सबैले हेप्ने स्थिति सिर्जना भएको छ । 'सम्पतिमा सबैको हाइ हाइ, आपतीमा छैन कोही दाजुभाई' भने झैं धनमायाको जीवनमा यो कुरा चरितार्थ भएको छ । उनलाई सहयोगको साटो वचन लगाउने कुरा काटनेहरूको लाम लागेकाले आजको समाजलाई चित्रण गरेको छ । दुःख र आपत परेको बेलामा श्रीमान श्रीमती भन्दा एक अर्काको ठूलो सहयोगी कोही नहुने अवस्थामा धनमायाको श्रीमान छोराछोरीको विकराल रूप देखे पछि मानसिक रूपमा कमजोर हुदैं गएर सुस्त अवस्था देखाउनुले छोरो मान्छेको मनोवल दरो हुन्छ भन्ने समाजको सोचलाई चुनौती दिएको देखिन्छ ।

गाउँ र समाजमा एक्लो भएर बाच्नु धनमायाको नियति बनेतापनि दुर्गा सर, हेड सरको साथ र सहयोग पाउनु छोराछोरीलाई विद्यालयमा निशुल्क बस्ने, पढ्ने व्यवस्था

गरिदिनुले उनको जीवनमा केहीगर्ने र परिवार पाल्ने क्षमतामा उर्जा थपिएको छ । धनमायाको श्रीमान सन्तानको पीडामा छट्पटिएको, मानसिक रूपमा कमजोर व्यक्तिको रूपमा प्रस्तुत भएको छ । छोराछोरी अपाङ्ग भएतापनि पढ्ने अवसर दिन चाहने साथै उपचारको लागि धामीदेखि लिएर अस्पतालको ढोका समेत चार्न पुगेकी धनमायाले मातृत्व क्षमता कति सम्म प्रवल हुन्छ भन्ने कुरा पुष्टि गरेको देखिन्छ । सन्तान अपाङ्ग भएतापनि उनीहरू आत्मनिर्भर भएर बाच्न र पेटभरि खान पाएको अवस्था सम्म पुऱ्याउन खोज्नु धनमायाको ठूलो इच्छा रहेको पाइन्छ । सहयोगको लागि विभिन्न व्यक्तिसँग खुलेर बोल्न, कुरा राख्न सक्नु, गाउँ समाजले जेसुकै कुरा भनेतापनि गलत कुरा नसुनी आफ्नो परिवारको लागि दर्विलो खम्बा बनेर अडिग रहनु ऊ निडर स्वभावको रूपमा प्रस्तुत भएको देखिन्छ । हर्कवीर भने सन्तानको दुरावस्था देखेपछि मानसिक रूपमा कमजोर हुनुले कमजोर मानसिक अवस्था भएको पुरुषको रूपमा प्रस्तुत भएको पाइन्छ । पहिलो छोरा जन्मदा जोत्ने की पोत्ने भन्दै खुसी व्यक्त गर्ने हर्कवीर पछि गएर तिनै सन्तान अपाङ्ग हुँदा उसको मानसिक रूप विकराल हुन पुगेको देखिन्छ । श्रीमतीलाई अभाव र संघर्षमा सहयोग गर्नुको साटो उसको समेत ख्याल धनमायाले नै गर्नु पर्ने बाध्यात्मक स्थिति देखाइएको छ । अझ धनमायाका अपाङ्ग छोराछोरीहरू पढ्ने चाहना राख्ने आफ्नो खुट्टामा उभिन चाहने छन्भने सपाङ्ग छोराछोरी पढने बिहे गरेर गएका र बुहारी घरमा रहेको अवस्था देखाउनुले नेपालीको संस्कारलाई समेत थोरबहुत प्रस्तुत यी चरित्र मार्फत गरिएको छ । यसरी यी पात्रका अतिरिक्त समथिङ, नारायण, नरेश, दुर्गा सर, हेड सर, मङगल पनि सहायक पात्रको रूपमा प्रस्तुत भएका छन् । उनीहरूले व्यवसायीको र संघसंस्थाको ढोका ढ्कढ्क्याउदै सहयोग जुटाएर 'सहयोगी हात' भन्ने समुह निर्माण गरी धनमायाको अधेरोमा रहेको परिवारलाई राहत प्रदान गरी नयाँ जीवन दिएका हुन् । यसरी सामाजिक भावना अझै पनि नेपाली समाजमा रहेको कुरा यी पात्रको माध्यमबाट स्पष्ट कुन आउँछ । जस्ता पाता, बत्ति, बिजुली, घरमा टि.भी. अपाङ्गमैत्री सौचालय समेत निर्माण गर्नुका साथै अपाङ्गलाई अपाङ्ग परिचयपत्र र उनीहरूले सक्ने सिपको लागि सामग्री जुटाउन समेत लागिपरेका यी पात्रले समाज सुधार गर्नको लागि सुरुवात आफैबाट गर्नु पर्छ भन्ने कुरा स्पस्ट रूपमा चित्रण गरेका छन् । गर्न खोजे र लागिपरे असम्भव केही नहुने कुरा यी पात्रको भूमिकाले निर्वाह गरेकोले यिनीहरू उपन्यासमा सतपात्रका रूपमा भूमिका निर्वाह गरेका छन् ।

उपन्यासमा प्रस्तुत गरिएको धामी पात्रद्वारा समाजमा अझ पनि अन्धविश्वास रहेको कुरालाई उजागर गर्न खोजिएको छ । आजको २१ औं सताब्दीमा पनि जागित्रको भरोसा गर्ने समाज कम नरहेको कुरा देखाउन खोजिएको छ भने जिमिनदार मार्फत समाजमा पुँजीपतिको दमन र शोषण, अन्याय  अत्याचार कायमै रहेको कुरा देखाउँदै असत पात्रको रूपमा प्रस्तुत गरिएको छ । जिमिनदार मार्फत अझ पनि समाजमा कमारा कमारी राख्ने शोषण गर्ने प्रवृतिको अन्त्य नभएको ठूला ठालूको पाउमा सधैं गरीब निमुखाले झुक्नु पर्ने प्रचलन कायम रहेको कुरा आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । छिमेकीहरूले भोली आफूलाई आइपर्ने अवस्था नसोची परेका बेला सहयोगको साटो कुरा काट्नुले नेपाली निच र स्वार्थी समाजको चित्रण गरेको छ । जमिनदारले धनमायाको परिवारमा बेलुकाको छाक टार्ने भाँडोनै बन्द हुँदा समेत पहिलाको तिरीसकेर मात्र लान पाउछेस भन्नुले उसको सामन्ती प्रवृति देखाएको छ ।

प्रस्तुत उपन्यासमा धनमायाका छोरीहरू, भूमिका, मलिसा धनमायाका बुहारी साइली, माइली, शुशिला आदि स्त्री पात्रको प्रयोग गरिएको छ । यहाँ छोरी बुहारी या विभिन्न संस्थाका नारी पात्रले धनमायाको परिवारले उपन्यासमा वर्गीय पात्रको भूमिका निर्वाह गरेको छ । उपन्यासमा अपाङ्ग छोरीहरू र भूमिका साहयक पात्रको रूपमा रहेका छन् । धनमाया नारी पात्र मध्ये नेपाली ग्रामीण समाजकी गरीब, मेहनती, साहसी, सहनशिल महिलाको प्रतिनिधित्व गर्ने वर्गीय केन्द्रिय पात्र हो । भूमिका अन्त्यमा देखिएकी तर साहयक पात्रकै रूपमा रहेको पाइन्छ । जसमा उसले धनमायाको परिवारलाई सहयोग हस्तानतरण गर्ने बेला प्रमुख अतिथिको भूमिका निर्वाह गरेकी छ । उसले समाजको जागरूप नारीको प्रतिनिधित्व गरेको पाइन्छ । धनमायाका बुहारी सासुलाई सहयोग गर्ने, सोझा, घरव्यवहारमा लागि परेका ग्रामीण समाजका बुहारीको प्रतिनिधि पात्र हुन् । श्रीमान विदेश गएपनि आफ्नो सासु र परिवारमा सहयोग गर्दै दुःख सुखमा साथ दिने संस्कारी बुहारीको रूपमा प्रस्तुत भएको पाइन्छ भने अन्य संस्थाबाट आएका कमला, सीता, चन्द्रकला, मलिसा गौण पात्रको रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा खासै भूमिका नभएका यी मुक्त पात्र हुन् ।

डेकेन्द्र, दिपेन्द्र, विवेक पौड्याल, विवेक आले, राजेन्द्र तामाङ, राजेन्द्र काफ्ले, तेजबहादुर, धर्म, नरबहादुर, मित्र, नवराज, कमल, हाङनारायण, रामवीर, सोम, यलम्बर, दलकर्ण, भरत, मुक्ति, सन्तकुमार, प्रेम,भानु, मनरथ, चन्द्रप्रकाश, उमेश, राम, मिलन, राजु,

राजेन्द्र आदि यस उपन्यासका गौण भूमिका नभएका मुक्त पात्रको रूपमा प्रस्तुत भएका छन् । समथिङले आफूलाई पात्रको रूपमा उभ्याएर समाज सेवामा लाग्दै परिवर्तनको विचार राख्नुले उनले समाजिक अभियानताको भूमिका निर्वाह गरेको पाइन्छ ।

यस प्रकार रामप्रकास समथिङले साहसी आमा उपन्यासमा समाजका विभिन्न चरित्रको प्रयोग गर्दै उपन्यासलाई उत्कर्षमा पुऱ्याएका छन् । धनमाया र उसको परिवारले नेपाली ग्रामीण समाजका गरिब, पीडित, संघर्षशिल, मेहनेती, साहसी, तल्लो वर्गको नेपाली समाजको प्रतिनिधित्व गरेका छन् । समाजमा रहने शोषण, दमन, थिचोमिचो तथा अभाव र अभावजन्य पीडा जस्ता प्रवृतिको चित्रण गर्न उपन्यास सफल रहेको छ । नेपाली समाजमा अझै पनि झारफुक र धामीको विश्वास रहेको कुराले अशिक्षाले जरो गाडेको भन्दै कुसंस्कार र अन्धविश्वासको धज्जी उड्एको छ र यसका साथै जिमिनदारको माध्यमबाट पुँजीपति वर्गले निम्न वर्गलाई शोषण र दमन गर्न नछोडेको र सामन्ती प्रवृति समाजमा कायमै रहेको कुरा स्पष्ट पारेको छ । समथिङ लगायत व्यवसायी र समाजसेवी पनि हाम्रै समाजमा रहेका र उनीहरूको साथ र सहयोगी हातले मानवता र सामाजिक सेवामा समेत मान्छे तल्लीन रहेको कुरा स्पष्ट भएको छ । यसप्रकार उपन्यासको कथानक अगाडि बढाउन विभिन्न पात्रको प्रयोगले कथावस्तुलाई कौतुहल्ता र उत्सुकता थपेको छ । यसरी ग्रामीण समाजमा सोही ठाउँको पात्र प्रयोग गरेकाले स्थानीय बोलीचाली प्रयोग भएको छ । पात्रको संख्यामा बाहुल्यता देखिएता पनि धनमायाकै सेरोफेरोमा उपन्यास सफल बनेको छ ।

### ४.२.३ साहसी आमा उपन्यासमा परिवेश

धनमायाले रउसको परिवारले भोगेको सामजिक आर्थिक, सांस्कृतिक, धार्मिक जनजीवनको विविध पक्षको चित्रण उपन्यासले गरेको छ । प्रस्तुत उपन्यासमा विशेष गरी पहाडको पाँचथर जिल्लाको इम्बुङ्ग गाँउलाई मुख्य परिवेश बनाएको छ । यसै गरी पाँचथर जिल्ला अस्पताल, पाँचथर जिल्ला सदरमुकाम फिदिमका विभिन्न संघसंस्थाका कार्यलय, चिया दोकान, पात्ले भञ्ज्याङ, कान्छी दोकान, कोलवुङ् आदि यस उपन्यासका परिवेश हुन् । मुख्य गरी धनमायाको घर र त्यहाँको सेरोफेरो नै उपन्यासको केन्द्रीय परिवेश हो । उपन्यासको सुरुवात धनमाया तामाङ्गकै घरबाट भएको र उपन्यासको अन्त्य पनि घर भन्दा केही माथि पात्ले भञ्ज्याङमा भएको पाइन्छ ।

नेपाली समाजमा भएका असमानता र थिचोमिचोको सत्य घटनालाई लेखकले आफूले देखे भोगेको परिस्थितिलाई २०७४ वैसाखमा जस्ताको तस्तै प्रस्तुत गरेका छन् । ग्रामीण समाजमा रहेको अन्धविश्वास, दमन, शोषण, गरिबी, अभावजन्य कुरालाई उपन्यासले देखाएको छ । बाध्यता वैदेशिक रोजगारको लागि जानु पर्ने जति वचन लगाए पनि अभाव भएपछि साहु महाजनको पाउ पर्नु पर्ने कारुणिक अवस्थाको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । उपन्यासका पात्र धनमाया र उनका परिवारले गाँउको पहाडी क्षेत्रकोप्रतिनिधित्व गरेका छन् भने समथिङ लगायत टिमले सहरी क्षेत्रको प्रतिनिधित्व गरेका छन् । वर्गीय असमानता र स्वार्थ बोकेका षड्यन्त्रकारी प्रवृतिका व्यक्तिहरूको गलत बानी व्यवहार, जालझेल र दमनकारी प्रवृतिलाई समेत उपन्यासले व्यक्त गरेको छ । छिमेकीको गलत आरोप अन्धविश्वास र महाजन साहुको पेलाइले धनमायाको परिवार पीडित भएको देखिन्छ भने यी सब कुरालाई सहदै धैर्यताको र सफलताको घडी पर्खनु धनमायाको नियति रहेको छ । धनमायाका परिवारमा ९ सन्तान मध्ये ५ सन्तान अपाङ्ग साथै श्रीमान समेत सन्तान पीडाले सुस्त हुनु घरमा खाने अन्न नहुनु भुकम्पले घर भत्काउनुले धनमायाको आर्थिक अवस्था मात्र कमजोर नभई प्राकृतिक प्रकोपले समेत यस्तो अवस्था पार्नुले उपन्यासलाई कारुणिक अवस्थामा पुऱ्याएको छ । दिनभर काम गरेर पनि पेटभरि खान नपाउनु सन्तुष्टिका साथ परिवारमा रहन नसक्नुले कष्टप्रद कारुणिक जीवनको यथार्थको उद्घाटन उपन्यासले गरेको छ । अर्कोतर्फ समथिङ नेतृत्वको टोलीले आर्थिक संकलन गरी नयाँ घर निर्माण गरिदिएको, अपाङ्ग मैत्री चर्पी निर्माण साथै रङगिन टि.भी. र बत्तिको व्यवस्था समेत गरिदिएकोले उनीहरूको जीवनमा खुसीका किरणहरू परेको पाउन सकिन्छ । आर्थिक संकलन र अपाङ्गको लागि परिचयपत्रको खोजीमा सहरीया परिवेश प्रस्तुत भएको पाइन्छ । विभिन्न व्यवसायीको घर संघसंस्था कार्यलयको परिवेश प्रस्तुत गरिएको छ । अन्त्यमा सामान्य पसल खोली अपाङ्गको लागि समेत मुडा बुन्ने सामान उपलब्ध गराई धनमाया र उनको परिवारले नयाँ घर र नयाँ परिवेशमा जीउने आधार बनेर सुखान्तमा उपन्यास टुङ्गिएको छ ।

रातो चियामा नुन हालेर खानु गुन्द्रुक र मकै भट्टमास खानु, आलु उसिनेर खानुले गाउँले रहनसहन र खनपानलाई देखाउन खोजेको छ । यसरी यी विभिन्न कुराले उपन्यासको परिवेशले साहसी आमा उपन्यास सफल रहको पाइन्छ ।

### ४.२.४ साहसी आमा उपन्यासको उदेश्य

साहसी आमा उपन्यास सामाजिक धरातलमा उभिएर यथार्थको प्रस्तुत गर्न सफल रहेको कृति हो । समाजका विभिन्न वर्ग र प्रवृतिका पात्रको प्रयोग भएको सफल उपन्यास मान्न सकिन्छ । जीवन भोगाइमा अनेक उत्तार चढाव आउने र त्यसमा नआति नमाती धैर्य र साहस गरे असफल कहिलै हुन्न सफलता प्राप्त गर्न निश्चित बिन्दु आउनु पर्छ भन्ने देखाउनु यस उपन्यासको लक्ष्य हो । गाउँको परिवेश, चालचलन साथै दमन र शोषण अन्याय अत्यचारलाई प्रस्तुत गर्दै नकारात्मक कुरालाई जरैदेखि फाल्नु पर्ने कुरा व्यक्त गर्नु उपन्यासको ध्येय हो । जिमिनदार, व्यवसायी उच्च वर्गका व्यक्ति हुन् । यिनै २ वर्ग बीचको असमानता नै नेपाली समाजको असमानताको वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ । जिमिनदार साहुँ भनउदाहरूले नेपाली समाजको ग्रामीण समाजमा बसोबास गर्ने निम्न वर्गका मानिसहरूलाई आर्थिक  मानसिक रूपमा समेत थिचो मिचो गरिएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । समथिङको साहसी आमा उपन्यास सामाजिक विषयवस्तुको यथार्थ घटना प्रस्तुत गरिएको उपन्यास हो । यसरी दमित र शोषित भएर बाच्नु पर्दा उनीहरूको भविष्य कतातिर धकेलिरहेको छ भन्ने कुरा देखाउन खोजिएको छ । सामन्ती वर्गले तल्लो वर्गमाथि थिचो मिचो,अन्याय र अत्याचारले उनीहरूको मनोबल समेत गिर्ने हुँदा यसप्रति सबैको ध्यान पुग्नु पर्ने कुरा समेत प्रस्तुत गरिएको छ । अर्कोतर्फ समाज र सामाजिक सेवामा सबैको ध्यान जानु पर्ने र सानो सहयोगले पनि कसैको ज्यान बच्न र बचाउन सकिने हुनाले सबैले यसमा लागि पर्नु पर्ने कुरा पनि उपन्यासको कथावस्तुले व्यक्त गरेको छ । थोपा मिलेर समुन्द्र भए झैँसबैको सानो सहयोगले मान्छेको ज्यान बच्ने हुँदा यस्तो सुरुवात आफै गर्नु पर्ने भन्ने सन्देश दिन खोजेको छ । गरीब दिनभरी मेहनत गर्छ तर पेटभरी खान पाउदैन भने पुँजीपति मेहनत गर्दैन तर उसलाई मिठो मसिनो र विलासितापूर्वक जीवन विताई रहेको घटना प्रवृति पात्रको माध्यमबाट स्पष्ट पारिएको छ ।

यसरी समाजमा भइरहेका घटनालाई जस्ताको तस्तै रूपमा विभिन्न वर्ग र कुराबाट पीडित रहेका व्यक्तिको वकालत गर्नु समाज सुधारमा लाग्नु साहसी आमा उपन्यासको मुख्य उदेश्य रहेकाले यो उपन्यास समाजिक यथार्थवादी बनेको छ ।

### ४.२.५ साहसी आमा उपन्यासको 'भाषाशैली'

साहसी आमा उपन्यास सरल सहज भाषा शैलीको प्रयोग गरी लेखिएको उपन्यास हो । परिच्छेदमा विभाजित नभई संरचित भएको पाइन्छ । निम्न वर्गीय नेपाली समाजको सामाजिक ग्रामीण जीवनको यथार्थ चित्रण भएको सरल स्वभाविक देखिन्छ । उपन्यासको आदि मध्य र अन्त्यको पारस्पारिक श्रृङ्खलामा कथावस्तुका घटना क्रमहरू अगाडि बढेको छ । उपन्यासमा स्थानीय मौलिक भाषाको प्रयोग गर्दै अझ रोचक बनाउने प्रयास गरिएको छ । बे, धोतीलुडे, सत्यहाङ्मा, स्याङ्तान, जागित्र तिमेरु, ब्वारी, तेरो बावुको नाऊ जस्ता शब्दलाई आञ्चलिक भाषाशैलीको प्रयोग भएको पाइन्छ । स्थानीय व्यक्तिले बोल्ने भाषाशैलीलाई जस्ताको तस्तै उतार्नुले कृतिमताबाट टाढा रहेको पाउन सकिन्छ । उपन्यासमा प्रयोग गरिएको भाषा नेपाली व्याकरण सम्मत नभएको हुन सक्छ । यसमा स्तरीय भन्दा पनि पात्रले बोल्ने भाषालाई प्रयोग गरिएको छ । (समथिङ २०७४) आवश्यकता अनुसार लेखकले उपन्यासमा वर्णनात्मक, व्याख्यात्मक र संवादात्मक शैलीको प्रयोग गरेका छन् भने कहीँ व्याङ्ग्यात्मक शैलीको पनि प्रयोग गरेको पाइन्छ ।

उपन्यासका पात्रहरू निम्न वर्गका भएकाले बोल्ने सामान्य भाषिक लवजको प्रयोग भएको पाइन्छ । ह्वीलचियर, ऱ्याक, इन्टरप्रइजेज, पिकअप, विस्कुट, फोटोकपी, स्टुडियो, प्रोपाइटर, डिलर, टि.भी., डिसहोम, ट्वाइलेट पेन, स्लाइबोर्ड, स्कृप, होटल आदि अंग्रेजी शब्दको समेत प्रयोग भएको पाइन्छ । लेखक पाँचथरको ग्रामीण समाजमै जन्मिएर हुर्केकाले भाषाशैलीमा ग्रामीण क्षेत्रकै प्रभाव पाउन सकिन्छ । च्याँच्चाँ, स्वाँ स्वाँ, स्याउस्याउती जस्ता अनुकरणात्मक शब्दले उपन्यासलाई अझ मिठास थपेको छ । धन हुनेको घरमा जन नहुने, जन हुनेको घरमा धन हुने आदि जस्ता उखान टुक्काको प्रयोगले उपन्यास अझ महत्त्वपूर्ण बनेको छ । स्थानीय संस्कार र परम्परालाई कायम राख्दै धामीले फलाक्ने मन्त्र समेत उपन्यासमा प्रस्तुत गरिएको छ । ए ! तिमी माला मैदानकी धनी, तिमी काली, मैदानी, गुरु, तिम्रै साथमा पुवामाई खेलाई हिडने, देउमाई खेलाइ हिडने, सातै सिकारी, डडकिनी खेलाइ हिडने,माइ ठकुरानी । ए !.......हेवारानी .......तिमी जस्ता तान्त्रिक शब्दले उपनयास अझ सान्दर्भिक देखिन्छ । तत्कालीन परिवेश, विसंगति, विकृति, कुसंस्कार, अन्धविश्वास, समाजको यथार्थ परिवेशलाई विषयवस्तु बनाउदै नयाँ नयाँ तत्सम् तद्भव र आगन्तुक शब्द साथै उखान टुक्काको र व्यक्तिगत बोलीको प्रयोगले उपन्यास जीवन्त र सरल, स्वभाविक बनेको छ ।

### ४.२.६साहसी आमा उपन्यासमा दृष्टिविन्दु

यस उपन्यासमामुख्य रूपमा धनमायाको कथा भनिएको छ । यसको कथायिता उपन्यासमा अप्रत्यक्ष रूपमा देखिएको छ । लेखक आफूपनि उपन्यासमा उपस्थित त छन् तर उनले मूल कथा र प्रासङ्गिक कथाहरूको वर्णन कथायिताले गरेको हुनाले तृतीय पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.२.७ साहसी आमा उपन्यासको निष्कर्ष

बहुमुखी प्रतिभाका धनी समथिङले नेपाली उपन्यसको फाँटमा सामाजिक यथार्थलाई विषयवस्तु बनाउँदै समाजका विभिन्न अवस्थाका पात्रहरूलाई उपन्यासमार्फत प्रस्तुत गरेका छन् । साहसी आमा उपन्यासमा पनि यस्तै कुराहरू घनीभूत भएको छ । नारीलाई कमजोर ठान्ने नेपाली प्रवृतिलाई धनमायाको साहस र आँट मार्फत चुनौती दिइएको छ । धैर्यता र साहस सहनशिलताले मान्छेलाई सफलता तिर धकेल्दछ भन्ने सन्देश दिन समेत उपन्यास सफल भएको छ । समाजमा हुने सामन्ती वर्गको विरोध गर्दै अभाव र अप्ठेरोमा परेका जो कोहीलाई पनि सहयोग दिन सक्नु पर्छ भन्ने चाहना राख्नु लेखकको उदेश्य रहेको पाइन्छ ।

### ४.३ 'वेसहारा' उपन्यासको विश्लेषण

'वेसहारा' रामप्रकाश समथिङको अर्को उपन्यास हो । उनका प्रकाशित कृति मध्येको २६ औँ कृति हो । यसमा पनि जम्मा ६६ पृष्ठ रहेका छन् । २०७४ बैशाखमा प्रथम पटक आरनिको अपशेट प्रेस विराटनगर गुरुङ तारा, सुदर्शन र प्रदर्शनले गरेको हो । यस उपन्यासमा एउटी महिलाको संघर्ष र अभावमा रहेर सन्तान हुर्काउनु पर्ने र अन्त्यमा तिनै सन्तानबाट अपहेलित हुनु परेको तितो यथार्थलाई प्रस्तुत गरेको छ ।

### ४.३.१ 'वेसहारा' उपन्यासको कथानक

सामाजिक यथार्थलाई विषयवस्तु बनाएर लेखिएको समथिङको 'वेसहारा' अर्को उत्कृष्ट उपन्यास हो । प्रारम्भदेखि अन्त्यसम्म सोनीको जीवनमा विभिन्न घटना घटेका छन् । वेसहारा शब्दको अर्थ हुन्छ एक्लो अर्थात साहारा विहिन भन्ने बुझिन्छ । यही अर्थमा उपन्यासको कथावस्तु केन्द्रित छ । उपन्यासकी केन्द्रीय पात्र सोनीको जीवनमा घटेका विभिन्न घटनाहरूलाई उपन्यासमा सफल रूपमा विषयवस्तु बनेर आएका छन् । 'वेसहारा' उपन्यासमा प्रमुख पात्र सोनी रहेकी छे । उसको कलिलो उमेरमा विवाह भएर बुहारीको रूपमा भित्रिएकी हुदाँ समेत सम्पूर्ण जिम्मेवारी पूरा गरेर बसेकी हुन्छे । सोनीको बावु आमा

अर्काकोमा कामगर्न जानु पर्ने भएपछि उनले आफूभन्दा मुनिका बैनीहरू हेर्दै घरको सबै काम गर्नु पऱ्यो (समथिङ, २०७४: ३) विवाह पश्चात सासुको कठोर र दर्दानाक पीडा सहेकी र पटक पटक गर्भवती हुँदा समेत उसको बच्चा रहन नसकेको कारण ऊ कमजोर भएकी छे । यसको सबै कारण सासु भएको र दिन रात पिटने, खान नदिने अवस्था देखाएर कथावस्तु अगाडि बढेको छ । नखर माउली ......भए नभएको कुरा बनाउदै के-के पोल सुनाइस तेरो.....बुढालाई पोल लगाएर मलाई गाली गर्न लगाउने त ? तेरिमा .... छोरीलाई जस्तै गरेर पालेको थिए उल्टो पोल लगाइस ?गाली गर्दा गर्दै बुहारीलाई लछरपछार पार्दै दाउराको चिल्पटै चिल्पटले कुटी (समथिङ, २०७४: १०) यस्तो अवस्था सहन नसकी अन्तत छुटिएर श्रीमानको काम गर्ने स्वास्थ्य संस्थाको छेउमा बस्न पुग्छन् । निरन्तरको परिश्रम प्रयासले उनीहरूले पैसा कमाउछन् । चौथो पटकको बच्चा पनि बाच्न सफल हुन्छ ।

उनीहरूको खुसीको दिन सुरु हुन्छ । छोरो हुर्कदै जान्छ छोराको नाम सञ्जय राख्छन् । सञ्जयलाई राम्रो पढाउछन् । मेहनत गरे अनुसार सञ्जयको पढाइ पनि तेजिलो हुन्छ । उसलाई दुःख गरेर पिठीउँमा छोरो हातमा सुंगुरको चारोको भाडो बोकेर संघर्ष गर्दै हुर्काउछे सोनीले । पढ्नको लागि उसलाई सहर पठाउछे । ऊ सहरमा पढेर डाक्टर बन्छ । यसरी सोनीले आफ्नो छोराको लागि ज्यानको बाजी लगाएर संघर्ष गर्नुले नारी क्षमताको प्रदर्शन त गर्छ नै तर सोनीको सासुले गरेको व्यवहारले कुटिल चरित्रका नारीको प्रतिनिधित्व समेत गरेको पाइन्छ । सोनी आदर्श नारीको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । छोरो डाक्टर बने पछि नर्ससँग विवाह हुन्छ । अब सोनीको परिवारमा सुखका दिन सुरु हुन्छ । बाबुआमालाई गाउँको घर बेचेर सञ्जयले सहरमा घर किनेर राख्छ । क्रमिक रूपमा उसकी बुहारी छुच्ची भएका कारण सोनी र उसका श्रीमानलाई जिउँन गाह्रो पर्न थाल्छ । तितो वचन लगाउने, खान नदिने 'म त यो अल्छिनी बुढीलाई पाल्न सक्दिन, स्यार्न सक्दिन बोरामा पोको पारेर गाडीमा हालेर रातीनै लगेर नदिमा पुलबाट झारेर आउने कि वृद्धा आश्रममा छाडी दिनु' ( समथिङ, २०७४: ४३) जस्ता कुराले सोनीको हृदय छियाछिया भएको पाइन्छ । सोनीको श्रीमानको मृत्यु भइसकेको हुन्छ । अन्ततः सोनीलाई मृत्युको दिन पर्खन घर पिन्जडा झैँ बन्छ । श्रीमतीको कुरा विश्वास गरेर सञ्जयले सामान्य बिरामी भएको बेला अस्पताल लान्छु भनेर वृद्धाआश्रममा पुऱ्याउछ । यसरी सञ्जय र रमिलाका माध्मबाट आजका समाजमा रहेका स्वार्थी र निच सन्तानको चित्र उतार्ने कोसिस भएको पाइन्छ । आज पनि छोराछारी आउने आशामा सोनी दिनहरू कटाइरहेको अवस्थामा

कथावस्तु अन्त्य भएको छ । यहाँ सोनीलाई नारी पात्रको रूपमा उभ्याएर नेपाली समाजमा नारीले के कस्ता उतार चढावसँग जीवन जिउनु पर्छ भन्ने कुरालाई व्यक्त गरिएको छ भने अको तर्फ सम्पतिले मान्छेलाई स्वार्थी, घमण्डी बनाउँछ भन्ने कुरा सञ्जयको माध्यमबाट देखाउन खोजिएको छ । सोनीका माध्यमबाट नेपाली समाजका सासु र बुहारी दुवैले के कस्तो पीडा भोग्नु परेको छ भनेर दोहोरो चरित्र देखाउन खोजिएको छ । यसरी नेपाली समाजमा एकातर्फ महिलाको बाधक महिलानै हुन्छन भने अर्कोतर्फ बुढाबुढी भएपछि आमा बाबु सन्तानको लागि बोझका रूपमा रहने र सम्पतिमा मान्छे अन्धो बनेर बाबु आमा समेत भुल्ने कुरा सामाजिक समस्याको रूपमा रहेको छ । अझ पनि कलिलो उमेरमा विवाह गर्दा पर्ने असरको बारेमा समाज जानकार नरहेको हुँदा यसको प्रभाव र मारमा समाजनै परेको मनोविज्ञान उपन्यासमा प्रस्तुत भएको छ । नेपाली समाजमा भएको नारी शोषण, पीडा, उत्पीडन, गर्भपात, विसङ्गति, गरिबी, गरिबीका कारण समाजमा अपहेलित भएर बाच्नु पर्ने अवस्था जस्ता विषयलाई आलोचनात्मक प्रस्तुतिकरणसँग 'वेसहारा'उपनयासको कथावस्तु निर्माण भएको छ । समाज परिवर्तनका नाममा हुने कामहरू सफलताका लागि मात्र छैनन् विकृतिमा समेत जिम्मेवार छन् भन्ने कुरा देखाइएको छ । आफ्नो पूरा जीवन संघर्षमा व्यतित गरेकी सोनीका लागि सुख र सम्पति त परै जावस आत्मिक सन्तुष्टि समेत अभिसापको रूपमा सिमित रहेको छ ।

पाँच पटकसम्म गर्भ खेर जाँदा पनि परिवारको लागि लडिरहि तर मर्ने बेलासम्म पनि आफ्नो सन्तानको घर र साथमा बस्न पाइन यसलाई नियतिको कठोर प्रहारको रूपमा लिन सकिन्छ । सुरुमा सासुको हेला र तिरस्कार सहनु पऱ्यो भने पछि गएर बुहारीबाट यसरी उनी दोहोरो चपेटामा आफ्नो जीवन विसङ्गत तरिकाले व्यतित गर्न पुग्नु भनेको नेपाली समाजको उत्पीडित प्रतिनीधि पात्र हो । सोनीको जीवन भोगाइमा भएका छट्पटी उतार चढाव, संवादले उपन्यास विस्तारमा महत्त्वपूर्ण भूमिका खलेको छ ।

रमिलाले बुढोलाई कुरा लगाएर सोनीलाई घर निकाला गरी वृद्धा आश्रमसम्म पुऱ्याउनुले बाह्य द्वन्द्व सिर्जना गरेको छ । विभिन्न स्थिति र वर्गका व्यक्ति पात्र बनाएर सामाजिक, आर्थिक, राजनैतिक परिवेशका वर्गीय द्वन्द्व समेत कथानक बन्न पुगेको छ । यस्तो सासुको द्वन्द्व सहेर पनि संघर्ष गर्न नछोडनु अर्कोतर्फ छोराबुहारीको पीडा सुन्दर जीवन व्यतित गर्नु कडा चुनौतीको रूपमा देखिएको छ । छोरो पढेर विद्वान बनाउनु, जागिर खानु, पैसा कमाउनु अन्ततः आमालाई वृद्धाआश्रममा पुऱ्याउनुले बदलिदो परिवेशको

नैतिकता पतन भएको समाजलाई देखाएको छ । उपन्यासले देखाउन खोजेको मुख्य आशय समाजको विसङ्गति हो । समग्रमा उपन्यासले समाजको विसङ्गतिलाई देखाएर परिवर्तनको चाहना राख्नु नै उपन्यासको कथावस्तु बन्न पुगेको छ ।

### ४.३.२ 'वेसहारा' उपन्यासमा चरित्रचित्रण

वेसहारा आकारका दृष्टिले सानो उपन्यास देखिएतापनि पात्रहरू प्रसस्तै भएको उपन्यास हो । उपन्यासकी प्रमुख पात्र सोनी हो । उसैको केन्द्रीयतामा उपन्यास केन्द्रित छ । सोनीको जीवन भोगाइमा आइपरेका विभिन्न कालखण्डहरूले नै उपन्यास निर्माण भएको छ । उपन्यासलाई पूर्णता दिने क्रममा विभिन्न पात्रहरूको प्रयोग गरी उपन्यास अगाडि बढेको छ । बावु आमाले आफ्नो सन्तानको लागि कतिसम्म मरिमेटछन् भन्ने कुरा उपन्यासकी नारी पात्र सोनीबाट स्पष्ट पारिएको छ । 'वेसहारा' शीर्षक दिएर समाजमा सन्तानको लागि मरिमेटने हजारौ पीडित महिलाकोप्रतिनिधित्व गरेकी सोनी प्रमुख नारी पात्र हो । समाजका हरेक ऊ जस्तै महिला हुन् सासु पनि र बुहारी पनि तर नेपाली समाजमा बुहारीलाई सासुले गर्ने व्यवहार तितो र दमित पीडाकी सिकार भएकी छे सोनी । अर्कोतर्फ बुहारीले सासुलाई देखाउने सिंहिनी रूपको सिकार समेत बुहारीबाट हुन पुगेकी छ सोनी । उपन्यासमा सोनीलाई आदर्श पात्र मान्न सकिन्छ । सोनी सबैको सम्मान गर्ने श्रीमानको मर्यादा राख्ने सासुको गाली सहने, सहनशिल, घरव्यवहार बुझ्ने व्यवहारिक, सन्तानका लागि मरिमेटने मातृत्वको भूमिका निर्वाह गर्ने अनुकूल स्वभावकी नारी पात्र हो भने स्थिर वर्गीय र भूमिका सुरुदेखि अन्त्यसम्म भएकाले मञ्चीय पात्र हो ।

सञ्जय सुरुमा अनुकूल पैसा र श्रीमती पाएपछि प्रतिकूल पात्रको रूपमा प्रस्तुत भएको छ । हुर्काइ बढाइ ठूलो बनाउने आमालाई सफलताको उत्कर्षमा पुगेपछि बुढेसकालमा बोझको रूपमा लिने सञ्जय स्वार्थी सन्तानको रूपमा प्रस्तुत भएको छ । 'राँडी भएपछि आमाको पनि वुद्धि त्यस्तै आउँछ कि क्या हो ? एउटा बुहारी र यी साना नातीलाई खुसी पारेर खान सकिदैन ?' (समथिङ, २०७४: ४५) आमा माथि यी शब्दले सन्तान भएर पनि तितो वचन सहेर बाच्नु पर्ने नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ । श्रीमतीको कुरा सुनेर सही गलत नछुट्याई जन्म दिने आमामाथि खराब बोल्नु के न्यायोचित हो त ? भन्ने कुरा सञ्जय पात्र मार्फत प्रस्तुत गरिएको छ । शिक्षित भएर पनि मान्छे कहिले नसुद्रने, सम्पति कमाएपछि स्वार्थी बन्ने प्रवृतिले पशु समान भएको कुरा व्याङ्ग्यात्मक रूपमा देखाउन खोजिएको छ । रमिला काठमाडौमा जन्मिएर उतै हुर्किएकाले

दुः नभोगेकी, महत्त्वकांक्षी, स्वार्थी, सम्मान र आदर नजान्ने, निच सहरीया केटीको प्रतिनिधि पात्र हो । आफू भौतिक सुख सुविधामा रमाउने त्यही बुढीको छोरा प्यारो हुने तर बुढेसकालमा सासुलाई देखि नसहने प्रतिकुल पात्रको रूपमा प्रस्तुत भएकी छ । शिक्षित भएर पनि सामन्ती प्रवृति उसमा देखिन्छ । सम्पतिको आडमा आफ्नो नैतिकता नै गुमाउन पछि नपरेको वास्तविकता उजागर गरेको छ । यस्तै सोनीकी सासुका माध्यमबाट कुटिल, चरित्रहिन, मुखाले, आफ्नी छोरी मात्र छोरी सम्झने अर्काकी छोरी ल्याएर पेल्ने मानवताहिन नेपाली समाजका पक्षपाती सासुको प्रतिनिधि पात्र हो । बुहारीलाई काम मात्र, लगाउने खान नदिने, अस्लिल शब्द प्रयोग गर्दै गाली गर्ने तुच्छ नारी पात्र हो । खाने कुरादेखि लिएर हरेक कुरामा छुट्टै व्यवहार गर्ने पुरातन कुसंस्कारकी पात्रको रूपमा उभ्याएर प्रतिकूल भूमिका निर्वाह गरेकी सोनीकी सासुका माध्यमबाट नेपाली समाजका सासुहरूलाई चुनौती दिदै व्यङ्ग्य प्रहार गरेको पाइन्छ । बुहारीलाई गर्भवती भएको वेला काममा र खानमा ख्याल गर्नुको साटो 'हाम्री ब्वारी ले हाम्रो बंस थाम्ने नाती नै पाउँछे जस्तो. छ, यसो जीऊ हेर्दा खेरी ।' जस्ता व्याङ्ग्यात्मक शब्द प्रयोग गर्ने निर्दयी सासुको संकेत गरेको पाइन्छ । सासुले सोनीलाई खान नदिने,

उब्रिएको जुठो खानु पर्ने, सोनीको श्रीमानले सहयोग गर्दा ऊ जोइटिङ्ग्रे हुने पुरातनवादी कुसंस्कारलाई समेत पात्रका माध्यमबाट उपन्यासले जस्ताको तस्तै रूपमा प्रस्तुत गरेको छ । यस्तै उपन्यासमा सोनीको श्रीमान सोनाम मेहनती, परिवारलाई मिलाएर राख्न भरमजदुर प्रयास गर्ने, आमाको इज्जत मान गर्ने, श्रीमतीको ख्याल गर्ने सकारात्मक वर्गीय अनुकूल मञ्चीय पात्र हो । स्वास्थ्य संस्थामा पियनको काम गर्ने सोनाम सहयोगी भएतापनि श्रीमती गर्भवती हुँदा आठ महिना सम्म परिक्षण गर्न नलानुले ऊ अशिक्षित, चेतनहिन पात्रको रूपमा प्रस्तुत भएको छ । भने अर्कोतर्फ तत्कालिन नेपाली समाजलाई सचेत र यस्तो अवस्थामा सजग रहनुपर्ने कुरा ध्वनिभूत गरेको पाइन्छ । श्रीमतीको गर्भ खेर जाँदा सोनामले सेकताप गर्नु, आफै खाना बनाएर खुवाउनु, लुगा धुनु र आमाले जोइटिङ्ग्रे भन्दा पनि वास्ता नगर्नुले सभ्य पुरुषको आधुनिक प्रतिनिधि पात्रको रूपमा प्रस्तुत भएको छ । अप्ठेरोमा परेको बेला महिला पुरुष नभनी जो कोहीले पनि गर्नु पर्ने कुरा स्पष्ट पार्दै लैङगिक असमानतालाई चिरफार गर्ने कोसिस गरेको पाइन्छ । सुत्केरी भएको आठ दिनमा पानी बोक्नु पर्ने, घाँस दाउरा गर्नु पर्ने, सासुको कुटाइ खानु पर्ने अवस्था देखाउनु सहनशिलताको पराकाष्ठ को रूपमा देखाइएको छ । यस्तो अवस्थामा दया नगर्ने,

सहयोग नगर्ने मान्छे नभएर पशु सुँगुर भएको कुरातर्फ संकेत गरिएको छ ।'वेसहारा' उपन्यास धनी र गरीब वर्गबीचको असमानता, सासु बुहारीबीचको सम्बन्ध, नारीले गर्नुपर्ने संघर्षको कथा बनेको छ ।

सोनीले जाँड र मासु बेचेर सन्तानको लागि भनेर सहरमा बनाएको घर छोराले बेचेर काठमाडौमा घर त किन्छ तर त्यही आमा श्रीमतीको कुरा सुनेर घाडो रूपमा लिने आजका सौखिन निर्दयी सन्तान प्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । छोराछोरी साना हुँदा एकछिन दुध खान नपाएर रुदा आमा बाबुको मुटु चिरिन्छ तर तिनै सन्तानलाई बुढेसकालमा खानको र बस्नको लागि भिख माग्नु पर्ने, घरबाट निस्कासित भएर सडक पेटीर बृद्धाआश्रममा पुग्नु पर्ने आजको वास्तविक स्वार्थी समाजलाई चित्रण गरेको छ । शिक्षित भएर डाक्टर नर्स जस्तो पोष्टमा पुगेतापनि उनीहरू संस्कार र मानवताको पक्षमा गर्भमै तुहुएको अवस्था देखाउदै मान्छे संस्कारको साथै हरेक कुरामा स्वस्थ हुनु पर्छ तब मात्र समाजको मुहार फेरिने कुरा सञ्जय र रमिलाको भूमिकाबाट स्पष्ट हुन आउँछ ।

यस्तै सोनीका छिमेकी आफन्त आमा, बावु, बहिनी, भाइ, नन्द, धामी, ससुरो, गुरुङ साहिला, डाक्टर, हाकिम, सरहरू, शशी, मंगली, आइती, शुक्रा, जन्ती, नाती, महिला, रमिलाकी आमा वेसहारा उपन्यासमा प्रस्तुत भएका पात्र हुन् । जसमा हाकिम सहायक पात्रको रूपमा प्रस्तुत भएको छ । ऊ सहयोगी सञ्जय पढाउनदेखि लिएर सोनी वृद्धाआश्रममा भएको सुन्न साथ भेटन जाने अनुकूल मञ्चीय पात्र हो । मान्छेपढेर विद्वान हुनुको वास्तविक रूप हाकिमको व्यवहार मार्फत देखाइएको छ । अन्य पात्र भने गौण रूपमा आए पनि उपन्यासलाई पूर्णता दिने काममा सहयोगी भूमिका खेलेका छन् । विभिन्न अनुकूल र प्रतिकूल पात्र उपस्थित गराई उपन्यासलाई उत्कर्षमा पुऱ्याइएको छ । एकातर्फ सन्तान नहुदाको पीडामा छट्पटिएका बाबु आमा र अर्कोतर्फ सन्तान भएर पनि उनीहरूको व्यवहारले छट्पटिनु पर्दाको पीडालाई सोनी चरित्र उभ्याएर स्पष्ट पार्न खोजिएको छ । सासु बुहारीबाट नै भएको र बुहारी पनि भोलि सासु हुने हुनाले मान्छेले मान्छेकै व्यवहार गर्नु पर्ने धारणा व्यक्त भएको छ । बल र बैंस सबैकुरा होइन, शिक्षित भएर दमन र शोषण होइन समाज सुधार तिर लाग्नु पर्ने कुरा विभिन्न पात्रका माध्यमबाट दिन खोज्नु उपन्यासको मर्म हो । भौतिक सुख भन्दा दिनभर बनिभुतो गरी सन्तुष्टिका साथ मानसिक सुखमा बाच्न सजिलो हुने कुरा समेत स्पष्ट पारिएको छ । दुःख परिन्जेल आफ्नो आवश्यकता पूरा गरिनजेल मान्छे मिजासिलो हुने तर जब सुख पायो सम्पति कमायो यी सब कुरा भुल्ने

प्रवृतिले आजको समाज विसङ्गति तिर धकेलिएको तिर धकेलिएको कुरा स्पष्ट पार्न खोजिएको छ । सासुले बुहारीलाई गर्ने गलत व्यवहार गाउँ समाजमा अझै पनि कायम रहेको र शिक्षित सहरीया बुहारीले सासुलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई नारी पात्र मार्फत व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । यसरी यी विभिन्न चरित्रको मध्यमबाट उपन्यासमा समाजमा अन्याय, थिचोमिचो, पीडा, विङ्गति, अत्याचारको चित्रण गरिएको छ। सोनीको केंद्रियतामा नै घटना घटाइएको छ।

### ४.३.३ 'वेसहारा' उपन्यासको उदेश्य

समाजमा रहेका अन्याय, अत्यचार, दमन, शोषण, उत्पीडन, कुसस्कारलाई अन्त्य गरी समतामूलक समाजको निर्माणतर्फ संकेत गर्नु यस कृतिको लक्ष्य हो । उपन्यासमा सोनी निम्न वर्गीय पात्र हो। उसको माध्यमबाट समाजमा घटने महिला हिंसा र दमन लाई आलोचना गर्दै सुधारको अपेक्षा राख्नु यो उपन्यासको धेय हो । यसका लागि सम्पूर्ण समाजनै लागेर यस्ता समस्या र विकृतिको अन्त्य गर्नु पर्ने उदेश्य उपन्यासले राखेको छ। उपन्यासमा सोनी जस्ता नारीलाई सम्मान गर्नु पर्ने, प्रत्येक आमालाई इज्जतका साथ राख्नु पर्ने, सञ्जय र उसकी श्रीमती जस्ता व्यक्तिलाई सुधार गरी समाजलाई नमुना बनाउनु पर्ने यस उपन्यासको मुख्य उदेश्य रहेको छ। समाजमा मान्छे कसरी बाचेको छ ? उसका इच्छा र सपना के कारण दमित भएका छन् ? महिला कसरी शोषित भएका छन् ?भन्ने कुरालाई संकेत यस उपन्यासले गरेको छ । आफ्नो सुन्दर भविष्यको लागि सपना पूरा गर्न मान्छे लागि पर्छ तर धेरै ठक्कर खानु पर्ने यति हुँदा हुँदै पनि मान्छे असफल भएको घटना देखाइएको छ । मानवीय समस्या र कारुणिक अवस्थाको पहिचान गरी सफलतामा पुग्न कोशिस गर्नु पर्ने सन्देश पनि यस उपन्यासले दिएको छ । सामाजमा रहेका विकृति विसङगति जस्ता समस्या जल्दा बल्दा रहेका छन् के यो न्यायोचित हो त ? भन्ने कथावस्तु बोकेर उपन्यासले समाजलाई कडा चुनौती दिएको छ । समाजमा रहेका व्यथिति, पीडा, आँसु, रोदन, दःखलाई विषय वस्तु बनाएर परिवर्तनको चाहना राखिएको छ । उपन्यासमा मनेविज्ञानलाई प्रस्तुत गर्न समाजको विसङ्गति विकृतिलाई प्रस्तुत गरिएको छ।

उपन्यासमा जीवनका सुखद पक्षलाई भन्दा दुःख पीर, मार्कामा परेको पीडा, व्यथामा विषयवस्तु बढी केन्दित छ । जीवनमा आफैले केही गरेर जीवन सुखी र सम्पन्न पार्ने चाहना र कल्पनामा संघर्ष गर्दा समेत सफल हुन नसकेको घटनालाई उपन्यासको कथावस्तुले बोलेको छ । मानवीय कुण्ठा र पीडालाई वास्तविक रूपमा उतार्ने कोशिस

गरिएको छ । सामाजिक र पारिवारिक पृष्ठभूमिलाई आधार विन्दु बनाएर उपन्यास लेखिएको छ ।

अभाव र पीडाले मान्छेलाई जिउन त सिकाउँछ तर त्यही मान्छे पैसा र ऐस भएपछि दुनिया भूलिदिन्छ भन्ने तितो यथार्थ बोलेको छ । अनेक संघर्ष र पीडा बोकेर पनि आफ्नो सन्तानलाई खाइ नखाइ हुर्काएर पनि अन्तमा एक्लो वेसहारा जीवन जिउनु आजका नेपाली जनजीवनको चित्रण उपन्यासकारले यस उपन्यासमा गरेका छन् । यो खड्किदो नेपाली समाजको अवस्था हो । आधुनिक सभ्यतासँगै मान्छे सौखिन र भोगवादी बनेको छ । यसले मान्छेलाई स्वार्थी बनाएको देखाउनु मुख्य अभिप्राय भएको पाइन्छ । आफ्नो विगत भुलेको तितो यथार्थ उपन्यासको कथावस्तुले देखाएको छ । लैङ्गिक असमानता र मान्छेको निर्दयीपन, स्वार्थीपन देखाउनु नै यो उपन्यासको मुख्य उदेश्य रहेको छ ।

### ४.३.४ 'वेसहारा' उपन्यासमा परिवेश

सोनीले भोगेको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक जनजीवनको चित्रण यस उपन्यासमा सोनीको जन्मदेखि वृद्धाआश्रमसम्मको विभिन्न घटनाक्रमको वर्णन गरिएको छ । सोनीको माइत घर, उसको घर, श्रीमानको काम गर्ने स्वास्थ्य चौकी समाजको संस्कृति पुरातनवादी परम्परा, रुढीवादी प्रथा, सहरमुखी मानसिकता, गर्भपतन जस्ता कुराको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । विभिन्न सामाजिक घटनाक्रमदेखि काठमाडौ सम्मको परिवेश प्रस्तुत गरिएको छ । उपन्यासमा सोनी पात्र समाजमा थिचिएकी पीडित पात्र हो भने सञ्जय र उसकी श्रीमती सौखिन र स्वार्थी रहेकाले समाजलाई पैसा र सुविधाले समाजमा विकृति र विसङ्गति बढाइरहेकोले समाज आत्मनिर्भर छैन परनिर्भर बन्दै गएको परिवेश प्रस्तुत गरिएको छ । काठमाडौ र गाउँको परिवेशमा घटना घटाइएको पाइन्छ । सोनीमाथि सासुले गरेको व्यवहार, ४ पटक सम्मगर्भ खेर जानु, रमिलाले सासु सोनी माथि गरेको अत्याचार थिचो मिचो, सासुद्वारा बुहारी पिटिनु, छोरो पिठिउँमा बोकेर काम धन्दा गर्नु सोनी घरबाट बुढेसकालमा निस्कासित भएर वृद्धाआश्रममा बस्नु, सूत्केरी अवस्थामा पिटिनु, आठ दिनमै पानी ओसार्नु जस्ता घटनाले नेपाली समाजमा घटने घटना,शोषण अन्याय अत्याचारको प्रस्तुति गर्नुका साथै उपन्यासलाई कारुणिक समेत बनाएको छ ।

जीवन निर्वाहका लागि र सन्तानको सुन्दर भविष्य निर्माणका लागि हातमा घाउनै घाउ बनाएर गिटी कुटेको परिवेश देखाउनु आजका आम निम्न वर्गीय परिवारको अवस्था

जानकारी गराउनु हो । सोनीलाई सुत्केरी विराम लाग्दा धामी बोलाउनु, न्वारनमा भैंसी रागा काटेर भोज गर्नु, गर्भवती हुँदा अस्पताल जाँच गर्न नजानु चेतनाको कमी र लोकविश्वासका कुराको रूपमा प्रस्तुत गर्न खोजिएको छ ।

सासुले बुहारीका लुगा धुनु, ट्वाइलेट सफा गर्नु, घर पुस्नु बुहारीचै हेरेर बस्नुले समाज कता जादैं छ भन्ने परिवेशको चित्रण गर्न खोजेको पाइन्छ । छोराछोरीले अपहेलित गरेर वृद्धाआश्रम पुऱ्याए पनि छोराछोरी फर्की आउने आशा नमर्नुले सन्तान प्रेमको कुरालाई उठान गरेको छ । आमाको माया स्नेह विगतमा आमाले दुःख गरेर हुर्काएको कठिन परिस्थिति आफ्नो सफलतामा आमाका हर्ष आँसु सम्झेर पनि श्रीमतिको कुरामा अडिक हुन बाध्य बनेको सञ्जय आजको निर्य पुरुषहरूको प्रतिनिधित्व गर्ने पात्र हो । यसले आधुनिक समाज र परिवेश कतातिर ढल्दै छ भन्ने कुरा स्पष्ट पारेको छ । म जीवन भर यस्तै तरुनी नै रहन्छु भन्दै सासुलाई गलत्याउने रमिलाले सभ्य  शिक्षित हुँ भनेर रूप र बैसको घमण्ड गर्ने आजका नारी परिवेशको यथार्थलाई प्रस्तुत गरिएको छ । श्रीमानको साथ र सहयोग पाउन्जेल दुःखमा आट नहार्ने तर श्रीमानको मृत्यु पश्चात एक्लो भएको र वृद्धाआश्रममा पीडा भुल्न भजन किर्तन गरेर दिन कटाउनु पर्ने परिवेश समेत प्रस्तुत भएको छ । जीवनमा खुसी र सुख कहिलै नआएको जतिसंघर्ष गरेता पनि आफ्नो भन्ने केही नरहेको र मृत्यु कुर्नको लागि समेत आफ्नो घर भन्न नपाएर वृद्धाआश्रममा मृत्युको दिन कुर्नु पर्ने यथार्थ आजको सौखिन सन्तानले बाबुआमालाई दिएको उपहार नै यहाँ परिवेशको रूपमा आएर 'वेसहारा' उपन्यास परिवेश विधानका दृष्टिले सफल भएको छ ।

### ४.३.५ 'वेसहारा' उपन्यासमा भाषाशैली

वेसहारा उपन्यासमा सरल ठेट नेपाली र सहज शैलीको प्रयोग गरी उपन्यास लेखिएको छ । एकै भागमा संरचित उपन्यासको कथावस्तु रैखिक ढाँचाको छ । आवश्यकता अनुसार लेखकले वर्णनात्मक, व्याख्यात्मक, संवादात्मक शैलीको प्रयोग गरेका छन् । उपन्यासका पात्र निम्न वर्गका र मङ्गोलियन समुदायका भएकाले उक्त समुदायले प्रयोग गर्ने भाषिक लवजको प्रयोग गरिएको छ । उनका प्राय सबै उपन्यासमा सरल, सहज भाषा शैलीको प्रयोग गरेका छन् । ग्रामीण क्षेत्रमा बसोबास गर्ने सामान्य पाठकले समेत सजिलै बुझ्ने खालको पाइन्छ । उपन्यासमा पात्रको स्तर र विषयवस्तु अनुकूल भाषाको प्रयोग गरिएको छ । समाजमा घट्ने घटना र पात्रको घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्न खोज्दा उपन्यासमा अश्लिलताका दृष्यहरू पनि पाइन्छ । यस्ता ठेट नेपाली शब्दको समेत प्रयोग

भएकाले पाठकलाई अलि असहज हुन्छ । रैखिक शैलीमा रचना गरिएको हुनाले आदि, मध्य र अन्त्यको क्रममा कथानक विकास भएको छ । विभिन्न उखान टुक्काको प्रयोग गरेर उपन्यासलाई रोचक बनाउने केशिस गरिएको छ । 'अल्छे तिघ्रो, स्वादे जिब्रो' (समथिङ २०७४: ४४) विभिन्न अंग्रेजी शब्दको प्रयोगले पनि कथावस्तु प्रसङ्ग अनुसार अगाडि बढाउन सहयोग पुऱ्याएको छ भने अशिक्षित भाषको रूपमा प्रयोग हुने शब्द राँडी, जोइटिङ्ग्रे, नखरमाउली, अलच्छीनी, बोक्सी जस्ता शब्द पनि उपन्यासमा प्रयोग भएको छ भने पाठकलाई असहज हुने खालका केही अस्लिल शब्द समेत प्रयोग भएको पाइन्छ । यसरी 'वेसहारा' उपन्यासमा सरल स्वभाविक र सहज भाषा शैलीको प्रयोग पाइन्छ ।

### ४.३.६'वेसहारा' उपन्यासमा दृष्टिविन्दु

यस उपन्यासकी प्रमुख नारी पात्र सोनीको कथा व्यथा प्रस्तुत भएको छ । उपन्यासको सम्पूर्ण कथानकमा कथायिता स्वयम् लेखक हुन् । उनले उपन्यास बाहिर रहेर दृष्य र मानवजीवनको अध्ययन गरेका छन् । यस उपन्यासमा तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । यहाँ पात्रमा सिमित नरहेर सर्वज्ञ भइ प्रस्तुत भएकाले बाह्य तृतीय सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.३.७ निष्कर्ष

यसरी लामो समयदेखि विभिन्न संघसंस्थामा रहेर समाजका समस्यालाई नजिकबाट नियाल्दै तिनलाई साहित्य मार्फत बाहिर ल्याउन सफल भएका छन् । कथावस्तु खोज्न एकान्तमा बस्नु पर्दैन, काही टाढा जानु पर्दैन समाजमा घटेक तत्कालीन घटाान नै उपन्यासका विषयवस्तु बनाएका छन् । यस्ता व्यक्तिलाई साहित्य लेखनमा प्रेरणा र प्रोत्साहन दिन आवश्यक छ । अर्कालाई शोषण र भ्रष्टचार गरेको खुलेर विरोध गर्ने समथिङ आफ्ना कृतिमा समेत यी कुरा बाोलेका छन् । वेसहारा उपन्यासमा जीवनमा आइपर्ने विभिन्न प्रकारका नारी समस्या, कुरीति, विसङगति, अन्धपरम्परा, दमनको अवस्थालाई विषयवस्तु बनाएका छन् । पात्रमा देखिएका मानसिक, सामाजिक चेतना र अवस्थाको चित्रण गर्न खोजिएको छ । समय र परिस्थितिले मान्छेलाई अनेक मोडमा पुऱ्याउँछ र समस्याको समाधान समस्याले बोकेर आएको हुन्छ तर त्यसको सारथी मान्छे बन्नु पर्ने रहेछ । मान्छेले पीडा र दुःखलाई विविध किसिमले समाधान गर्नुपर्ने रहेछ पीडा, व्यथा, आँसु, रोदन, क्रन्धन, कतिपय मान्छेले लुकाएर हाँस्न विवस हुने भाव यहाँ प्रस्तुत गरिएको छ । मान्छेको दास समय नभई समयको दास मान्छे बन्नु पर्ने रहेछ । यिनै दासतालाई

विभिन्न कोणबाट यस वेसहारा उपन्यासको माध्मबाट पाठक सामु पुऱ्याई परिवर्तनको चाहना राख्न सफल भएका छन् ।

## ४.४ 'जित्या' उपन्यासको विश्लेषण

रामप्रकाश समथिङको 'जित्या' २०७४ मा प्रकाशित भएको अर्को उपन्यास हो । साहित्यिक कृति मध्ये ४२ औ कृतिको रूपमा रहेको छ । पृष्ठ संख्या भएको आकारका दृष्टिले सानो उपन्यास मानिन्छ । उनका कुनै पनि उपन्यासमा परिच्छेदमा विभाजित भएको पाइदैन् । 'जित्या' उपन्यासमा एउटा मजदुर, श्रमिक जसको कोही नभएको जिते नामले परिचित सहरका प्रत्येक घरको व्यक्तिको काम पूरा गर्ने गरीबको कथावस्तु बयान भएको उपन्यास हो ।

### ४.४.१ 'जित्या' उपन्यासको कथावस्तु

'जित्या' एकै खण्डमा संरचित रहेको उपन्यास हो । यो एउटा गरीब मजदुरको कथावस्तु प्रस्तुत भएको उपन्यास हो । जिते नामले परिचित एउटा घरबार विहिन व्यक्तिको चित्रण गरिएको उपन्यास हो । यो सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ । जसमा गरीब मजदुर गर्छ, परिश्रम गर्छ तर बस्नको लागि एउटा बासको व्यवस्था हुन्न रात दिन सडक र पेटीमा बिताउनु पर्ने तितो याथार्थ प्रस्तुत भएको पाइन्छ । यहाँ त्यही श्रमजिवी जितेको जीवन घटनालाई प्रस्तुत गरिएको छ । यही घटनामा कथावस्तु केन्द्रित छ । जितेको चरित्रचित्रण गर्दै आजको यथार्थ समाज देखाउनुमा नै यसको मुख्य कथावस्तु बनेको छ । समाजमा रहेका वेमेल, कुप्रथा, अन्याय, अत्याचार आजको परिवेश, अभाव, मानसिक तनाव र यौन जन्य पक्षको विकृति विसंगतिलाई एकै पात्र जितेको मध्यमबाट समेटेर कथानक निर्माण भएको छ । समाजका सम्पूर्ण घटना उद्घाटन गर्ने क्रममा जितेको सम्पूर्ण चरित्र चित्रण भएको छ । जितेको माध्यमबाट ग्रामीण समाजको अति विपन्न वर्गको चरित्रको उद्घाटन गरेका छन् । गरिबीका कारण सहरका सडक पेटीमा बस्नको लागी संघर्ष गर्दै जीवन विताएको कारुणिक घटना प्रस्तुत भएको छ । 'हौ जिते दाजु काफ्लेको दोकानबाट एक बोरा चामल ल्याइदेन ल ।' ' अनि कि हौ जिते दाजु च्या खाएर फेरी कोशी ग्यास पनि ल्याउनु छ ल ।' (समथिङ २०७४: ८) यसरी हेर्दा जिते पेट पाल्नको लागि भारी बोकेर दिनरात परिश्रम गर्ने श्रमिकको रूपमा देखिएको छ । नाङ्गिन घर भएतापनि विवाह गरेर श्रीमतीले केही दिनमै छोडे पनि आफ्नो सहारा केही नभएको र रोजी रोटीको लागि

फिदिमको प्रत्येक घर घर डुल्दै काम गरेर बेलुका सुत्ने जितेको अवस्था नाजुक देखिन्छ । 'मेरो घर पावुको एउटा खरथ्यो, पावु आमा मरिगो, ताजु भाई छैन् पैनीहरू छैन, अनी पे गरेर पसेको थ्यो खरमा मेरो पुरी याङनामको याम्सुहाङले लगिदियो ।' (समथिङ २०७४: १४) यसरी आफ्नो भन्ने कोही नभएको र एउटा घरसम्म २०४५ सालको भुकम्पले लडाइ दिए पछि अर्धपागल जस्तो भएर ऊ घर छाडेको अवस्था देखाउनुले दर्दानाक बनेको छ । उसलाई विभिन्न अभर परेका पटक पटक अरुले गर्भ बोकाएर जितेको बुढी भन्दै जिम्मा लगाएको अवस्थाले एकातर्फ समाज कति निच रहेछ, कति विकृति बढेको भन्ने देखाउन खोजिएको छ भने अर्कोतर्फ जितेको अर्धपागलपनको अवस्था देखाएर कथा अगाडि बढाइएको छ । जिविसको चिसो पेटीमा सुत्नु पर्ने रातभर कुकुरले सुत्न नदिएर कुकुर धपाएको प्रसङ्गले मान्छेको अवस्था कतिसम्म दयनीय छ भनेर पशु भुष्या कुकुर मान्छेको अवस्था हालत एकै भएको अवस्था देखाउनुले न्याय र समानता देशमा कहाँ नेर छ भन्ने प्रश्न उठेको पाइन्छ । विकास गर्ने र न्यायोचित व्यवहार कता तिर ढल्कि रहेछ भन्ने कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको पाइन्छ । त्यही जिविसको भित्र आरामदायी रूपमा कामगर्ने कर्मचारी र त्यही पेटीमा आफ्नो बास बस्ने जितेलाई तुलना गर्दै वर्गीय असमानता र थिचोमिचोलाई चित्रण गर्न खोजिएको छ । चिया खाजा खाने पैसा दिएर गर्भवती भएका महिला जितेलाई जिम्मा लाउनुले मान्छे कतिसम्म गिरिसकेको छ, महिला किन आफ्नो इज्जत र हकको लागि लडन सक्दैनन भन्नुले आफ्नो स्वभिमान गुमाएको कुरा प्रस्तुत गरिएको छ । अर्कोतर्फ मान्छे यौनजन्य गतिविधिमा क्रियाशिल भएर समाज र आफूलाई पतनतर्फ धकेली रहेको अवस्था देखाइएको छ । रातदिन काम गरेर कमाएको पैसा पनि निरौला, शिवाकोटी जस्ता जान्ने बुझ्ने भनौदाले खाईदिएको अवस्था प्रस्तुत गर्दै सामन्ती शोषक प्रवृतिको चित्रणले घटनाक्रमको प्रसङ्गलाई अगाडि बढाएको छ ।

एक्लै हिड्दा पाटीको विरोध गर्दै बर्बराउदै हिडने जिते कही कतै कुनै पाटीलाई खतरा महाँ खतरा भन्दै हिडनुले उसमा अन्जान भए पनि राष्ट्रवाद, देश प्रेमी भएको देख्न सकिन्छ । फोनमा बोल्न लाउदै अर्को फोनबाट केटीको आवाज बनाएर तिमीसँग म विवाह गर्छु भन्दै विभिन्न ठाउँमा लिन आऊ भनेर यस्ता सोझा श्रमिकलाई दुःख दिने प्रवृतिका मान्छे, अरुको दुःखमा रमाउने प्रवृतिले समाज कहिलै नसुध्रने कुरा उद्घोष गरेको छ । जिते भने विश्वास गरेर केटी लिन पुग्नु हिरोनीको फोटो गोजीमा बोकेर हिड्नुले सोझोपन र आशामा निराश भएको पीडित व्यक्तिको रूपमा देखिएको छ । अर्कालाई दुःख दिने सहरीया

प्रवृतिलाई उजागर गरेको छ । 'कपाल नभाको मान्छेलाई काइँयो बेच्ने दिमाख भाको व्यापारी न परे फिदिमका ।' भन्दै व्यापरिक पेशामाथि हुने गुपचुप दलाली, चापलुसीलाई व्यङ्ग्य गरेका छन् । जिते जस्तो गरीब, अर्धपागल व्यक्तिको पैसा खाने निरौला, शिवाकोटी जस्ता गिरोहको माध्यमबाट शोषणकारी व्यक्तिको उजागर गरेका छन् । केटीले फोन गरेको भनेको सुन्न साथ तेह्रथुम, राँके पुग्ने जितेको व्यवहारले उसको विवाहको तिब्र इच्छालाई मनोवैज्ञानिक रूपमा प्रकट गर्दै कथावस्तुमा कौतुहलता थपेको छ । यसरी उसले हरेक दिन भारी बोकेर दिनचार्या बिताएको विभिन्न व्यक्तिसँग आफ्नो विगतको कुरा सुनाउदै तङ्बा र मासु खाएको घटनाहरू घटाउदै कथानक अगाडि बढेको छ । एकपटक उसले अर्काले गर्भवती बनाएकी केटीलाई सुत्केरी हुने बेलामा जिम्मा लगाउदा समेत जिम्मा लिएर सुत्केरी स्याहार गरेको र २२ दिनपछि त्यो केटी भागेको देखाउनुले नेपाली स्वार्थी र अवसरवादी समाजको चित्रण समेत गरेको छ । जस्तो सुकै केटी ल्याएर दुइ चार हजार दिदा मेरै बुढी हो । बच्चा मेरै हो भन्ने जितेको अवस्था देखाउनुले मानसिक सन्तुलन ठीक नभएको व्यक्तिको रूपमा समेत आकलन गर्न सकिन्छ । केटाकेटीहरूलाई डर देखाउनेदेखि लिएर हरेकले जिस्क्याउने जितेको अवस्थालाई प्रस्तुत गर्दै कथा अगाडि बढेको छ ।

बाबु आमाका पालामा धनी रहेको र अहिले यसरी सडक पेटीमा बस्नु परेको अवस्था देखाउदै समय र परिस्थिति मान्छेको बसमा नरहेको कुरा प्रस्तुत गरिएको छ । यसरी आफ्नो दिनचर्या बिताइ रहदा उसको खाने र सुत्ने राम्रो प्रबन्ध नहुदा अचानक एकदिन बेलुका लडेर प्यारालाइसिस भएको अवस्था देखाउनुले घटना कारुणिक रूपमा आइपुगेको पाइन्छ । उसलाई उठाएर त्यही होटलको तामाङले अरुको सहयोगमा अस्पताल त पुऱ्याउँछन् तर उसको उपचार विराटनगरको न्युरोमा मात्र हुने थाहा पाएपछि उपचार हुन नसक्नुको मुख्य कारण आफ्नो मान्छे नभएको र आर्थिक अवस्था कमजोर भएको दारुणिक अवस्था देखाइएको छ । उसले निम्न वर्गको भूमिका निर्वाह गरेको छ । यसरी त्यस पश्चात उसलाई पुरानो घर नाङ्गिन समथिङ लगाएतको नेतृत्वमा लाने निणय गरिन्छ । यो अवस्थाले सामाजिक सदभाव झल्काउछ । नाङ्गिन लगेर उसको कोही नभएको कारण अवस्था विकराल भएको देखाउनुले नेपाली समाजको यथार्थतालाई ओकलेको पाइन्छ । निरन्तरको प्रयासमा समथिङ नेतृत्वको टोलीले काठ र बासको दुइ कोठे घर निर्माण गरी २०७२ मंसिर २६ गते थन्क्याउदै गरेको घटनामा कथावस्तु अगाडि बढेको छ । विभिन्न सहयोगी हातहरूले सहयोग गरेर उसलाई खाने बस्ने व्यवस्था गर्नु उपन्यासको अन्त्य

तिरको भाग मान्न सकिन्छ । अन्ततः २०७२ फल्गुन ६ गते दुखद निधन भएर अन्त्यस्टि गरी कथावस्तुको घटना दुखान्तमा अन्त्य भएको छ । यसरी उपन्यासमा विभिन्न पात्रहरूको संयोजन गरी कथावस्तु निर्माण गरेतापनि सम्पूर्ण घटना जितेमै कैन्द्रित भएर घटेको पाइन्छ ।

## ४.४.२ 'जित्या' उपन्यासमा चरित्रचित्रण

'जित्या' उपन्यास जितेको चरित्रचित्रणमा केन्द्रित उपन्यास हो । सम्पूर्ण घटना उसैको सेरोफेरोमा घटाइएको छ । घटनाका क्रममा अरु पनि सहायक पात्रको प्रयोग त भएको पाइन्छ । मुख्य पात्रको रूपमा जिते नै रहेको छ । संख्यात्मक रूपमा थुप्रै पात्रको प्रयोग भएको छ । जितेको जीवनमा घटेका विभिन्न घटनाहरूलाई पूर्वदीप्ती तथा संस्मरणत्मक रूपमा उपन्यास सिर्जना भएको छ । अरु पात्रले भने उपन्यास पूणताका लागि सहयोगी भूमिका निर्वाह गरेका छन् ।

उपन्यासको जिते पात्र अशिक्षित, गरीब, मेहनती, लिम्बु जातको अर्धदिमाख भएको पात्रको भूमिका निर्वाह गरेको छ । बावु बाजेको पालामा सम्पति भएको तर पछि क्रमिक रूपमा सबै सकिएर सडक पेटीलाई बास बनाएको कारुणिक पात्रको रूपमा उभ्याइएको छ । विभिन्न व्यक्तिले छल्ने र अरुको कुरामा विश्वास गरी त्यसको पछि लाग्ने सोझो पात्र हो । 'हाव जिते तिमीलाई रांकेदेखि फोन गरेको छ हौ सुनबुढीले ।' (समथिङ २०७४: १७) यसरी रातदिन फिदिम बजारका होटलवालादेखि लिएर व्यापारी, साहु, महाजनको भारी, ग्यास सिलिन्डर बोक्ने जिते गरीब मजदुर हो । उसको सोझोपनको फाइदा उठाएर विभिन्न व्यक्तिले भारी बोकेको पैसा समेत खाइदिएको अवस्था देखाउनुले दलाली नेपाली समाजका प्रतिनिधि पात्रलाई प्रस्तुत गरेको छ । जिते गिर्दो मानसिक अवस्था भएको पात्रको रूपमा लिन सकिन्छ । सहरका विभिन्न व्यक्तिहरूले पेट बोकाएर अभर परेका केटी जिम्मा लगाउँदा ऊ माथिलगाएको अभियोग गलत हो भन्ने थाहा हुँदाहुँदै स्वीकार गर्नु विरोध गर्न नसक्नुले ऊ लाछी र मानसिक सन्तुनल ठीक नभएको चरित्रको रूपमा प्रस्तुत भएको छ । त्यसको विरोध गर्नु भन्दा कसैले एक दुई हजार दियो भने चुपचाप लाग्ने अवस्थामा पुग्नुले उसको मनस्थिति र अवस्था गिर्नुका साथै ठीक नभएको देखिन्छ । जिते पहिला विहे गरेकी श्रीमती पोइल जानु अनि पटक पटक पाँच ओटीसम्म बढी उपन्यासमा देखाउनुले मानसिक र शारिरिक रूपमा कमजोर पुरुष रहेको तर्फ संकेत गरिएको छ । यसरी भएकी श्रीमती

समेत सम्हालेर बस्न नसक्ने सामर्थ्यहीन पुरुषको रूपमा प्रस्तुत भएको छ । जहाँ जसको भारी बोक्नु परे पनि पछि नहटने दिन भर काममा व्यस्त रहने परिश्रमी, मेहनती मजदुरको रूपमा प्रस्तुत भएको छ । उपन्यासमा सुरुवातदेखि अन्त्यसम्म उसको उपस्थिति निरन्तर भएकाले ऊ उपन्यासको बद्ध तथा मञ्चीय पात्र हो । नेपाली समाजमा अशिक्षित, उपेक्षित, तल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्र भएकाले ऊ वर्गीय पात्र पनि हो । शोषक र सामन्तीको खुलेर विरोध गर्ने स्वभाव उसमा भएकाले बहिरमुखी स्वभाव उसमा देखिन्छ । भारी बोकेर भएपनि बिहान बेलुका मासु भात नै खाने सौखिन स्वभाव पाइन्छ । होटलमा बाकी खाएर हुने खानेले नतिरेको तर जिते कसैको एक रुपैया बाकी नखाने गरीब तर स्वाभिमानी पात्रको रूपमा प्रस्तुत छ । अरुको भन्दा बेग्लै बोल्ने भएकाले धेरै साहित्यकारको पात्र समेत बनेको कुरा स्पष्ट पारेको छ । आफू भारी बोक्छ तर कमाएको पैसा ठूलाबढा भन्न मिल्ने व्यक्तिलाई दिएर खाएको अवस्था देखाएर नेपाली समाजका सामन्ती वर्गको विरोध गरेको पाइन्छ । आफुले बिहे गरेकी र अरुले गर्भ बोकाएका पाँच गरी ६ ओटीको श्रीमानको रूपमा प्रस्तुत गर्दै नेपालको कानुन व्यवस्था र विसंगति विकृतिको भण्डाफोर गरिएको छ । यसरी ६ ओटी श्रीमती हुँदा समेत आफ्नो भन्ने कोही नभएको धन र जनले ठगेको मायालु पात्रको रूपमा प्रस्तुत भएको छ ।

गोरुलाई कोरु, कुकुरलाई ख्यावा, घरलाइई खर जस्ता अस्पष्ट वाक्य बोल्ने आञ्चलिक पात्रको रूपमा प्रस्तुत गरिएको छ । सधै सुँगुरको मासु र मध्यपान खाने मंगोल संस्कारको पात्रको रूपमा प्रस्तुत भएको छ । प्रमुख पात्रका अतिरिक्त उपन्यासमा अन्य थुप्रै पात्रहरू उपस्थित रहेको पाइन्छ । कथानक विस्तारमा सहयोग पुर्‍याउने यी पात्रको भूमिका मुख्य नभएतापनि कथावस्तु विस्तारमा यीनले कथावस्तुलाई यथार्थ र पूर्णता दिने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उपन्यासमा पुरुष पात्र मध्ये समथिङ, भवानी, मंगल, विवेकको भूमिका सहायक छ भने अन्य तामाङ, व्यापारी, काफ्ले,निरौला, शिवाकोटी, नरेस, सिरि, के.पी., कमल,चन्द्रप्रसाद, गोविन्द, सन्त, मनोज, डिकबहादुर, दुर्गा, होमनाथ, भगिरथ, सागर, सन्तोष, लक्ष्मी, रामबीर, कृष्ण, मित्र, गिरिराज, सरोज जस्ता विभिन्न पात्र गौण रूपमा प्रस्तुत भएका छन् । यस्तै गरी केसी होटलकी साहुनी, भण्डारनी, जितेका बुढीहरू नारी पात्र गौण रूपमा प्रस्तुत भएर उपन्यासलाई पूर्णता दिने काम भएको छ । साहु व्यवसायीलाई कही कतै बाट व्यवहारले सामन्ती रूपमा त कसैलाई सहयोगी मानवको रूपमा समेत प्रस्तुत गर्दै बाह्य द्वन्द्वको सृजना गरिएको छ । यसरी जितेलाई प्रलोभन देखाई

पेट बोकेका केटीलाई जिम्मा लगाउनुले सामन्ती प्रवृतिको उद्घोष गरेको छ । जिते बिरामी हुँदा अस्पताल पुऱ्याउने, उपचार गर्ने, नयाँ घर निर्माण गरी थन्क्याउने समथिङ लगायतको टोली मानवीय हितमा लागि परेको कुरा प्रस्तुत गरिएको छ । अनततः उसको मृत्यु पश्चात पनि सहयोगी टोलीले उसको मलामी खाजा समेत व्यवस्था गरी दिएको अवस्थाले मानवीयताको उदाहरण समेत प्रस्तुत गरेको छ । जितेको जीवनमा घटेका घटना र उसको पात्रको माध्यमबाट कथानक नाटकीय रूपमा प्रस्तुत भएको छ । अर्कोतर्फ जितेका सम्पूर्ण जीवन घटनालाई उसैका माध्यमबाट प्रस्तुत गरेकाले चरित्रप्रधान उपन्यासको रूपमा रहेको पाइन्छ ।

यस प्रकार 'जित्या' उपन्यासमा जितेका माध्यमबाट समथिङले समाजका विभिन्न घटनालाई प्रस्तुत गरेका छन् । जितेले समाजको अशिक्षित, गरीब, मेहनती, एक्लो स्वाभिमानी पात्रको प्रतिनिधित्व गरेको छ । निरौला, शिवाकोटी जस्ता व्यक्तिले समाजका सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । व्यावसायी र समथिङ नेतृत्वको टोलीले महामानवको भूमिका निर्वाह गरेका छन् ।समाजको विकृतिको रूपमा रहेको यौनजन्य गतिविधिमा संलग्न रहेर हुने गरेका घटनाले आजको समाजको धज्जी उडाएको छ । मूल कथा साथै प्रासाङ्गिक घटनाले विभिन्न प्रकारका पात्रको प्रयोग भएको छ । नेपाली समाजबाट टिपिएका यस्ता चरित्रहरू सजिव र सत्य नजिक देखिन्छन् । उपन्यासमा जितेलाई सहयोग माग्न जाँदा मबाट फ्री मा लगेर तिमी धर्म लुट्ने भन्ने व्यापारीलाई प्रस्तुत गरेर पेशागत विकृतिको उजागर गरेको छ । पात्र सुहाउदो भाषाको प्रयोग गर्दै जितेको केन्द्रीयतामा उपन्यास सफल बनेको छ ।

### ४.४.३ 'जित्या' उपन्यासको उदेश्य

विभिन्न वर्ग र प्रवृतिका पात्रको प्रयोग गरी समाजका कुसंस्कार र वेथितिको अन्त्य गर्नु 'जित्या' उपन्यासको उदेश्य रहेको छ । निरौला, साहुँ, व्यापारी र जिते जस्ता वर्गीय पात्रको प्रयोग गरी उपन्यासमा नेपाली समाजमा विद्ययमान वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ । नेपालका ग्रामीण स्थानमा अहिले पनि धेरै कारणले मान्छे पीडित हुनु परेको छ । तल्लो वर्गका नेपालीहरूको जीवन कसरी निसासी रहेको छ भन्नु र यसको मर्म बुझ्न पीडित पनि आफू सचेत रहनु पर्छ भन्ने सन्देश दिनु यसको मुख्य उदेश्य हो । उपन्यासको गरीब, मानसिक सन्तुलन समेत पूर्ण रूपमा ठीक नभएको जिते तर ईमान्दार परिश्रमी, श्रमजीवि

व्यक्ति विभिन्न सामन्ती वर्गबाट शोषित भइरहेको छ । ऊ त प्रतिनिधि पात्र मात्र हो । यस्ता धेरै जिते हाम्रो समाजमा रहेको कुरा देखाउन खोजिएको छ । कमजोर आर्थिक अवस्था,उपेक्षित तल्लो वर्ग र कमजोर आत्मा बलका कारण सामन्ती वर्गको खेलौना बन्नु परेका नेपालीहरूको मुल समस्या प्रस्तुत गर्दै तत्कालीन राज्य व्यवस्था र अवस्था प्रति व्यङ्ग्य गर्नु यसको अर्को उदेश्य हो ।

समथिङका उपन्यास प्राय सामाजिक उपन्यास नै रहेका छन् । ती मध्ये 'जित्या' पनि सामाजिक घटनामा आधारित उपन्यास हो । नेपाली समाजमा घटेका घटनालाई जस्ताको तस्तै यथार्थ रूपमा प्रस्तुत गरिएको छ । सत्य तथ्य घटनालाई कथावस्तु बनाएर समाजका निम्न वर्गका मानिसलाई उच्च वर्गका मानिसले गर्ने थिचो मिचोलाई, आर्थिक अभावले सिर्जना गर्ने वातावरण र परिस्थितिलाई प्रस्तुत गरेका छन् । गाउँले परिवेश र सोही अनुसारका पात्रको र भाषाको प्रयोगले उपन्यास यथार्थ निकट पुगेको छ । समाजका यथार्थलाई आलोचनात्मक रूपले प्रस्तुत गरेकाले 'जित्या' उपन्यास आलोचनात्मक यथार्थवादी बनेको छ ।

### ४.४.४ 'जित्या' उपन्यासमा परिवेश

समथिङका उपन्यासहरूको कथावस्तु सामाजिक घटनामा केन्द्रित भएकाले परिवेश पनि ग्रामीण परिवेश प्रस्तुत गरिएको हुन्छ । 'जित्या' उपन्यासमा पनि जिते गाउँमा जन्मेको गरीब, मेहनती र आफू बाच्नका लागि सहरका सडक, पेटीमा जीवन गुजारा गरी रहेको अवस्था देखाउनु नै यहाँको परिवेश हो । पाँचथरको नाङ्गिनदेखि फिदिम बजार, राँके बजार साथै तेह्रथुम सम्मको परिवेश देखाएर उपन्यास सिर्जना भएको छ । जितेलाई आञ्चलिक पात्रको रूपमा स्थापित गर्दै त्यहाँ बोलिने भाषाशैली र सामाजिक, साँस्कृतिक पक्षको चित्रण गरेको छ । मुख्तः पाँचथरको फिदिम बजारलाई परिवेश बनाएको छ । कथाको घटनाक्रम फिदिम बजारबाट भई नाङ्गिनको छापेमा जितेको मृत्यु भएर दाहाँसंस्कार सुद्धाइँ सम्मको परिवेश देखाई उपन्यास समाप्त भएको छ ।

नेपाली समाजमा गरीब र परिश्रमी मजदुरको तत्कालीन अवस्थाको चित्रण गरी लेखिएको उपन्यास हो । नेपालको राजनैतिक, प्रसाशनिक व्यवस्था र कानुनी व्यवस्थाले नेपाली जनतामा परेको प्रभाव नेपाली जनताको मजदुर, गरीबको अवस्था जस्ता कुरालाई उजागर गरेको छ । सहरीया र पैसावाल मान्छेले गर्ने व्यवहार उनीहरूको आचरण स्वार्थी र

अवसरवादी प्रवृतिले जिते जस्ता एक्लो र आर्थिक अवस्था निम्न भएको व्यक्तिलाई बाच्न मुस्किल रहेको कुरा प्रस्तुत भएको छ । जितेका आमा,बावुको मृत्यु हुनु, भएको सम्पति सकिनु, श्रीमती अर्काले लगिदिनु, भुकम्पले घर लडाई दिनु, बिरामी हुँदा उपचार गर्ने पैसा र हेर्ने मान्छे नहुनुको घटनाले उपन्यास मार्मिक बनको छ । अरुका पेट बोकेका महिला जितेलाई जिम्मा लगाउनु, व्यापारीले पैसा खाई दिनु, केटीको फोन आको थियो भनेर विभिन्न ठाँउमा पठाउनु जस्ता घटनाले समाज विसङ्गति तिर धकेलिएर उपन्यास कारुणिक बनेको छ । एक पेट खान र बस्न समेत राम्रोसँग नपाएको अवस्थाले नेपालका गरीब मजदुरको दयनीय अवस्था प्रस्तुत गर्नुले उपन्यासले कारुणिक र दुखान्तलाई वरण गरेको छ ।

उपन्यासमा जितेले घरलाई खर, भोकलाई फोक, भातलाई फात भन्नुले उसको जातीय भाषाबाट आएको प्रभाव भन्ने बुझिन्छ । जानी नजानी फलानो पाटी एस्तो फलानो उस्तो उसमा देशप्रेम पनि कही कतै रहेको अवस्था चित्रण गरेको छ । मर्दा कोही नभएको र मलामी खाजा समेत संकलन गरेर व्यवस्था गर्नु पर्ने अवस्थाले नेपालमा जो काम गर्छ, पसिना बगाउँछ, मेहनत गर्छ उसैको अवस्था एस्तो दयनीय हुन्छ भने देश कता तिर ढल्कदै छ भन्ने तत्कालीन राज्य व्यवस्थाको चित्रण भएको पाइन्छ । यसरी परिवेशका रूपमा फिदिमको गल्ली, सडक, जिविसको पेटी, जिल्ला अस्पताल जस्ता विभिन्न ठाउँको र विभिन्न परिवेशको चित्रण गर्दै उपन्यास समाप्त भएकाले 'जित्या' उपन्यासको परिवेशका आधारमा सफल मान्न सकिन्छ ।

### ४.४.५ 'जित्या' उपन्यासमा भाषाशैली

निम्न वर्गीय सामाजिक यथार्थ प्रस्तुत गरिएको उपन्यास भएकाले भाषा केही जटिल देखिन्छ ।पात्रले बोल्ने भाषा मङगोल जाति अन्तर्गत लिम्बु भाषी समुदायको भाषा प्रयोग गरिएको छ । पाठकलाई बुझ्न अलि कठिन भएतापनि उपन्यासको कथानकसँग मिल्दोजुल्दो रहेकाले उपन्यास सफल रहेको छ। उपन्यासमा झर्रा नेपाली शब्द राँडी, बुढी, भुडी, शब्दको प्रयोग भएको पाइन्छ । प्रेस, केपी, प्रोपाइटर, स्टोर्स, फेन्सी, ट्याकसुट, होटल ट्याक्टर, बसपार्क, पोष्टकार्ड, जस्ता अंग्रेजी शब्दको प्रयोगले उपन्यास विस्तारमा सहयोग पुऱ्याएको छ । 'जित्या' उपन्यासमा प्रयोग भएका खाङ्छौ, पिनिवा, खरबारी, रुपे आछुती, फयो,फन्ने, तोकान, थपाउ, बनाङ्छु, पन्द,बैसा, किलास, पन्दुक, पारी, पोका, ख्याबा, ज्या आदि जस्ता

स्थानीय भाषिकाले उपन्यासमा रोचकता त थपेको छ तर बुझ्न कठिन समेत बनाएको छ। जुन पृष्ठभूमिबाट कथा खडा गरिएको छ त्यस पृष्ठभूमिमा त्यहीँका पात्रले बोल्ने पात्र भाषाको प्रयोग भएकालेजित्या उपन्यासको भाषा कृतिमताबाट मुक्त छ।

फेदाङ्बाले सुद्धाइ गरेको देखाउनु सुद्धाइमा पञ्चभलादमी भेला हुनुले त्यहाँको समाजको संस्कार रसंस्कृतिलाई चित्रण गरेको छ। विभिन्न पात्रले बोल्ने क्यौँ अपूर्ण वाक्य देखिन्छन्। वाक्य अपूर्ण भए पनि उपन्यास पढ्दा अनुमानका भरमा पनि बुझ्न सक्ने खाल्का देखिन्छन्। 'फयो हाव फाइ आनी त्यो फन गर्ने गेटिको फटो लिएर आउनु फनेको छ। (समथिङ२०७४:१९) जस्ता व्यक्तिगत भाषिक प्रयोगले उपन्यासलाई जीवन्त र स्वभाविक बनाएको छ।

उपन्यासकार समथिङको 'जित्या' उपन्यासमा सामाजिक यथार्थ त कही व्यङ्ग्यात्मक शैलीको पनिप्रयोग गरेका छन्। उपन्यासको जितेका माध्यमबाट उसको जीवनमा घटेका सुख, दुःख, रोदन, पीडा समेटेर कथावस्तु तयार भएको छ। उसको जीवनमा घटेका घटना पूर्वदीप्ती शैलीमा प्रस्तुत भएको छ। विभिन्न व्यक्तिसँगको कुराकानी र अन्तर्वार्ताले संवादात्मक शैलीले प्रश्रय पाएको छ। प्रासाङ्गिक घटनामा संवादात्मक शैली अपनाएको भएता पनि सम्पूर्ण उपन्यासले तत्कालीन राज्यव्यवस्था, सामान्ती प्रवृति, विकृति, विसंङ्गति र नेपाली समाजको यथार्थ परिवेश र वातावरणका माध्यमबाट व्यङ्ग्य प्रहार गरेको छ। यसरी विभिन्न स्थानीय स्तरको भाषा र शैलीको प्रयोगले 'जित्या' उपन्यास सफल भएको मान्नसकिन्छ।

### ४.४.६ 'जित्या' उपन्यासमा दृष्टिबिन्दु

मुख्यतः 'जित्या उपन्यासमा जितेको कथा प्रस्तुत गरिएको छ। यसको कथायिता उपन्यासमा अप्रत्क्षय रूपमा देखिन्छ। मूल कथा र प्रासाङ्गिक कथाहरूको वर्णन कथायिताले गरेको हुनाले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ।

### ४.४.७'जित्या' उपन्यासको निष्कर्ष

यसरी नेपाली ग्रामीण समाजलाई नजिकबाट नियाल्दै तिनै घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्ने समथिङ पूर्वमा साहित्यका दर्विला हस्ती हुन्। उनले ग्रामीण समाजमा भएका थिचोमिचोमा परेका पीडित व्यक्तिलाई आफ्नो उपन्यासका पात्र बनाएका छन्। परिश्रमी र

मेहनतीको पक्षमा रहेर अन्याय, अत्याचार, शोषण गर्नेको भण्डाफोर गर्नु उनको मुख्य साहित्यिक उदेश्य रहेको पाईन्छ । जिते जस्तो गरीब मेहनती मजदुरको पक्षमा उभिएर सामन्ती वर्गको विरोध गर्दै यस्ता मजदुरलाई राज्यले र समाजले सम्मान गर्नु पर्ने कुरा 'जित्या' उपन्यासमा प्रस्तुत भएको छ । त्यही गरीबले बोकेको भारी र ग्याँसले खाना पकाएर खाने तर त्यही गरीबलाई एक छाक दिन नसक्ने समुदायलाई व्याङ्ग्यात्मक रूपमा विरोध गरेका छन् । यसरी बाध्यता र अभावमा पिल्सिएका वर्गीय पात्रको विश्लेषण गर्दै सभ्य समाजको निर्माणमा सबै जुट्नु पर्ने विचार राख्नु उनको उदेश्य हो ।

## ४.५ प्रवृतिका आधारमा रामप्रकाश समथिङका औपन्यासिक प्रवृतिहरूको अध्ययन

समथिङ नेपाली साहित्य क्षेत्रमा एकै पटक (२०७४)सालमा एकै दिन २२ विमोचन गराउन सफल भएका छन् । उनले विभिन्न खोजमूलक पुस्तक, कथा संग्रह, निबन्ध, मूक्तक संग्रह आदि समेत प्रकाशित गरी सकेका छन् । उनका सामाजिक तीन उपन्यास साहसी आमा, वेसहारा जित्याको अध्ययन पश्चात औपन्यासिक प्रवृतिहरूको अध्ययन गर्नु आवाश्यक छ । यहाँ प्रवृतिका आधारमा उनका औपन्यासिक प्रवृतिहरूको विश्लेषण गरिएको छ ।

### ४.५.१ समथिङका औपन्यासिक प्रवृतिहरू

समथिङ २०७३ तिरबाट उपन्यासमा प्रवेश गरेका हुन् । २०७४मा प्रकाशित उपन्यासहरू साहसी आमा, वेसहारा, जित्या उपन्यासका आधारमा उनका औपन्यासिक प्रवृतिहरूको यहाँ अध्ययन गरिने छ ।

#### ४.५.१.१ सामाजिक यथार्थवादी

समथिङ समाजको यथार्थलाई टड्कारो रूपमा व्यक्त गर्ने उपन्यासकार हुन् । साहसी आमा, वेसहारा, जित्या उपन्यासले सामाजिक यथार्थवादलाई अंगालेका छन् । साहसी आमा उपन्यासमा नेपाली समाजमा नारीले गरेका संघर्ष र आर्थिक अभावको कारण आउने विकारल रूपको प्रस्तुति पाइन्छ भने वेसहारामा नेपाली महिलाले भोग्नु परेका दारुणिक अवस्था र सन्तानले बुढेसकालमा गरेको अपमानित व्यवहार प्रस्तुत गरेको छ । जित्या उपन्यासले गरीब मजदुर भएर पनि मर्ने बेलामा कात्रो किन्ने पैसा समेत नभएको अवस्था प्रस्तुत गरेको छ । यसरी नेपाली समाजमा हुने दमन, अन्याय, अत्याचार शोषण र सामान्ती

प्रवृतिको तस्विर उनका उपन्यासमा पाइन्छ । यस्ता प्रवृतिले समाजमा जरा गाडेको हुनाले त्यसको चिरफार र व्यङ्ग्य विद्रोह गर्नु उनका उपन्यासको उदेश्य हो । समाजमा भएका विकृति र विसङ्गतिको अन्त्य गरी सुन्दर समाजको स्वस्थ जीवन जिउने कुरामा जोड दिएको पाइन्छ । यसरी सामाजिक यथार्थवादको प्रयोग समथिङको उपन्यासमा देखिने प्रमुख प्रवृति हो ।

### ४.५.१.२ मनोवैज्ञानिक यथार्थवाद

सामाजिक घटनाक्रमका विभिन्न प्रकारका पात्रको प्रयोग गर्ने यिनका उपन्यासमा विभिन्न खालको मनोविज्ञानलाई प्रस्तुत गरिएको छ । कतै यौन मनोविज्ञान त कहीनारी पात्रको मनोविज्ञानको विश्लेषण गर्दै उपन्यास निर्माण भएको छन् । वेसहारा उपन्यासमा सोनीको जीवनमा भोग्नु परेका पीडा जीवनमा गर्नु परेको संघर्ष  र अन्त्यमा वृद्धाआश्रममा बस्नु पर्ने अवस्था देखाउँदै नारी क्षमता र सहनशिलताको मनोवैज्ञानिक अध्ययन गरिएको छ । साहसी आमा उपन्यासमा घटनाले सुरुमा धनमायाले भोग्नु परेको पीडा र पछि नयाँ घर र सहयोग पाए पछिको अवस्थाको मनोवैज्ञानिक तरिकाले तुलनात्मक अध्ययन गरिएको छ । जित्यामा जितेले ६ ओटी सम्म श्रीमती विहा गर्दा पनि नबस्नु र अझ पनि विहा गर्न जसले जाँ जाँ आइज भनो त्यही पुग्ने समाका विभिन्न व्यक्तिले पेट बोकाएर जितेलाई जिम्मा लगाउने प्रवृतिले यौन मनोविज्ञानको चित्रण गरेको छ । यसरी समाजका यथार्थ घटना र सामाजिक अपराध र मानवीय प्रवृतिको उद्घाटन गर्नु समथिङको प्रवृति देखिन्छ ।

### ४.५.१.३ आलोचनात्मक यथार्थवाद

समथिङका उपन्यासमा आलोचनात्मक यथार्थवाद पनि सफल रूपमा प्रस्तुत भएको पाईन्छ । समाजमा रहेका दुषित, फोहोरी समाजमा गन्धे खेल खेल्ने तत्त्वहरूको अन्धविश्वास र रुढिहरू जस्ता कुप्रथालाई आलोचना गरिएको छ । वेसहारा साहसी आमा उपन्यासमा सुत्केरी बिराम लाग्दा धामी लगाउनु, छोरोलाई कुपोषण हुँदा धामी लगाउनु, कुखुरा काट्नु, अण्डा चढाउनु जस्ता अन्धविश्वासको तिव्र रूपमा व्यङ्ग्य गरेका छन् । सामन्ती वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिलाई गर्ने तुच्छ व्यवहारको समेत आलोचनात्मक रूपमा विरोध गरेको पाइन्छ । भिन्न बिषयवस्तु र पात्रका माध्यमबाट समाजका विभिन्न घटनाहरूलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्न उनका उपन्यास सफल भएकाले आलोचनात्मक यथार्थवादी उपन्यासकार उनको अर्को प्रवृति हो ।

### ४.५.१.४ विसङ्गतिवादी उपन्यासकार

उनका उपन्यासमा विभिन्न खालका विसङ्गतिको प्रस्तुति पाइन्छ । मानिसमा व्याप्त विभिषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुच्छाचुडी, सहअस्त्वि आदिबाट जन्मेका विसङ्गतिलाई उनका उपन्यासहरूले प्रस्तुत गरेका छन् । साहसी आमा उपन्यासमा धनमायाले भोग्नु परेका अभाव, पीडा, जिम्मेवारीको  चित्रण गरिएको छ । वेसहारा उपन्यासमा सोनी कतै सहारा नपाएर एक्ली भएकी, वृद्धा आश्रममा समेत छोरो आउने आशाका दिन कुर्दै जीवनको अस्तित्व खोज्न पुगेकी छ । जित्यामा जिते सबै कुरा सकिएर एक्लो भएको जस्ता विभिन्न विसङ्गत अवस्थाको चित्रण गर्नु समथिङको अर्को प्रवृतिगत विशेषता मानिन्छ ।

### ४.५.१.५ आञ्चलिकता

स्थानीय परिवेश समेटिएर लेखिएका उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । स्थानीय क्षेत्रको रहनसहन, भेषभुषा, बोलीचाली, स्थानीय परम्परा, संस्कार, जीविको पार्जन जस्ता कुराले आञ्चलिकताको प्रस्तुति गरेको हुन्छ । समथिङका जित्या, साहसी आमा आञ्चलिक उपन्यास हुन् । वेसहारा उपन्यासमा पनि थोर बहुत आञ्चलिकता पाइन्छ । यी उपन्यासमा स्थानीय मङ्गोल जाति, समप्रदायको बोलीचाली प्रस्तुत गरिएको छ । साथै सुद्धाइँ र सुभकार्यमा फेदाङ्बाको प्रयोग गरि संस्कार र संस्कृतिको चित्रण गरिएको छ । उनीहरूको आर्थिक, शैक्षिक समस्या दिनचर्याको चित्रण भएको पाइन्छ । समाजका उपेक्षित वर्गमाथि सभ्रान्त वर्गको थिचो मिचो चित्रण गर्दै सामाजिक यथार्थलाई आञ्चलिकताका आधारमा आफ्ना उपन्यास मार्फत चित्रण गर्नु उनको अर्को महत्त्वपूर्ण प्रवृति हो ।

### ४.५.१.६ वर्गीय पात्रको प्रयोग

अत्यन्तै निम्न स्तरका पात्रको प्रयोग यिनका उपन्यासमा भएको पाइन्छ । साधारण किसान बनिभुत्तो गर्ने मान्छे कुल्ली, ज्यामी, मजदुर, भरिया, गरिब,एक्लीएका नारी पात्र संघर्षशिल व्यक्ति प्रमुख पात्रका रूपमा प्रस्तुत भएका छन् । साहसी आमाकी धनमाया वेसहाराकी सोनी जित्याको जिते पात्र वर्गीय पात्र हुन् । यसरी नेपाली समाजका निम्न स्तरका पात्र टिपेर उपन्यासमा प्रयोग गर्दै आर्थिक जटिलताको चित्रण गरेको पाईन्छ । यसरी समाजका अध्यारा पक्षलाई देखाउने निम्न वर्गीय पात्र प्रस्तुत गरी समाजको वास्तविक यथार्थ देखाउने वर्गीय पात्रको प्रयोग गर्ने प्रवृति उनमा देखिन्छ ।

### ४.५.१.७ प्रगतीशीलता

समाजमा रहेका अनेकौ विकृति र विसङ्गतिलाई देखाएर उपन्यास लेख्ने उपन्यासकार हुन् । विभिन्न सभ्रान्त वर्गले निम्न वर्गमाथि गरेको थिचोमिचो प्रस्तुत भएको पाइन्छ । साहसी आमा उपन्यासमा जिमिनदारको सामन्ती प्रवृति, जित्यामा निरौला, सिवाकोटीले जिते जस्तो मजदुरको पैसा खाएर नतिरेको वेसहारामा सासु बुहारीबीचको बेमेल, सामाजिक असन्तुलन,असमान सामाजिक व्यवस्था, भ्रष्टचार अन्यायहरूको प्रतिरोधमा उपन्यासमा समाजवादी संकेत देखिन्छ । यसबाट उनको समाज सुधारको संकेत पाइन्छ ।

### ४.५.१.८ भय र त्रासको प्रस्तुति

समथिङका उपन्यासमा भय र त्रासको प्रस्तुति प्रसस्तै पाइन्छ । पात्रले भोगेका अभावजन्य छट्पटिले भय र त्रास सिर्जना गरेको छ । साहसी आमा उपन्यासमा धनमाया साँहुकोमा अन्न माग्न जाँदा गाली सहनु पर्ने होकी, अन्न नपाएर छोरा छोरी भोकै हुने हुन की भन्ने भय र त्रासमा परेकी छ । वेसहारामा सोनी सन्तानले घर निकाला गरेको, वृद्धाआश्रममा बस्दा पनि अरुको गाली सुन्न पर्ने होकी, बुहारीको तुच्छ व्यवहारको भय र त्रासमा जीवन व्यतित गरेको अवस्था देखाइनुले भय र त्रासको सिर्जना भएको पाइन्छ । अर्कोतर्फ जिते आफूले कमाएर दिएको पैसा माग्न जाँदा गाली खाने अवस्था देखिनुले पात्रहरू भयपूर्ण जीवन गुजार्न बाध्य भएका छन् । यसरी उनका उपन्यासमा भय र त्रासको प्रस्तुति भएकाले उनको यो अर्को प्रवृति मान्न सकिन्छ ।

### ४.५.१.९ सरल भाषाशैलीको प्रयोग

यिनको भाषा सरल छ । पारिवारिक वातावरणको प्रभावले गर्दा बढी स्थानीय भाषाको प्रयोग गरेको पाइन्छ । कतिपय ठाँउमा ठेट भाषाशैलीको प्रयोग गरेको गरिएकाले अलि अश्लिल शब्दको प्रयोग कही कतै भएतापनि भाषा दुर्बोध्य छैनन् । भाषालाई क्लिष्ट बनाउने प्रवृति यिनमा पाइदैन ।

यसरी लामो समयदेखि नेपाली साहित्यमा कृति लेख्दै आएका समथिङ समाजलाई नजिकबाट नियाल्दै त्यहीँ वरिपरी रहेर स्थानीय समस्या र घटनालाई आफ्नो उपन्यासको बिषयवस्तु बनाउदैं समाजको विकृति विसङ्गतिवाद, सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी प्रवृति देखिन्छ । उनका उपन्यासमा नारीवाद, प्रकृतिवाद, आञ्चलिकता, राजनैतिकता, मनोवैज्ञानिकता, वर्गीय पात्रको प्रयोग र सरल भाषाशैली आदि प्रवृति भेटिन्छ । समाजको अन्ध परम्परा र कुसंस्कार, सामान्ती प्रवृतिको अन्त्य गर्दै समाज

सुधारको चाहाना उनका उपन्यासमा पाइन्छ । यिनै प्रवृतिहरूको सन्दर्भमा यिनी नवयुगिन उत्कुष्ट उपन्यासकार हुन् ।

### ४.५.१.१० सारंश

यस परिच्छेदमा साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन गरिएको छ । यी तीन उपन्यास कस्ता रहेका छन् ? कथानक, चरित्र, परिवेश, भाषाशैली आदि कसरी प्रस्तुत भएको छ साथै के कस्तो उदेश्य राखेर उपन्यास सिर्जना भएको छ ? भन्ने कुरा प्रस्तुत भएको छ । उनका औपन्यासिक प्रवृति समेत प्रस्तुत गरिएको छ । यसरी उनका तीनै उपन्यासहरूमा थोर बहुत आलोचनात्मकता, मनोवैज्ञानिकता, यौन मनोविश्लेषणको प्रयोग भएता पनि मुख्य गरी सामाजिक यथार्थवाद प्रस्तुत भएको पाइन्छ । एकातर्फ उनले वर्गीय पात्रको प्रयोग सफल रूपमा प्रस्तुत गर्दै समाजको आर्थिक, सामाजिक र मानसिक विकृतिलाई द्वन्द्वात्मक रूपमा प्रस्तुत गरेका छन भने अर्कोतर्फ उक्त आर्थिक प्रभावले समाजलाई पार्ने प्रभाव र असरलाई समेत ससक्त रूपमा प्रस्तुत गरेका छन् । समाजमा महिलाको स्थान, गरीब मजदुरको स्थान तिनीहरूले भोग्नु पर्ने कारूणिक अवस्था, बाध्यता, शोषण र पीडालाई विभिन्न पात्र र विषयवस्तुको माध्यमबाट सरल भाषाशैली, ठेट स्थानीय भाषामा प्रस्तुत भएका छन् । गाउँले परिवेशलाई प्राथमिकता दिदै स्थानीय, आञ्चलिक उपन्यास समेत बन्न सफल भएकाले पनि उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा स्पष्ट हुन आउँछ । समस्या र चुनौतीका बाबजुद पनि जीवनको अन्त्य सम्म पनि संघर्ष गर्न नछोडेको कथावस्तु प्रस्तुत गर्नुले लगनशिलता र परिश्रमले एक दिन समाज परिवर्तन अवस्य हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । समाजका कुप्रथा प्रति घोर विरोध गर्दै विसङ्गत पक्षको चित्रण गर्नु उनको प्रवृति भएकाले उनी समाजमा नै रहेर यिनै विषयवस्तुलाई उठान गर्दै सामाजिक उपन्यास मार्फत नै आफ्नो साहित्य यात्रालाई र आफूलाई अगाडि बढाउन तल्लीन रहेका छन् ।

अन्ततः यस परिच्छेद मार्फत के निष्कर्षमा पुगिन्छ भने समथिङले समाजमा भएका तिता मिठा, जल्दा बल्दा घटनालाई निम्न वर्गीय आञ्चलिक पात्रको प्रयोग गरी समाजको विसङ्गत पक्षलाई उद्घाटन उनका यी तीन उपन्यासमा पाइएकाले उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरामा दुई मत रहन्न ।

*

# पाँचौं परिच्छेद
## उपसंहार एवम् निष्कर्ष

रामप्रकाश समथिङका उपन्यासको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदमा 'शोध परिचय' प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा 'रामप्रकाश समथिङको औपन्यासिक परिचय' तेस्रो परिच्छेदमा 'उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन' चौथो परिच्छेदमा 'साहसी आमा, वेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन' र उनका 'औपन्यासिक प्रवृति' तथा पाँचौं परिच्छेदमा 'उपसंहार एवम् निष्कर्ष' यी खण्डमा प्रस्तुत छन् ।

२०२८ साल बैसाख २९ गते स्व. बुबा असलबहादुर र आमा जसमाया गुरुङका कोखबाट पाँचथरको नाङ्गिनमा जन्मिएका रामप्रकाश समथिङको बाल्यकाल आर्थिक अभावमा नै बितेको थियो । ८ बर्षमा मात्र बोली फुटेका उनको औपचारिक शिक्षा करिव १० वर्षको उमेरबाट मात्र सुरु भएको पाइन्छ । समथिङले विभिन्न संघर्ष र आर्थिक अभावका कारण स्नातक सम्म अध्ययन गरी अध्ययनलाई पूर्णविराम लगाएका छन् । बहु विधामा कलम चलाउने वहुप्रतिभाका धनी व्यक्ति समथिङको साहित्यक र साहित्येत्तर व्यक्तित्व महत्त्वपूर्ण छ । समथिङले नेपाली साहित्य जगतमा कथा, उपन्यास, खोजमूलक पुस्तक, मुक्तक, संस्मरण, कविता, आदि विभिन्न क्षेत्रमा कलम चलाएका छन् । यी विविध विधामध्ये उनको उपन्यास विधा निकै अगाडि देखिन्छ । एकै पटक २२ उपन्यास एकै दिन २२ प्रध्यापकबाट विमोचन गराउन सफल समथिङ गिनिज बुकमा रेकर्ड राख्न प्रयासरत छन् । सामाजिक अभियन्ता र पत्रकारितामा समेत संलग्न समथिङले विभिन्न पत्रपत्रिकामा फुट्कर सिर्जनाहरू प्रकाशित गरेको पाइन्छ । उनका हाल सम्म ४८ कृति प्रकाशित गरेको पाइन्छ । २०४८ सालदेखि निरन्तर नेपाली साहित्य सिर्जनामा लागेका समथिङका ३२ साहित्यिक र १६ ओटा खोजमूलक गरी ४८ कृति प्रकाशित छन् । साहित्यिक व्यक्तित्वमा उपन्यास विधा र साहित्यत्तर व्यक्तित्वमा उनको सामाजिक व्यक्तित्व विशेष महत्त्वपूर्ण छ ।

साहित्य यात्राको प्रथम चरणमा कविता विधाबाट सुरु भएतापनि अन्य विभिन्न विधामा समेत उनले कलम चलाएका छन् । यो उनको अभ्यासिक चरण भएतापनि उनका रचनामा तत्कालीन समय र परिवेशको सामाजिक घटनालाई विषयवस्तु बनाएर सामाजिक विकृति, विसङगति प्रति तिखो व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् । यस चरणमा पुस्तक

भने प्रकाशन भएको पाइदैन् । द्वितीय चरणमा समथिङले आफ्नो साहित्य यात्रालाई निकै अगाडि बढाएको पाइन्छ । खोजमूलक तथा साहित्यिक अन्य कृति समेत प्रकाशन गरी आफ्नो साहित्य यात्रा दर्विलो बनाएका छन् । तेस्रो चरण भने उनको उर्वर समय मानिन्छ । यो काल समथिङको स्वर्णकाल हो । यस समयमा उनले ३२ कृति प्रकाशित गर्न सफल भएका छन् । २२ उपन्यास र १० अन्य कृति प्रकाशित गरेको पाइन्छ ।

आख्यान तत्त्व प्रवल भएको र जीवनका सत्य बिम्वलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास भनिन्छ । उपन्यासका सैद्धान्तिक पक्ष र विभिन्न विद्वानले दिएको परिभाषा उल्लेख गरिएको छ । उपन्यासको विकासक्रम, विभिन्न आधारमा उपन्यासको वर्गीकरण र अन्य विधासँगको तुलना प्रस्तुत गरिएको छ । गद्यमा लेखिएको, निर्मित पात्र, घटना र परिवेश आदिको उपस्थिति भएको रचना उपन्यास हो । उपन्यास तत्त्वका सम्बन्धमा विभिन्न विद्वानहरूको भिन्न धारण भएतापनि उनीहरूको तत्त्वगत धारणाका आधारबाट हेर्दा उपन्न्यासका तत्त्वहरू कथानक, चरित्र, परिवेश, उदेश्य, दृष्टिविन्दु र भाषाशैली हुन् । यिनै तत्त्वहरूलाई उपन्यासकार रामप्रकाश समथिङका उपन्यासहरूको विश्लेषण गर्ने मुख्य आधार बनाइएको छ ।

उपन्यासकार रामप्रकाश समथिङको 'साहसी आमा' २०७४ बैशाखमा अरनीको अपसेट विराटनगरले प्रकाशन गरेको प्रथम संस्करण हो । ६६ पृष्ठमा संरचित यस उपन्यासले नेपाली ग्रामीण समाजलाई परिवेश बनाएको छ । पाँचथरको इम्बुङ गाविसलाई परिवेश बनाएको उक्त उपन्यासले नेपाली वर्गीय समाजको प्रतिनिधित्व गरेको छ । समाजमा हुने अन्याय, अत्याचार, दमन, आर्थिक अभावले निमत्याउने दुर्घटनालाई यथार्थमूलक ढङ्गले प्रस्तुत गरेको छ । अन्धविश्वास, कुसंस्कार, विकृति, विसङ्गतिलाई तिखो व्यङ्ग्य गर्दै मान्छेको कुप्रवृतिको आलोचना गरिएको छ । समाजका यथार्थ घटनालाई प्रस्तुत गरिएको हुनाले उपन्यास सामाजिक यथार्थवादी बनेको छ ।

२०७४ मा नै अरनीको अपसेटले प्रकाशन गरेको समथिङको अर्को उपन्यास 'वेसहारा हो । यसमा पनि ६६ पृष्ठ नै छन् । नेपालको सुदुरपूर्वको दुर्गम ठाउँ र काठमाडौ सहरीया परिवेश बनाएको यस उपन्यासले नेपालको जल्दोबल्दो विसङ्गत पक्षको अध्ययन गरेको पाइन्छ । समाजमा भएका अन्याय, अत्यचार, दमन, शोषणलाई सहज तरिकाले प्रस्तुत गरिएको छ । पुरुष प्रधान समाज र नारीले भोग्नु परेका अप्ठ्यारा र चुनौतीको व्याख्या विश्लेषण गरिएको छ । समाजका पुरातनवादी संस्कार र कुरीतिलाई आलोचनात्मक

प्रस्तुतिकरणको रूपमा उपन्यासको कथावस्तु निर्माण भएको छ । नारीले नारीलाई गर्ने व्यवहार प्रस्तुत गर्दै नारीको बाधक नारी नै हुने कुरा प्रस्ट्याइएको छ । सोनीलाई सासु बुहारी दुवै रूपमा उभ्याएर महिला महिलाबीच हुने दमन प्रस्तुत गर्दै महिलाका हरेक पक्षको परम्परा स्वभावको चित्रण गरिएको छ । नारीले भोग्नु पर्ने सामाजिक, आर्थिक, सांस्कृतिक पक्षलाई चित्रण गर्दै सोनीको जन्म घरदेखि वृद्धाआश्रमसम्मको परिवेश प्रस्तुत गरिएको छ । समाजमा थिचोमिचो र अन्याय अत्याचारलाई हटाइ समतामूलक समाज निर्माण गर्नु पर्ने उदेश्य उल्लेख गरिएको पाइन्छ ।

२०७४ मा नै प्रकाशित उनको अर्को उपन्यास 'जित्या' हो । अरुको जस्तै ६६ पेजमा नै संरचित छ । यस उपन्यासले एउटा गरीब, श्रमजीवी, एक्लो, मेहनती मजदुरको कथावस्तु कारुणिक रूपमा प्रस्तुत गरेको छ । अभावले मान्छेलाई कतिसम्म ठग्छ र कस्तो अभावमा पुऱ्याउँछ भन्ने कुरा उपन्यासले प्रस्तुत गरेको छ । आर्थिक अभावमा पिल्सिएको रातदिन भारी बोकी सडक पेटीमा जीवन गुजारा गर्ने श्रमिकको जान्ने बुझ्ने व्यक्तिले पैसा खाएर शोषण गर्ने प्रवृतिले देशको अवस्था र राज्य व्यवस्था कतातिर ढल्कदै छ भन्ने कुरा आलोचनात्मक रूपमा प्रस्तुत भएकाले उपन्यास सामाजिक, आलोचनात्मक यथार्थवादी बनेको छ । पाँचथरको नाङ्गिनदेखि फिदिम बजारको सेरोफेरोलाई परिवेश बनाएको उपन्यास आञ्चलिक भएको छ । यौन मनोविज्ञान र विभिन्न मनोविज्ञानलाई समेत विषयवस्तु बनाउँदै मर्दा मलामी खाजा र कात्रो किन्ने पैसा समेत आफ्नो नभएको देखाउँदै नेपाली समाज विसङ्गति र आर्थिक अभावमा डुबुल्की मारी रहेको पाउन सकिन्छ । ठेट स्थानीय भाषा बोल्ने पात्रको प्रयोग गर्दै उपन्यास जिवन्त रहेको पाउन सकिन्छ ।

उपन्यासकार समथिङका 'साहसी आमा', २०७४ 'वेसहारा', २०७४ 'जित्या'२०७४ औपन्यासिक कृतिहरूका आधारमा उनका सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, विसङ्गतिवादी, आञ्चलिकता, वर्गीय पात्रको प्रयोग, प्रगतिशिलता, भय र त्रासको प्रस्तुति, सरल भाषाशैली आदि जस्ता प्रवृतिहरू रहेको पाइन्छ । उनका यी प्रवृति रहेतापनि मुख्य गरी समाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, वर्गीय पात्रको प्रयोग मुख्य प्रवृति रहेको ठहर्छन् ।

यसप्रकार समाजमा विभिन्न प्रकारका जातजाती, भेषभुषा, समाज, संस्कृतिको अवस्था आदिबारे हेर्दा उनी समाजवादी लेखक मान्न सकिन्छ । मान्छेका चाहाना, आवाश्यकता, मानवीय अस्मिता, पीडा, कुण्ठालाई प्रस्तुत गरेका छन् । विभिन्न कालखण्डमा

विभिन्न कृति सिर्जना गरेता पनि आधुनिक नेपाली उपन्यास मार्फत नेपाली समाजका सांस्कृतिक,आर्थिक, राजनैतिक विसङ्गतिका माध्यमबाट समाज सुधारको चेतनालाई अभिव्यञ्जित गरेका छन् । समाजका यस्ता विसङ्गत पक्षलाई अन्त्य गर्दै स्वस्थ, सबल समाजको निर्माणमा लाग्नु पर्ने विचार प्रस्तुत गरेका छन् । सामाजिक सेवा सँगसँगै साहित्य सेवामा तल्लीन समथिङले २६ वर्षको अन्तरालमा ४८ कृति प्रकाशित गरी सकेका छन् । यस मध्ये उपन्यास २२ प्रकाशित छन् । त्यस मध्येका पनि ३ सामाजिक उपन्यासहरू साहसी आमा, वेसहारा, जित्या महत्त्वपूर्ण कृति हुन् । यसले समाजका विभिन्न पक्षलाई उद्घोष गरेको छ । असम्भवलाई सम्भव गराउन खोज्दा धेरै कुरा गुमाउनु पर्ने हुन्छ तर निरन्तर लागे सफल हुने अपेक्षा उनका कृतिमा पाइन्छ । मान्छेलाई सब भन्दा बढी प्रभाव पार्ने आर्थिक हो । आर्थिक रूपमा कमजोर हुँदा सबै थोकमा कमजोर भइन्छ । महिलाको बाधक महिला नै हुन्छ जस्ता कुराको चित्रण माथिका विवरणमा उल्लेख छ । वर्गीय शोषण र आर्थिक क्रान्तितर्फ कृतिहरू उन्मुख रहेको पाइन्छ भन्ने निष्कर्ष निस्कन्छ ।

यसरी उनको परिचयदेखि लिएर निष्कर्षमा आइ पुग्दा उनका उपन्यासमा वर्गीय पात्रको प्रयोग, आञ्चलिक पात्रको प्रयोग, समाजका विसङ्गतिको उद्घाटन विशेष गरी नारी पात्रको मनोदशाको उद्घाटन, स्थानीय स्तरको ठेट भाषाशैली, विभिन्न कारणले समाजमा हुने अप्ठेरा, भय र त्रासमा बाच्नु पर्ने, आर्थिक अभावले निमत्याउने विभिन्न भयानक अवस्था, सभ्रान्त वर्गले निम्न वर्गलाई गर्ने थिचो मिचो, दमन, शोषण, बाल विवहा जस्ता सामाजिक यथार्थवादी धाराका प्रवृति उनका उपन्यासमा प्रसस्तै प्रस्तुत भएको कुरामाथि उल्लेख भएकाले उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा प्रष्ट हुन्छ । स्थानीय स्तरमा बसेर भए पनि उपन्यास लेखनमा निरन्तर रुपमा समथिङ तल्लीन छन् । यस्ता हस्ती समथिङका उपन्यासको अध्ययन विश्लेषण गर्नु आवाश्यक छ । यसरी सामाजिक समस्या र विकृतिलाई विषयवस्तु बनाएर समाज परिवर्तनको चाहना राख्ने यस्ता साहित्यिक हस्ती समथिङका .सामाजिक उपन्यासहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी कृति भित्र रहेका विविध कुराहरूलाई बाहिर ल्याएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गराउदैं सकारात्मक सोच विकास गर्न सहयोग पुऱ्याउने छ । साथै अबका दिनहरूमा पनि नेपाली साहित्यको बगैंचामा गुलाब झैं सुशोभित अन्य पुष्परूपी साहित्यक कृतिको सिर्जना र नेपाली साहित्यको श्रीवृद्धिका साथै विश्व साहित्यकै मैदानमा समथिङका यस्ता कृतिहरूले महत्त्व राख्दै जाने छन् भन्ने विश्वास लिएकी छु ।

## सम्भावित शोध शीर्षकहरू

रामप्रकाश समथिङका विभिन्न कृतिहरूका सन्दर्भमा आगामी समय अध्ययन गर्न चाहने शोधार्थीहरूका लागि निम्न सम्भावित शोधशीर्षक प्रस्तुत गरिन्छ ।

(१) नारीवादी दृष्टिकोणबाट समथिङका उपन्यासहरूको अध्ययन,

(२) समथिङका कथाकारिताको अध्ययन,

(३) समथिङका खोजमूलक कृतिहरूको अध्ययन,

(४) समथिङका प्रतिनिधि आख्यानहरू याक्सा भित्रका कथाहरू, सौतेनी आमा र धनबहादुर सरको अध्ययन,

(५) समाजपरक दृष्टिकोणबाट समथिङका उपन्यासको अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, प्रेमकुमारी (२०७३), ***साहित्यकार डि.बी. इलामेको 'मुलुकभित्र' उपन्यासको कृतिपरक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

अधिकारी, रेणुकृष्ण (२०६६), ***रामप्रकाश समथिङको जीवन, व्यक्तित्व र कृतित्त्व,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग इलाम ।

आङ्दम्बे, महेन्द्रकुमार (२०७३), *जगदीश घिमिरेका प्रतिनिधि आख्यानको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

***एच.के.नेपाल डट कम*** (२०७४, बैशाख २९), एकै पटक २२ उपन्यास लेखेका गुरुङ सम्मानित ।

***कोसेली न्युज*** (२०७४, बैशाख ९) २२ ओटा पुस्तक एकै पटक विमोचन गिनिज वर्ड रेकर्ड बुकमा समावेश गरिने ।

***गोरखापत्र*** (२०७३, बैशाख २०) याक्सा भित्रका कथाहरू सार्वजनिक ।

चौलागाई, नरेन्द्रप्रसाद (२०७१), ***साहित्यकार रामप्रकाश समथिङको 'मान्छेको पीडा'कथा संग्रहको अध्ययन तथा विश्लेषण,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

***तमु संसार*** (२०७४ जेठ-साउन), गुरुङ, रोशनी, साहित्यिक कृतिमार्फत अमर रहने समथिङको चाहाना ।

***तमु संसार*** (२०७३-७४ फाल्गुन-बैशाख) गौरी, तमु, मोफसलमा चम्किरहेका नक्षत्र गुरुङ, रामप्रकाश समथिङ ।

बराल, ऋषिराज (२०५६), ***उपन्यासको सौन्दर्यशास्त्र,*** काठमाडौः साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५५), ***उपन्यासको विश्लेषण,*** प्रथम संस्करण, काठमाडौः नवीन प्रकाशन ।

***लिम्बुवान समचार पाँचथर,*** (२०७२, चैत १३), लेखक तथा समाजसेवी गुरुङ रामप्रकाश समथिङ ।

समथिङ, रामप्रकाश (२०७४), **जित्या**, प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७४), ***धनबहादुर सर,*** प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७३), ***याक्सा भित्रका कथाहरू,*** प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७४), ***वेसहारा,*** प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७४), ***साहसी आमा,*** प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७४), ***सौतेनी आमा,*** प्रथम संस्क., विराटनगरः गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

सुवेदी, राजेन्द्र (२०६४), ***नेपाली उपन्यास परम्परा र प्रवृति,*** दोस्रो संस्क, काठमाडौः साझा प्रकाशन ।

*